साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ६२, कार्तिक–पौष २०७०

(प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय 'क' वर्गमा वर्गीकृत साहित्यिक पत्रिका)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**अतिथि सम्पादक**
डा. धनप्रसाद सुवेदी

**उप-सम्पादक**
यशु श्रेष्ठ

**व्यवस्थापक**
गणेशराज रिजाल

**विशेष सहयोगी**
निर्मोही व्यास
राममणि दुवाडी
हरि खनाल
शिव अधिकारी
तेजप्रकाश श्रेष्ठ
डा. कपिल लामिछाने
डा. कृष्णप्रसाद घिमिरे
डा. घनश्याम परिश्रमी
डा. विश्वम्भरकुमार शर्मा
पुष्करराज भट्ट
विद्याप्रसाद घिमिरे

**प्रतिनिधि**
रमेशमोहन अधिकारी
राममणि पोखरेल
गोविन्द ढकाल 'ढुङ्गेली'
सुशील मुडभरी
अस्मिता शर्मा
भक्त कार्की
मिलन समीर
लीलाराज दाहाल
शेखर कार्की
प्रेम प्रभात
विवेक वाइबा
रमेश समर्थन
वैरागी जेठा
बाबुराम लम्साल
तेजप्रसाद भण्डारी
हेमराज अधिकारी

**आवरण**
हेम पौडेल

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
इमेज प्रिन्टर्स
चावहिल, काठमाडौं

मूल्य : रु. २५।–

**कार्यालय :** स्वाभिमानवस्ती डुमरवाना–७, बारा, फोन नं. : ९८४५०९४८५५
**काठमाडौं सम्पर्क :** पो.ब.नं. ९१०९, काठमाडौं, फो.न : ९८५११३८६२४
e-mail : nabapragyapan@gmail.com

## नवप्रज्ञापन सभा

| | |
|---|---|
| १. माया ठकुरी, धोबिघाट ललितपुर | २. विश्वराज अधिकारी, वीरगञ्ज पर्सा |
| ३. रुकु कार्की, हेटौंडा मकवानपुर | ४. रामप्रसाद अधिकारी, सिमरा बारा |
| ५. ध्रुवकुमार घिमिरे, निजगढ बारा | ६. वीणा पोखरेल, चावहिल काठमाडौं |
| ७. पीताम्बरा 'पीयूष', कलङ्की काठमाडौं | ८. ललिता दोषी, बुद्धनगर काठमाडौं |
| ९. डा. सुषमा आचार्य, मानभवन ललितपुर | १०. निर्दोषकुमार, स्वाभिमानबस्ती बारा |
| ११. भद्रकुमारी घले, मैतीदेवी काठमाडौं | १२. हरिप्रसाद पाण्डेय, बालाजु काठमाडौं |
| १३. वासुदेव अधिकारी, सुनौलाबजार धादिङ | १४. दीपेन्द्रसिंह थापा, महादेवस्थान धादिङ |
| १५. ईशा शाह, पकनाजोल काठमाडौं | १६. भगीरथ मिश्र, दमक झापा |
| १७. लक्ष्मी शर्मा, बालाजु काठमाडौं | १८. शर्मिला खड्का दाहाल, इटहरी सुनसरी |
| १९. अनन्तप्रसाद वाग्ले, बासडोल, काभ्रे | २०. छविरमण सिलवाल, मेथिनकोट काभ्रे |
| २१. अर्जुन पाण्डे, जीवनपुर, धादिङ | २२. कार्तिकेय घिमिरे, हरिवन, सर्लाही |
| २३. पाण्डवराज कार्की, हर्नामाडी मकवानपुर | २४. राजनप्रसाद सिलवाल, छत्रेदेउराली, धादिङ |
| २५. गंगा पौडेल, कपन काठमाडौं | २६. वासुदेव श्रेष्ठ, जीवनपुर धादिङ |
| २७. केशव रुपाखेती, जीवनपुर-धादिङ | २८. निमाया कायस्थ, बन्दीपुर-तनहुँ |
| २९. बाबुरामप्रसाद पौडेल, पौराइ- रौतहट | ३०. तारा अनुरागी, घैलाडुबा-झापा |

## अनुरोध

- भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा यथाशक्य योगदान गर्नु पत्रिकाको उद्देश्य हो ।
- साहित्यका विविध विधाका रचनाहरूलाई यहाँ स्थान दिइनेछ ।
- स्तरीय, मौलिक तथा अन्यत्र अप्रकाशित रचनाको सधैं स्वागत गरिन्छ ।
- शुद्धसँग प्रिती फन्टमा टाइप गरेर पठाएका रचना मात्र स्वीकार्य हुन सक्नेछन् ।
- रचनामा नाम, ठेगाना र परिचय स्पष्ट हुने गरी लेखिएको हुनुपर्नेछ ।
- प्रकाशनार्थ प्रेषित रचनाहरू चार अङ्कभित्र प्रकाशित नभए अन्यत्र पठाउन सकिनेछ ।
- रचना स्वीकृत-अस्वीकृत तथा काँटछाँट गर्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा निहीत रहने छ ।
- अस्वीकृत रचना फिर्ता नगरिने हुँदा एकप्रति आफूसँग राखेर मात्र पठाउन सूचित गरिन्छ ।
- प्रकाशित रचनामा व्यक्त विचारहरूप्रति लेखक स्वयं जिम्मेबार हुने भएकाले सिर्जनाप्रति गम्भीर हुन पत्रिका सपरिवार आग्रह गर्दछ ।
- पुस्तक समीक्षाका लागि दुई प्रति कृति अनिवार्य रूपमा पठाउनु पर्नेछ ।
- हाम्रो साहित्यकर्मप्रति तपाईं आश्वस्त हुनुभएको खण्डमा नवप्रज्ञापन सभाको सदस्य, प्रतिनिधि वा सहयोगी बनेर सहभागी बन्न सक्नुहुनेछ ।

# सम्पादकीय

नेपालीहरूको महान पर्व दशैं भर्खरै सकिएको छ । तिहारको चटारोले छुन आँट्दैछ । दशैं, बकरइद, तिहार, नेपाल सम्वत् र छठ नेपालीहरूका शरदीय महान पर्वहरू हुन् । केस्राकेस्रामा विभक्त मनहरूलाई एकताको सन्देश प्रवाह गर्न यिनीहरूको भूमिका महत्वपूर्ण हुने कुरामा कुनै शङ्का छैन । यी र यस्तै चाडपर्वहरूले एकातिर विभक्त मुटुहरूलाई पारिवारिक स्नेहमा फर्कन सघाउँछन् भने अर्कोतिर अनेकौं तहतप्काका छातीहरूमाझ सद्भाव तथा भाइचारा चिन्तनको स्थापना गरी सामाजिक उत्थानमा सरिक हुन अभिप्रेरित गर्दछन् । यसर्थ यिनीहरूको महत्व यथास्थानमा बुझेर अगाडि कदम चाल्न सकिएको खण्डमा जो कसैको पनि प्रगति, उन्नति र उत्थान कहिल्यै टाढाका वस्तु हुन सक्दै सक्दैनन् ।

हामी नेपाली हौं । नेपाल हाम्रो मुटुको टुक्रा र छातीको धड्कन हो । यसको उत्थानमै तपाई हाम्रो (जो सच्चा दिलले नेपाली हौं) अस्तित्व अडेको छ । अझै अगाडि बढ्दा नेपालको प्रगतिमा मात्र तपाईं र म सग्लो हुन सक्छौं । अन्यथा परिकल्पना समेत गर्न सकिन्न । नेपालको भलो चिताउनु, आफ्नो तहबाट के कसरी र कति गर्न सकिन्छ भनेर सोच्नु तपाई हामी सबैको साझा कर्तव्य हो । त्यस्तो नसोची कहिल्यै केही दिने होइन पाएसम्म र सकेसम्म केवल लिनेमात्र सोच्यौ अनि सोचिरहेछौं भने हामी सच्चा नेपाली हुन सक्दैनौं ।

हामी भाग्यमानी छौं । तपाई हामीसँग सबैथोक छ । नभएको कुरा केही छैन । हो नि, भाग्यमा छ भन्दैमा डोकोमा दुध दोहेर कहाँ अडिन्छ ? यसका निम्ति त प्रयत्न गर्नु पर्‍यो नि, हैन र ? पक्कै हो । जाँगरिला, परिश्रमी र मेहनती छौं । साहसी बहादुर र विश्वसी छौं । हामीलाई संसारका कुनै शक्तिले कहिल्यै पनि हल्लाउन सकेन र अहिले पनि सकिरहेको छैन । यो सबै आदरणीय वीर पुर्खाहरूको साहसले हो । अहिलेसम्म उहाँहरूले देखाएकै बाटोबाट हिँडिरहेछौं । यसर्थ कत्रै र कुनै शक्तिसँग पनि नझुक्ने र नडराउने बल उपलब्ध छ । पुस्तौंपुस्ता पछिका तपाई हामीलाई उहाँहरूको आँट, जाँगर, जोश र उमङ्गले सधैं सधैं अगाडि बढ्ने प्रेरणा प्राप्त भइरहेको छ ।

बिडम्बना, आजका कथित जाने बुझेका र देखेसुनेका तपाई हामी इतिहास भुलेर बहकिन खोजिरहेछौं । स्वर्थको भाँडोमा पाक्न खोज्दैछौं । हामी हैन, म को भावनामा उम्लन खाज्दैछौं । त्यो सकारात्मक पाटो होइन । तथाकथित संसारलाई चिन्नु, जान्नु, बुझ्नु, छाम्नु र खोज्नु भन्दा पहिले आफैंलाई खोतल्नु र फेला पार्नु बुद्धिमत्तापूर्ण कार्य हो । त्यसैले हाम्रो ध्यान त्यता जानु जरूरी छ ।

सयौं जातजाति, भाषा-भाषी, संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज, चालचलन भएको यो सुन्दर मुलुकलाई संसारले कौतुहलताको आँखाले नियाल्छ । आँखा सकारात्मक र नकारात्मक दुवै हुन सक्छन् । कोही कसैले धमिलो पानीमा माछा मार्ने प्रयत्न नगर्ला भन्न पनि सकिन्न । सबैको आँखा एउटै हुने कुरा पनि भएन । त्यो सोच्नु समेत बेकार वा वेअर्थ हो । सबले आ-आफ्ना आँखाले संसार हेर्न र खोज्न सक्छन् । दुःख मान्नु वा अन्यथा सम्झनु राम्रो होइन । त्यसकारण पहिले हामीले आफैंलाई चिन्नु पर्‍यो । खोज्नु पर्‍यो । छाम्नु पर्‍यो । भट्टाउनु पर्‍यो । यो हो गाँठी कुरा । यति भएपछि संसारका कुनै पनि शक्तिले हल्लाउन सक्दैन र हामी बीचमा भाँजो हाल्ने पनि हैसियत राख्दैन । कागले कान लग्यो भनेर पछि-पछि दौडनु भन्दा आफ्नो कान छाम्नु नै श्रेयस्कर हो । दुःखको कुरा कस्तुरीले बिना खोज्दै भौतारिए झैं हामी पनि आफूभित्रको शक्ति पहिचान गर्न नसकेर भौतारिइरहेका छौं । बल बुद्धि अरूको लागि खर्च भैरहेको छ । आफूले आफूलाई नठम्याएसम्म यो स्थिति सधैं रहिरहन्छ ।

अन्यतिर आइपुग्दा यसो भन्न सकिन्छ साँच्चै हो हामीसँग धेरै थोक भए पनि सबै थोक भने छैन । त्यसो त हामीसँग मात्र हैन संसारका कोहीसँग पनि हुँदैन । तर हामी उनीहरूभन्दा धेरै भएर पनि खुसी हुन नसकिरहेको स्थिति छ । त्यो सबै स्वपहिचानको अभावमा भएको हो । यसकारण सर्वप्रथम आफैंलाई खोजौं, छामौं र इतिहासबाट प्रेरणा ग्रहण गरौं । बाटो आफैं अगाडि आइपुग्छ । निरासा काखी च्यापेर नबसौं । उत्साहलाई आमन्त्रण गरौं । उठौं र उठ्न अभिप्रेरित गरौं । उठेर मात्र संसार देख्न सकिन्छ । पढ्न, बुझ्न र जान्न सकिन्छ । अरूको टाउकोमा दोष थुपारेर हैन । अरूको दोषलाई सकारात्मकतामा टुङ्ग्याएर उठ्न सकिन्छ । त्यसकारण तपाई उठ्नुहोस् । म उठ्छु । अनि अरूलाई उठ्न सहयोग गरौंला । ●

# रचना-क्रम


**निबन्ध/नियात्रा/लेख**

दामोदर पुडासैनी 'किशोर'/५
माधव काफ्ले/९
गोपाल पराजुली/१३
शेखर कार्की/१५

**अनुभव र अनुभूति**

जनगायक रामेशसँग– यशु श्रेष्ठ/१८

**कथा/लघुकथा**

लक्ष्मीविलास कोइराला/२३
अर्जुन 'यावा'/२७
सारिका राई 'याद'/३१
केशरी बज्राचार्य/३४
प्रमोद गिरी/३६
होमशंकर बास्तोला/३७
विश्वराज अधिकारी/३८
हेमन्ती जोशी/३९
ईशा शाह/४२

**कविता/गीत/गजल/चोका**

हेम पौडेल/१७
मोहनबहादुर कायस्थ/३०
कृष्णविलास पौड्याल/३३
ललिता 'दोषी'/३८
अनिता लामा/४१
पिताम्बरा 'पियूष'/४९
पुन्य गौतम "विश्वास"/५०
विष्णु भण्डारी/५१
छविरमण सिलवाल/५१
सत्यम नेपाली/५२
अच्युत रिजाल/५२
लोकहरि पाण्डेय 'क्षितिज'/५३
युवराज सुवेदी/५३
घनबहादुर थापा/५४
मुक्तिप्रसाद भण्डारी/५४
प्रेम वली/५५
मिलन समीर/६०
गोविन्द ढकाल 'ढुङ्गेली'/६४

**हाम्रो भाषा/हाम्रो साहित्य**

आदर्श वान्धव/४४
कृष्णराज सर्वहारी/४५
माधव चौधरी/४५
मानबहादुर पन्ना/४६
प्रसादु थारु/४८
राजकुमार कान्छा/४८

**समीक्षा**

रामकुमार पण्डित क्षेत्री/५६
पुष्करराज भट्ट/५९

**चिठी-चपेटा**

नारायण धिताल/६१

# सोचेजस्तो होइन जीवन

– दामोदर पुडासैनी 'किशोर'

आकस्मिकताहरु नियमित चलुञ्जेल रहिरहँदो रहेछ जिन्दगी। सामना गर्न सकुञ्जेल आकस्मिकताहरुको, उर्वर बनिरहँदोरहेछ जिन्दगी ।

हुम्ला, तिमीलाई भेटेर फर्केपछि अलि फरक बनेको छु। फरक सोचाईमा परिरहेछ। फरक व्यवहारमा परिरहेछ । एउटा भेटले परिवर्तन ल्याउनसक्छ धेरै कुराहरु। तिमीलाई पाउने उत्कण्ठाको प्यास मेटेपछि कयौं प्रश्नहरु तरबर्र उम्रिरहेछन् मेरा बाटाहरुमा ।

प्रकृतिबाट प्रकृति चलेको हेर्न चाहन्थें म । कृतिबाट प्रकृति नमासेको हेर्न चाहन्थे म । तिम्रो माया हिउँजस्तै सेतो होस्, विनादाग र विना स्वार्थको। मान्छेहरु मान्छे जस्तै होउन् । जीव र वनस्पतीहरु जस्तो हुनुपर्ने त्यस्तै होउन् । हावा, पानी, माटो, घाम, आगो, आकाश सबै सबै स्वरुपमै होउन् । अरु अरु त बिटुलिसके सबैतिर । तिमी भने निख्खर तिमी मात्र भेटुँ – यही अभिप्राय थियो तिमीतिर अघि बढ्दा ।

सोझी, तर, साङ्लोमा बाँधिइरहेकी भेटें मैले तिमीलाई। एक्ली, तर, युगौंयुगदेखिका लेउले ढाकिइरहेकी भेटें मैले तिमीलाई । भोकको ज्वालाले बेसरी रन्थनेकी रहिछौ तिमी। तर, जात र भातका, उच र निचका, रङ्ग र ठाउँका, धर्म र जन्मका झ्याउ र घुसनघासनले अल्झाइरहेका रहेछन् बेसरी, ज्ञानको बिउ छर्नुको सट्टा, विज्ञानको रङ्ग कोर्नुको सट्टा किन तिमीलाई रुढ र रङ्गहीन बनाए समयमा उभिएका सिलिङमिलिङहरुले आफ्नै स्वार्थका भकारी भर्न कूकल्पनाका बिउ छर्नेहरुले किन ठाडो पारिरहे टाउको – म बेसरी भाउण्डिएँ तिम्रो स्पर्शमा ।

समय अघिपनि थियो पछि पनि रहनेछ। समयका सारथीहरुले कुविचारको विस्कुन सुकाइरहे भने कति नराम्ररी अल्झन्छन् वस्तु र व्युँझाई, तिमीलाई भेटेपछि बुझ्दैछु म ।

तिम्रा अङ्ग अङ्गमा अन्धविश्वास थोपरिदिए केही मान्छेहरुले, तिमीसम्म पुग्नै छोडेर टाढैबाट कहाली लाग्दो र दुर्गम संज्ञा भिराइदिए परत्रका स्वघोषित ठालूहरुले । निस्सङ्गको, आरोप लगाए । निस्पन्दको पगरी भिराए । निस्याइलो र निस्सारको कथा बुनिदिए तिमीमाथि । मोति झिक्ने प्रयासनै नगरी अस्मेल समुद्रको आँकलन गरिदिनु कत्रो न्याय ? संभावनाका खानी खनिजको खोजनै नगरी अजङ पहाडको डङ्का फिंजाइदिनु कस्तो बिसिद्धिपन। तिम्रो नीलाम्बर भेषको स्पर्श पाउँदा उनीहरुप्रति थाम्नै नसक्ने टीठ पलाईरहेछ म मा ।

'सोचेजस्तो हुन्न जीवन
संझेजस्तो हुन्न जीवन
जस्तो भोग्यो उस्तै हुन्छ
देखेजस्तो हुन्न जीवन'[१]

बिहान हुमाने खोलाको झरनासँग तरङ्गित भइरहेको बेला तारादेवीको आवाजले झरनालाई बोल्न बाध्य पारिरहेथ्यो। जीवन सोचेजस्तो पनि होइन, संझेजस्तो पनि होइन र देखेजस्तो पनि होइन बरु भोगेजस्तो पो हो भन्ने निष्कर्ष थियो गीतको। तर, भोगेर पनि कहाँ ठम्याउन सकिंदो रहेछ र जीवनलाई । तिमी नभेटुञ्जेल बेग्लै अड्कलमा चिन्न

१. गायिका तारादेवीले गाएको गीत

खोजेंथें मैले । भेटेपछि चिन्नुको खुल्दुली चढिरहेछ । रुप, रङ्ग, लहर, गति स्पर्श, अनुभूति जे जे को माध्यमबाट खुट्याउन खोजें तिमीलाई, तिमीलाई चिन्न अझ धेरै बाँकि हुँदोरहेछ ।

मान्छेको जिन्दगी जत्ति मूर्त हुँदोरहेछ, त्यो भन्दा बढी अमूर्त हुँदोरहेछ । मूर्त र अमूर्तको दोसाँधमा तिमीलाई नियाल्ने मेरो अभियान जारी छ जिन्दगीको मजा जिन्दगी भेट्नेलाई मात्र थहा हुन्छ भन्ने तथ्य तिम्रो काखमा जिन्दगीका न्याना र कठ्याङ्ग्रिदा अनुभूति भेटेपछि मात्र बुझ्दैछु म ।

रसायन र रागले फतक्क गलेको शरीरलाई आयातित बस्त्रले ढपक्क ढाक्छ मेरो प्रदेश । पीरनै पीरको तापले मरिचझैं चाउरिएको अनुहारमा नानाथरिका लोसनले टल्काउँछ मेरो प्रदेश । तिम्रो आङ्मा कपडा होइन कपडाका नाममा जीर्णताको प्रदर्शन छ, पेटमा अन्न होइन, अन्न नामको नमूना यदाकदा ओर्लिरहेछ । तैपनि, निख्खर हिमाल र तिम्रो शरीर दर्शन उस्तै उस्तै लाग्दैछ, तिम्रो मुस्कानको सामु लज्जाउँदैछन् घाम र जूनहरु । सुखीनै खुशी होइन रहेछ, आफ्नै धरतालमा 'आफू' भएर बाँच्न पाउनुजस्तो खुशी अरु केही रहेनछ ।

मैले सोचेथें – अप्ठ्यारो, पीडा र अन्यौलको अर्को नाम हो जिन्दगी । तिमीलाई भेटेपछि लाग्यो- सरलसँग बाँच्न खोज्ने हो भने जिन्दगी जत्तिको आनन्दी अरु केही छैन । 'म तिमीलाई मेरो दिमागबाट बाहिरिन दिन्न'[२] भन्ने गीतमा धेरैपटक उफ्रिएको देखे मैले काइली मिनोगलाई । 'प्रेमकोलागि मरिरहत्ते गर्छु'[३] भनेर सम्पूर्ण शरीर कम्पायनमान बनाइरहेकी वियोन्सेको अनुहारलाई कयौंपटक नियालें मैले । गीतार र ड्रमसेटका तामझाममा कयौंरात चिच्याइरहेका छन् पश्चिमतिर पिङ्क ल्फोइड ब्याण्डका हस्तिहरु । ब्लुज, पप, रक, रक एण्ड रोल, हिप हपले डङ्का फिंजाइरहेछन् यतिखेर संसारभरि । तिमी एक्लै देउडा गाइरहिछ्यौ, देउडा नाचिरहिछ्यौ । जिन्दगीका अनेकौ पाटाहरु, भीरहरु, काला बादलहरु, कञ्चन झरनाहरु समवेत स्वर बनेर उठेकाछन् देउडामा । जीवन स्वप्निल, सम्मोहक र स्पृहा बनेर उभिएको छ तिम्रो देउडा र नृत्यमा, तर, हल्लाखोरबाट टाढै रहनु केही नहुनु हो भनिरहेछ परतिरको संसार । च्यानल सर्फिङको चक्करभित्र नघुस्नेहरुलाई केही हुनुको गणना भित्र नपार्न लागिपरिरहेछन् एकथरि ।

हिउँनै हिउँको हुससुस्साइभित्र बैंस हल्काइरहेकी भेटें मैले एकदिन मस्कोलाई । हिउँकै हङ्गामाभित्र तातो जिन्दगी जुर्मुराइरहेकी भेटें मैले एक रात जर्मनीका बर्लिन र म्युनिखका मनहरुलाई । हिमबर्षाकै कपासे तरङ्गभित्र छमछम नाचेझैं साँझ बिहान केही नभनी टोकियो, ओशाका, साइतामा र नारिताका कुना कुनामा तातो स्पर्श दिदैं हिंडिरहे मसँग युकी, मोचिदा र सचिको सुनेकावाहरु । हिउँले ढाकिएको घरभित्र मुसुमुसु मुस्काइरहेकी भेटेंथें एक मध्यान्हमा मोनालिसालाई । 'तिनीहरु जस्तै त होउली तिमी पनि'– सोचेथें मैले । तिमी त नीलो हावाको कोरस धूनमा कम्मर मर्काइरहेकी रहिछ्यौ । चकमन्नता रहेछ तिम्रो वरिपरि, तर, एकनासले बजिरहदो रहेछ नूपुरध्वनी । आकृतिविना मार्चपास गरिरहदो रहेछ हावाले । हावाकै उन्मत्तता छोप्न खुर्मुरिदो रहेछ हिउँ, र, हिउँकै भड्खालाहरुबाट छिर्दो रहेछ ज्वालमुखी बोकेको घाम । खन्दै भत्किदै, भत्किदै खन्दै गरिएका गोरेटाहरु हिमवर्षाले पुरिएको बेला चौंरी, भेडा र मान्छेहरुको पदचापले चुरुम चुरुम गर्दा विटल्सका गीतहरु र मोत्सार्टका सँगीतहरुपनि फिका फिका लाग्दोरहेछन् । बारी, वन, विरुवा, भीर, नदी, घर, चरन, उकालो, ओरालो जतासुकै हिउँको श्वेतरङ्गले शोभित बनाउँदोरहेछ जिन्दगीलाई र विस्तारै शान्त पार्दोरहेछ भोक, शोक र

---

२. कान्ट गेट यु आउट अब माइ हेड' – काइली मिनोगले गाएको प्रसिद्ध गीत ।

३. क्रेजी इन लभ'– वियोन्सेको प्रेमपूर्ण गीत ।

रोगलाई । चिसोभित्र तातो बचाइरहनु र तातो भित्र चिशो सँगालिरहनुमा सार्थकता रहँदोरहेछ जिन्दगीको ।

हिउँ हर्ष हो रहेछ । हिउँ घाउ, दुर्घटना र असमञ्जस पनि हो रहेछ । तर धेरैबेर टिकिरहँदोरहेनछ हिमपीडा । हिउँले उधुम मच्चाएको बेला टाक्सिंदो रहेछ गति । हिउँसँगै पौठेजोरी खोज्दै घाम छिरेपछि फेरि पलाउन थाल्दोरहेछ जिन्दगीको ज्योति । हिउँबाटनै गति र ज्योति निकाल्न सक्नेहरु मात्र बाँच्न सक्तारहेछन् सूर्यमूखी जिन्दगी ।

धेरै मान्छेहरु आराक, निगार र भिङ्गिन टिको मातमा जिन्दगीलाई गिजोलिर हेछन् । मैले घोडमच्चा चियाको सुर्कीसँगै घरिघरि भेटिरहेछु नवीन तरङ्ग । इन्द्रेणी हावामा जाग्रत बनोस् गति यही अभियानमा छु म तिम्रो संसर्गमा ।

लोलाउन बाध्य छु म तिम्रा स्पन्दनहरुमा । हिमकणयुक्त हावाको गतिमा आवेग मिसाइरहेछु मैले ।

तिम्रा ओठ, आँखा र निधारको स्पर्शमा फराक फराक बन्दैछ क्षितिजको परिधि । हिउँ, आँधी, हूरी, भोक सबैलाई सहज लिने मान्छेहरुसँग सम्पृक्त हुँदा छुरो अन्धकारमा पनि हाँसिरहेका हिमालहरुझैं पाउँछु म आफूलाई ।

जे हो भन्यो त्यो मात्र होइन जीवन । जे होइन भन्यो त्यो मात्र पनि होइन रहेछ जीवन – त्यो तिमीसँगको चुम्बनपछि बुझेको मैले । अरुले बनाएका दर्शनले केही त सघाउँछन् पाइलाहरुलाई । जिन्दगी हरेकको आ-आफ्नै ढङ्गको हुन्छ । त्यसैले हरेकले छुट्टै जीवन दर्शन नबनाई सुख्खै छैन । आफ्नै जीवन आफ्नै दर्शन हुन्छ भने अरुभन्दा ठूलो सानको के अर्थ ? अरु भन्दा नजिक टाढाको के अर्थ ?

खोजेजस्तो होइन जीवन । भेटेजस्तो होइन जीवन ।

संसार डरले काँपिरहेछ । डरहरु कर्णालीसँगै बगाएपछि बढ्ने नै भयो आत्मसन्तोषको उज्यालो । तिमीमा भोक छ, रोग छ, अभाव छ भनिरहेछौ हामी, तिमी तिनीहरुसँग नडराउदै ठमठमती अघि बढिरहेछौ । अब्राहम मास्लोको आवश्यकता सम्बन्धी सिद्धान्ले मात्र घेरामा पार्न सक्तैन तिम्रा आवश्यकताहरुलाई । तिम्रा आवश्यकता र पूर्तिका सिद्धान्तहरु तिमीलेनै बनाउन जरुरी भैसक्यो । अरुले बनाएर हुन सक्तैन केही ।

थोमस माल्थसले जनसंख्या ज्यामितीय र खाद्यान्न अंकगणितीय ढङ्गमा बढ्छ त्यसैले जनसंख्या वृद्धिमा पर्खाल लगाइहाल्न सुझाव दिए झण्डै अढाइसय वर्ष अघि । तिम्रा अङ्ग अङ्गमा पुटुपुटु पोटाइरहेका पर्यटनका संभावना, जडीबुटीका संभावना र जलराशीको संभावनालाई सल्बलाउन दिने हो भने असफल हुन्छ माल्थसको कहावत । बरु झिकाउनु पर्छ असंख्य जनराशी दूरदरजका प्रदेशहरुबाट ।

तिमी मेरी प्रेयशी हौ हुम्ला । जिन्दगीमा चरम तृप्ती कहिल्यै हुनु हुँदैन, चरम तृप्तीको लक्ष्यमा अघि बढिरहनु मात्र पर्छ भन्छु म । जिन्दगीका डरहरुबाट मुक्ति पाउने अभिप्रायले धर्म, वाद र रीति निर्माण गरिरहेछ मान्छेले । तिनै धर्म, वाद र रीति भयङ्कर बनेर माखेसाङ्लोमा पारिरहेछन् समाजलाई ।

साम्यवाद, समाजवाद, धर्म, ईश्वर सबै मान्छेलाई सुगम बाटोमा हिंडाउन उभिएको दावी गर्दछन् तर, ती सबैबाट भयभित छन् मान्छेहरु । मान्छे नडराउन प्रकृतिको काखमा केवल मान्छे बनेर बाँच्न र बढ्न पाउनुपर्छ मान्छेले । केन्द्र भत्किएको, हाइरार्की तोडिएको र सबै घटनाहरु घट्दा विनिर्माण हुने ज्याक डेरिडाका घोषणा होस् वा ईश्वर मरिसकेको नित्सेको घोषणा होस् अथवा वर्गसंघर्ष विना उपलव्धी हासिल गर्न गाह्रो पर्ने मार्क्सको दर्शन नै किन नहोस् इँटा बनाउने साँचोमा माटो राखेझैं ठ्याक्कै मिल्न सक्तैन तिमीलाई । त्यसैले तिमीलेनै जन्माउनु पर्छ आफ्नै गर्भबाट नयाँ गान्धी, मार्क्स, बुद्ध,

थोमस हब्स, थोमस ब्राउन, आइन्सटाइन, जेम्सबैाट, लुइस पास्चर, ब्लाइज पास्कल, अल्फ्रेड नोवेल, आर्कमिडिज, ग्यालिलियो र न्यूटनहरु । तिमीले फाल्न सक्नुपर्छ ईश्वरको नाममा मान्छेनै मान्छेभन्दा ठूलो सानो बनाइरहेको संस्कारलाई । फाल्न सक्नुपर्छ मान्छेले मान्छेलाईनै छुन नहुने, मान्छे मान्छेकै धारा, पँधेरा, घट्ट, ढिकी जाँतो बाटोघाटोको फरक रीतलाई । सबै मान्छेहरु हृदयदेखिनै चरा र पुतलीजस्तै फुर्फराएर कुममा कुम जोडेर हिंड्न पाएको दिन र फूल जस्तै सँगै बसेर मुस्कुराउन सकेको दिन साँच्चै कमनीय सौन्दर्य भरिन्छ तिम्रो अनुहार र मन भरि ।

आफैले सम्भालेको र अघि बढाएको जिन्दगी जत्तिको भरिलो अरु केही हुन सक्तैन । तिमी आफ्नै खुट्टामा उभिएको क्षण समयको सुसेलीसँगै जुर्मुराइरहेका पाउनेछु म तिम्रा अङ्ग अङ्ग ।

नीलो आकाश, नीलो पहाडहरु, नीलो नदीहरु, नीला झरना, नीलो कुहिरो, नीला साँझ बिहान र नीला घाम जूनले तिमीभित्र उद्रेक देख्छु म । तिनीहरु उद्यत छन् जिन्दगीको संभावनाका नीला मार्गचित्रहरु कोर्नमा ।

तिमीलाई बुझ्दै नबुझी तिम्रो बद्ख्वाईं गर्नेहरुसँग रुष्ट छु म, जसरी जिन्दगीको मर्मनै नबुझी जिन्दगीलाई निस्सारको पोखरीमा धकेल्न खोज्नेहरु प्रति जाइलाग्छ मेरो चेतना । समाजका टाठाबाठा भनौदाहरु स्वघोषित नेताहरु र धमिलो पानीमा माछा मार्न चम्कने कर्मचारीहरुबाट पनि टाढै रहनुपर्छ भन्छु म तिमीलाई । तिम्रै सोझो र सरलपनको फाइदा लिएर तिमीलाईनै सधैं कालकोठरीमा कोच्न उद्यत छन् तिनीहरु । किराका टोकाइहरुबाट बच्न नसके, काँडा, डाँडा र खोंचहरु नाघ्न नसके जिन्दगीको पनि के अर्थ ।

जिन्दगीको सबैभन्दा ठूलो दुर्घटना मृत्यु हो । यो अन्तिम शत्रु पनि हो जिन्दगीको । मृत्यु नहुने हो भने बेकार बन्थ्यो जीवन । मृत्युको सम्पृक्ततामा सुन्दर जीवन खोज्नुपर्छ तिमीले अब । मायामा घृणा पलाउन सक्छ, घृणाबाट माया फैलाउनु पर्छ तिमीले अब । म तिमीबाट झरेका, खसेका र लडेका मृत्युजन्य अन्वितिहरुबाट पनि जीवनका सुन्दर पानाहरु कोर्ने अभियानमा उचालिइरहेछु ।

ओ, मेरी प्रेयशी ! ओ मेरी आशाकी स्रोतस्विनी !! तिमीसँगको प्रेममा एउटा मादकता फैलेको छ मेरो मनभरि । तिमीलाई पाउँदा धेरै कुरा पाएको ठान्दैछु म । तिमीलाई पाएपछि मलाई कुनै स्वर्गको आवश्यकता छैन, कुनै अर्को सुख र खुशीको पनि जरुरत छैन । तिम्रो पवित्रतामा कसैको गिद्धेदृष्टि नपरोस्, तिम्रो माया गर्ने तौर तरिका सधैं यस्तै रहोस् पवित्र अर्ग्यानिक । तिमीलाई भेटेपछि कयौं कितावका ज्ञान भन्दा बढी खुल्दैछन् रहस्यहरु । म तिम्रा रहस्यहरुमा जीवनको अर्थ र परिभाषा केलाइरहेछु ।

साँच्चै विषको हरक नपरेको प्रेम जत्तिको मीठो अरु केही हुनै सक्तोरहेनछ । तिमीलाई छोडेर हिंडेपछि उदीतनारणको स्वर सापट लिएर एउटा गीत गाइरहेछु

'तिमीलाई देखेर आँखा त्यहीं छोडी हिंडे म

त्यही छोडी हिंडे म

तिमीलाई देखेर आँखा त्यही छोडी हिंडे म'[४]

तिमीसँग भेट हुँदा र हाम्रो प्रेमको गाँठो कसिंदै जाँदा झन् झन् फरक र चाखलाग्दी पाउँदै आएको छु तिमीलाई । क्षण क्षणमा नौलो बनिरह्यो भने, क्षण क्षणमा मीठो र कौतुहलपूर्ण बनिरह्यो भने स्वप्निल बनिरहँदोरहेछ जिन्दगी र प्रेम । हरेक क्षण रुप, रङ्ग र ढङ्गमा फरकपन भेटिरहेछु मैले तिम्रा आनिबानिमा । तिम्रा रङ्ग ढङ्गका फरक लहरहरुलाई लोभिंदै मीठो र मायालु बन्दै गइरहेछ मेरो जीवन । तिमीभित्रको रहस्य मेरो बाँच्ने अर्थ बन्दैछ अब ।

आखिर, सोचेजस्तै होइन रहेछ जीवन ।

---

४. गायक उदीतनारायण झाद्वारा गाइएको गीत

# एउटा पत्र : अन्तरमनका यात्रीलाई

– माधव काफ्ले

खै ? कहाँबाट सुरु गरुँ !लेख्न त बसें तर टुङ्गाउन सकुँला झैं लाग्दैन ।

पहिले,पहिले त खुबै चिठी लेखिन्थ्यो ।सम्पादकहरुको नाउँमा । लेखकहरुलाई । त्यतिवेर जोश पनि थियो स्मृति भरी,जाँगर पनि थियो आँत भरी,उर्जा पनि थियो शरीर भरी ।ढिलै भए पनि पत्र मञ्जुषामा खसाले पछि प्रापकको हातमा पुग्दथ्यो ।अहिले कुरियरको सेसन्तर सुरसा बनेर फिंजिइरहेको छ र चिठी जति खसाले पनि खाइ मात्र रहन्छ,पुर्याई दिँदैन ।उसको हन्तकाली स्वभाव, विद्युतीय सञ्चारको उद्भव र तीब्र विकासले गर्दा चिठी चपेटाहरु एकादेशका कथा बन्न पुगिरहेका छन् ।

म अहिले त्यही एकादेशको कार्यबाट आफ्ना लिखुरे कथनहरुको फेर समाएर अगाडि बढ्दै छु ।

केवल रामेछापमा जन्मनु भएको कारणले पनि होइन ।रामेछापमा त सहस्रौं सम्भावनायुक्त प्रतिभा जन्मेर आफ्नो पहिचान वेगर नै धूलो पनि चाटी सकेका छन् । न त तिनीहरुको कुनै संस्मरण योग्य इतिहास नै छ,न त कुनै आदर्शयुक्त वर्तमान । जन्मने पैसा कमाउने र भोग बिलासको आहालमा चुर्लुम्म डुबेर उचालिनेहरुलाई छोरा ,नातिहरुले संझेर तर्पण,पिण्ड-पानी करबल देलान बस् त्यत्ति हो ।न त अरुले सरोकार नै राख्तछन्,न त संझने नै गर्दछन् ।

सम्भ्रान्त परिवारमा हुर्के बढेको नाताले पनि होइन । अभर परेको वेलामा अरुलाई चुन, दमडी दिन पनि नचाहनेहरु जतिसुकै सम्भ्रान्त र सम्पन्न भए पनि तिनीहरुलाई संझने होइन सराप्ने गरिन्छ ।

ठूलठूला पदमा जागिर खानु भएको । उच्च पदस्थ व्यक्तिहरुसंग हिमचिम र उठबस पनि भएको । गैरसरकारी संस्थामा दरो पकड भएको । आफ्ना हुतिहारा वेरोजगार छोरा-बुहारीहरुलाई यसो भनसुन गरी कतै अल्झाइ दिनु पो हुन्छ कि भन्ने आशा अथवा लोभले पनि होइन । नेपाली साहित्यमा आशा लाग्दो सम्भावनाको चहकिलो, किरण बोकेर दरो उपस्थिति,स्तर र योगदानको कारणले गर्दा निकै लामो समयदेखि मेरो मनमा श्रद्धा चुल्ठिएको र आदर उम्लँदै छ । झन माइलोमा भन्ने पिशाचले थिचेर फत्र्याक, फत्र्याक पर्दै थला पर्नु र त्यस्तो कारुणिक तथा नाजुक स्थितिमा पनि अलिकति समेत बिचलित नभइ, नआत्तिइ, हरेस नखाइ अन्तरमनको यात्रा जस्तो संवेद्य, सुरुचीपूर्ण कालजयी कृति रचेर भर्खरै बाटो पहिल्याएर बामे सर्न खोज्दै गरेको नेपाली साहित्यलाई समृद्ध तुल्याउन पु-याउनु भएको प्रेरणादायी योगदान देखे पछि,सुने पछि,पढे पछि श्रद्धाका असंख्य लहरहरु मन,मस्तिष्क भरी छताछुल्ल भएर उर्लिरहेका छन् ।

बिशेषतः तपाईंका साहित्यिक र साहित्य इतर आलेखहरुमा प्रस्तुत कौमार्य शैली सम्प्रेषण, व्यङ्ग्यात्मक-रसात्मक-रोचक र मर्मस्पर्शी यथार्थवादी प्रस्तुतिको गहिरो छापका आला खाटाहरु अहिले पनि स्मृतिको कोलाजमा ताजै छन् । बिषय, प्रसंग वा घटना बक्त्याउने जादूगरी कला र सरल भावाधिव्यक्तिको बहुअर्थी सीप देखेर लोभले धेरै पटक मेरो मुखमा पानी पनि आएको छ । रचनाहरु पढ्दा घटनाहरु अन्यत्रका नभएर आफैंले देखेका, सुनेका र पढेका अनि भोगेका लाग्ने हुनाले पनि मन एक किसिमको खुसीले फुरुङ्ग हुन पुग्दथ्यो । तिखा-तेजाबी लेख र शब्द चित्रको माध्यमबाट विसंगतयुक्त

पूँजिवादी पाखण्ड, धूर्तताको चिरफार गर्दै विकृत प्रवृतिहरुको धज्जी उडाएर लुटाहा, चुसाहा, मानवद्रोही चरित्रको पर्दाफास गर्दै तथाकथित प्रजातन्त्रको आडम्बरी प्रवाहलाई नङ्ग्याउने खरो शैलीले नयाँ बाटो देखाए झैं लाग्दथ्यो । दार्शनिक, सैद्धान्तिक एवम् सामाजिक सत्यका गम्भीर पाटाका साथै विसंगति,विडम्बना र तमाम अवैज्ञानिक मानव बिरोधी धार्मिक,सामाजिक,राजनैतिक र वैचारिक बिचारले अज्ञानताका धेरैअंध्यारा पक्षहरु देखाएर अगाडि बढ्ने हौसल्ला प्रदान गरे झैं लाग्दथ्यो । प्रस्तुतिमा खै ? कस्तो सम्मोहन शक्ति थियो पढ्दा बीचमा छोड्नै मन लाग्दैनथ्यो । त्यसमा पनि तामाकोसी सेवा समितिको माध्यमबाट अभाव,अन्यौल र अनिकालले निचरेका रामेछापका दरिद्र वर्गको आयस्तर उकास्न गरिएका बिभिन्न दीर्घकालीन कार्यपारायण र बिशेषत :स्वच्छ खाने पानी, स्वास्थ्य, शौचालयका साथै गरिवी निवारणका प्रभावशाली कार्य देखेर मनभरी श्रद्धा, स्मृतिभरी आस्था उम्लिरहने हुनाले रोमरोममा खुसी छचल्काएर पुलकित हुन पुगिरहेको थिएँ ।

नेपालको धेरै पिछडिएको भू-भाग कर्णाली प्रदेशलाई ठानिन्छ । भौगोलिक बिकटताको कहाली लाग्दो कारणले गर्दा कर्णालीको व्यथा सुन्यो कि आँखाबाट आँसु खस्न थाल्दछ । फ्याङ्ला बाटाहरुमा खंजाहा सबारी साधन गगनभेदी धूलोको कुहिरी मण्डल सुरुङबाट निसासिंदै दौडनुलाई बिकास नमान्ने हो भने कर्णाली प्रदेशको जस्तै दुरावस्थाको भाङ्ग्रो ओढेर घिस्रिरहेको थियो रामेछाप पनि । भोकमरी, अनिकाल, महामारी र खडेरीले खङग्रङ्ग पारेको यहाँको जनजीवन आज पनि दारुण र कष्टकर देखिँदैछ । दैवी प्रकोपको बर्बर लपेटामा बेरिएर वर्षौनी सयौंको सङ्ख्यामा अकालमृत्यु खेप्न विवश बनेका असहाय रामेछाप बासीका दारुण कथा सृङ्खला कारुणिक र हृदयबिदारक देखिदैछ अझै पनि । सरकार सिंहदरवार भित्र गान्धारी बनेर बसेको छ। राजनीतिज्ञहरु धुन्धुकारी बनिरहेका छन् । मदारी बनेका राष्ट्रसेबकहरु र शकुनी बनेका नीति निर्माताहरुको एकलकाँटे बक्रदृष्टि र पीपलपाते पैशाचिक चरित्रले गर्दा अन्यौल, अभाव र अराजकताको भुँवरीमा बेरिएर आकाशको फल ताकी हिरिक-हिरिक गर्दै परान धान्न छट्पटिइरहेका निम्सरा नागरिकहरुको विषादयुक्त सुस्केरा, विरहयुक्त व्यथा, वेदनामय अवस्थाको कारुणिक चीत्कारले छियाछिया बनाइरहेको देख्ता लाग्दछ-मानौं साराका सारा विपत्ति, व्यथिति, व्यभिचार र विसंगतिको चक्रावातमा गुँडुल्किएर दीनहीन मानिसहरु गन्तव्यहीन हुँदै फन्फनी घुमिरहेका छन् । भौतिक उपलब्धिहरुका मनमुग्धकारी रमझम गृष्मकालीन टुक्रे वादलका बतासे लहर जस्तै माथि माथि गगनमा एकछेउबाट झल्याक्क झुल्किएर क्षितिज पारि पुगेर विलिन हुन थालिरहेका छन् । भूपति र भूमिपतिहरु, विज्ञ र विशेषज्ञहरु, चिन्तक र विश्लेषकहरु, शिक्षित र सम्भ्रान्तहरु विपन्नताले चर्चरी चिरिएका बीभत्स खाकाहरु तेर्स्याएर, तन्क्याएर, तारेर तनतनी चुसिरहेका छन् । रामेछापको उन्नति र प्रगतिका कागजी डोब माथि आलिशान महलहरु ठड्याएर अजीर्ण हुने गरी उग्राइरहेका छन्, शहरतिर । विकासको बजेट चाहिँ,विकास बापत आउने रकम चाहिँ शहरमैं पँजनी हुने प्रथा वर्षौं वर्ष अघिदेखि ढलिमली गरिरहेको थियो । त्यस्तो दारुण स्थितिमा आशाको चहकिलो ज्योति सल्काउँदै स्थापना भएको देखियो तामाकोसी सेवा समिति । यसको उदय पश्चात बिशेष गरी कोसी किनाराका बिपन्न वर्ग, जाति र समूहलाई लक्षित गरी गरिवी निवारण र आधारभूत आवश्यकताका तात्कालीन साधन, स्रोत उपलब्ध गराउन यसले गरेको प्रेरणादायी र प्रभावशाली सत्कार्यका माध्यमबाट निमुखा वर्गको आयस्तर उकास्न गरिएका प्रयत्नहरु साँच्चीकै उदाहरणीय र उदेक लाग्दा सपना सरहका थिए । पुस्तौं पुस्तादेखि कोसीको प्रदूषित पिउने पानीबाट मोक्ष हुन पुगेका गढतीर बासी माझी, हायू, कसाई र तामाङ आदि जातिका धेरै मानिसहरुले तासेसको उदय, अनुदान पश्चात तिलश्मी शैलीमा काँचुली फेरेर सम्पन्न हुनुको त होइन मान्छे हुनुको गर्व वोधले निस्फिक्री सास फेरेर

टाउको उठाउँदै गरेको दृष्य पटकपटक त्यो बाटोमा हिंड्दा देखेको हुनाले पनि आदरका असङ्ख्य लहरहरु छचल्काउँदै हिंडने गर्दथें । यिनै कार्य व्यापारका आधारमा जगदीश घिमिरेप्रति श्रद्धाका सुकोमल भावनाहरु अन्तश्चेतनामा गाँठो पारेर राखेको थिएँ ।

पछि अन्तरमनको यात्रा आयो । पहिले त सामान्य लेखकको रुपमा, समाजसेवीको रुपमा, खरो स्तम्भकारको रुपमा मात्र चिनेर मन पराएको थिएँ । उहाँको परिचयका आधार पनि यिनै थिए । अन्तरमनको यात्रा जस्तो महाकाव्यात्मक महागाथा पढे पछि पारिवारिक पृष्टभूमि, शिक्षा, पेशा, योगदान, उद्देश्य, दृष्टिकोण विचार र इच्छाका विविध रङ्गहरु आँखा सामु छर्लङ्ग भएर उभिन थाले । लिलाम, साबिती, अग्निसूत्र, बर्दीको संरचनात्मक पृष्टभूमि, शिल्प र प्रस्तुतिको वेजोड प्रवाहका साथै प्रभावको चमत्कारी, प्रेरणादायी मनमोहक शैली,कथनको घतलाग्दो छटा, अन्तरवस्तु र कलाले मानवीय संवेदनाको तीब्र अनुभूतिलाई सुरुचिपूर्ण पार्दै सर्वपृय बनाएको हुँदा मनलाई अत्यधिक लठ्याएर उमङ्गित तुल्याउँदै लगेपछि उहाँ प्रतिको असीम अनुराग झनझन गाढा र गहकिलो हुँदै गयो ।

यी सवै कार्य सृङ्खला हेर्दा जगदीश घिमिरे स्वाभिमानी,स्वावलम्बी र कर्मवादी, कर्मठ मानिसको रुपमा चिनेको थिएँ । जतिसुकै आपद्, विपद्, हण्डर र कष्टसंग सिंगौरी खेलेरै भए पनि विचलित नभइ आफ्नो लक्ष्मा पुगी छोड्ने कर्मवीर योद्धा, प्रभावशाली व्यक्ति, चेतना सहितको प्रतिभा भएको प्रेरणादायी मानिस हुनुहुँदोरहेछ भ्रैं लाग्दथ्यो र साहित्यलाई अन्तरहृदयबाट नै मन पराउने बहुआयामिक क्षमता भएकको मूर्धन्य साधक हुनु हो भन्ने ठहर गरेको थिएँ ।

रामेछापमा नै जन्मे,हुर्केर रामेछापलाई नै कर्म थलो बनाउने अभिलासा बोकेर हिँडेकको मान्छे भएको नाताले साहित्य पछि उहाँको योगदानको अत्युत्तम नमुना तामाकोसी बचत तथा ऋण सहकारी संस्था र तामाकोसी सहकारी अस्पताल नै प्रमाणका रुपमा सतिसालको रुख बनेर मन्थलीको पाखामा उभिइरहेका थिए । निसहाय र निर्दोष नागरिकहरुलाई मुखिया ,साहु र बैंङ्कको आनामासी एवम् चक्रवृद्धि ब्याजको राक्षसी सञ्जाल,संयन्त्रको कहरबाट मुक्त गरी थोरै ब्याजमा ऋण र धेरै ब्याजमा बचत सङ्कलन गरी आयस्तर सुधार्ने सर्वसुलभ सुनौलो माध्यम,भरपर्दो र विश्वासिलो बाटो बनाएको थियो । यही सहकारीको मुनाफाबाट सञ्चालित तामाकोसी सहकारी अस्पताल जस्तो गरीव ,अशक्त प्रति लक्षित गरी न्युनतम शुल्कमा सुकिलो सेवा र सद्भावयुक्त सुविधा प्रदान गर्ने औतारी संस्था लागेको हुनाले मन्थलीको बाटो हिँड्दा तलैबाट नमन गरेर हिँड्दथें । यो संस्था फलोस्,फुलोस् र मग्मगाउँदै फक्रियोस अनि कहिल्यै पनि विसंगतिका धुमकेतुहरुको कालो छाया परेर नथलियोस,नथाकोस् भन्ने लालसाको लेदो पनि बाक्लो बोकेर हिँडेको थिएँ मनमा ।

तर मेरा कलिला खुसी,कञ्चन उमङ्ग र कल्कलाउँदा उल्लास स्थिर भएर धेरै दिनसम्म टिकिरहन सकेनन् । उहाँ जस्तो कर्मयोगी मान्छेले तामाकेसी अस्पतालको उन्नति र प्रगतिका खातिर धार्मिक अनुष्ठानको महायज्ञ मञ्चन गरी पुराण वाचनको माध्यमबाट अर्थ सङ्कलनका लागि घुँडा टेकेर पोल्टो थाप्न कसरथ गर्न थाल्नु भएको छ रे भन्ने घटना सुने पछि खङ्ग्रङ्ग हुँदै निसासिन पुगे । आस्थाका तमाम कमानीहरु खुकुलिएर छरपट्ट हुनपुगे । याचक भएकोमा भन्दा पनि याचनाको अन्तिम तहमा उत्रिएर ट्वाक थाप्न पुग्नु भएकोमा भने सारै खेद लाग्यो । धर्म प्रति मेरो भन्नु केही छैनं । पुनर्जन्म पाउनु भएका मानिसहरुमा स्वभाविकैले धर्म प्रति आस्था बढ्छ नै । तर जगदीश घिमिरे जस्तो कर्मयोगी मान्छे होइन, स्रष्टाले धर्मलाई माध्यम बनाएर तुच्छ आकाँक्षा फलिभूत पार्न खोज्नु भएको देख्ता होइन,सुन्दा भने निकै विस्मात लाग्यो । सवैका आ-आफ्नै स्वभाव, चरित्र, विचार हुन्छन् तर कर्मकाण्डी पुराण प्रकृया प्रति मेरो घोर विमति छ । नजाने पनि, नबुझ्े पनि,नमाने पनि धेर थोर पुराण मैले पनि पढेको छु ।मेरो बुझाइ अनुसार

पुराणमा जे जे कुरा भनिएका छन् ती सवै साँचा होइनन्,छैनन् ।लोक कल्याणकारी पनि लाग्दैनन् । आडम्बरको अरिमोठे साँध खडा गरी मान्छेलाई अनिर्णयको बन्दी बनाएर कर्म पथबाट बिचलित गराउँदै दिग्भ्रमित तुल्याउने तिलश्मि आधार मात्र देखिन्छ पुराणहरुमा । धर्म भनेको चरित्र सुधार्ने एउटा खुल्ला बाटो हो ।पुण्य कमाउने,परत्र सुधार्ने,स्वर्ग जाने र पातकी कर्म चोख्याउने सजिलो माध्यम हो जस्तो लाग्दैन । धर्ती भन्दा सुनौलो स्वर्ग अन्यत्र कतै छ भैं मलाई लाग्दैन,र संवेदनायुक्त अनुभूति आनन्द भन्दा गहकिलो तत्व अरु कुनै हुन्छ भैं लाग्दैन । संदिग्ध चरित्रको कुरुप मार्गबाट आफ्ना दमित अभिलासा पूर्ण गराउन गरिने अनुष्ठान पवित्रै भए पनि देख्ता घिन लाग्ने खालका हुने गर्दछन् । निम्सरा,निमुखाहरुलाई डयाकेर ,निचरेर,रुवाएर मैमत्त हुँदै मडारिइरहने परपीडकहरुलाई पनि धर्मले चोख्याउन सक्छ भने जिन्दगी भरी अर्काको कमारो हुन रुचाउँछु तर त्यस्तो धर्म मान्न सक्तिन । फेरि पुराणका माध्यमबाट दिइने दान र लिइने रकम दुवै भरोसा योग्य हुंदैनन् । दिनेले पनि आफ्ना बर्बर -ब्यभिचार र दुराचारयुक्त कुकर्म निदानका निमित्त पुण्य कमाउन भनेर दिने गर्दछ । दमित वाशना पारायणका निमित्त अथवा चारजनाका अगाडि नाक घोक्रयाउँदै दम्भ प्रदर्शन गर्न दिने गर्दछ र लिनेल` पनि यस्ता बतासे आर्जनलाई फुपूको श्राद्ध गरेर चोखिएका देखिएका छन् धेरै ठाउँमा ।त्यसमा पनि मनकारी भएको देखाउन ठूलो रकम दान दिन भने अतिरिक्त आय हुनै पर्दछ । स्रोत नखुलेको माध्यमबाट आएको सम्पति दिन जति सजिलो हुने गर्दछ स्वआर्जित श्रम र पसिना बगाएर कमाएको रकम दिन त्यो पनि दानका निमित्त धेरै गाह्रो पर्दछ । यदि त्यसो नहुँदोहो भने समाजसेवाका धेरै कामहरु यसरी टाक्सिएर बसिरहने थिएनन् । स्व आर्जित श्रम बेच्नेहरु आजको सन्दर्भमा वर्षौंवर्ष गाँस काट्न सके मुस्किलले शहरमा एउटा लिखे टहरो ठड्याएर गुज्रानसम्म गर्न सक्दछन् । दानवीर कर्ण चाँहि किमार्थ हुन सक्तैनन् ।कसैको गाँस नखोसी,कसैको घाँटी नथिची,कसैको रगत नचुसी,कसैलाई पासोमा नपारी र कसैलाई न निचोरी,न नङ्ग्याई,न चिथोरी अतिरिक्त आयका ढोका न खुल्ने हुनाले दान भन्यो कि बमन हुन थाल्दछ मलाई ।

तात्कालिकरुपमा पुराण वाचनको पैसाले गरिवोद्धारका लागि ठूलो काम गरे पनि यो प्रवृति भने राम्रो हो भैं लाग्दैन मलाई । अपाहिज र असक्षम अल्छीहरुले गर्ने लिच्छड काम हो यो । समाजलाई गतिशील तुल्याउनको साटो यस्ता लालची कार्यले मान्छेलाई झनझन असक्षमताको मार्ग तर्फ धकेल्दै आशामुखी नारकीय जीवन यापन गर्न उत्प्रेरित गरेको देखिन्छ । दान, बक्सिसबाट पाएको लाखौं लाख रुपैंयाँ भन्दा पसिना चुहाएर कमाएको पाँच रुपैयाँको महत्व र स्वाद चाखेको पनि छु मैले निकै मीठो हुने गर्दछ ।

सहायक प्रसंग तपशील र साछीमा जो जो आए,देखिए,गए पनि तामाकोसी सहकारी अस्पताल भनेको नितान्त एउटा कर्मयोगी व्यक्तिको साधना,तपस्या,परिश्रम र पसिनाको अजम्वरी वटवृक्ष हो भैं लाग्दथ्यो । मानव कल्याणका लागि गरिने यो भन्दा ठूलो उपादान अरु के नै पो हुन सक्छ र ?परोपकारी सोचको बिरासतबाट उत्पादित,सञ्चालित यस्तै सुदीर्घ बिराट कार्यका लागि पूर्वजहरुले तमसोमा ज्योतिर्गमय भनेका हुन् नि ! हैन र ?

एउटा मान्छेले जतिसुकै चिताए पनि एउटा जीवनमा सवै थोक समापन गर्न सक्तैन ।उसले त बाटो देखाउने मात्र हो । बाँकी काम राम्रो भए आउने पुस्ताले पूरा गर्दछ । छैन भने जतिसुकै ढ्वाङ फुकेर मच्चिए पनि केही समय पश्चात खरानी बनेर फुङ्ग उड्न पुग्दछ ।

अन्तरमनका साहसी यात्रीले धर्मको तुइनमा चढेर मोक्ष हुन खोजेको देख्ता भने तीनछक परेको छु म आज ।

●

# भाषासेवी डा. हर्षबहादुर बुडामगर

– गोपाल पराजुली

हर्षबहादुर बुडामगर साहित्यसेवी, शिक्षासेवी र अनुसन्धाता हुन् । उनी नेपाली भाषासाहित्यका क्षेत्रमा नाउँ कमाएका साहित्यकार हुन् । उनको जन्म वि.सं. १९८४ कार्तिक ३ गते बागलुङ जिल्लाको गलकोट कौलेनीमा भएको हो । उनका बाबुको नाउँ भक्तबहादुर बुडामगर र आमाको नाउँ देवीकला हो ।

हर्षबहादुर छ महिनाका हुँदा उनका बाबुले उनलाई भारतको आसाममा लगे । उनका बाबु त्यतिखेर आसाम आयल कम्पनीमा काम गर्थे।उनी दुई वर्षको नपुग्दै मेसिनले रुख ढाल्दा उनका बाबुको रुखले किचेर मृत्यु भयो । कम्पनीमा काम गर्दागर्दै मृत्यु भएको हुनाले उनी १६वर्ष नपुगुन्जेल मासिक भत्ता बस्नका लागि निःशुल्क सरकारी आवासको व्यवस्था भयो । उनी आठ वर्षका हुँदा उनलाई विद्यालयमा भर्ना गर्न लगियो । त्यहाँका शिक्षकले उनलाई सानै देखेर पछि पढ्न आउनू भनी फर्काइदिए ।पछि उनी मिलिसियाका छोराछोरी पढ्ने सिलोङको विद्यालयमा भर्ना भए।उनी गणितमा अलि कमजोर थिए । पढ्दै जाँदा गणित पनि जान्ने भए ।उनले छ कक्षासम्म सिलोडमा पढे । दोस्रो विश्वयुद्ध सुरु भएपछि विद्यालय बन्द भयो । उनी आफनै घर गलकोटमा आइपुगे । गलकोटको घर जग्गा अरुले आफ्नो बनाइसकेका थिए । त्यसैले उनी आमाको गरगहना बेचेर सानो छाप्रो बनाइ बस्न थाले । उनकी आमाले गाई, भैंसी र गोरु पालिन् र जीवन निर्वाहका लागि बाटो बनाइन् । हर्षबहादुर आफना बस्तुभाउका लागि घाँसदाउरा गर्ने र आमालाई सघाउने काम गर्थे ।एक दिन उनले अखबारमा एउटा समाचार पढे र त्यसबाट प्रभावित भएर सेनामा भर्ती हुने निश्चय गरे । एकजना गल्लावालाको साथ लागेर उनी तेस्रो गोरखा राइफलमा भर्ती हुन पुगे । उनी त्यतीखेर १५ वर्षका थिए ।

हर्षबहादुरलाई बर्माको सेनामा खटाइयो । बर्मा, सिङगापुर, इन्डोनेसिया र जम्मू कास्मिरमा लडाइँको अनुभव गरेपछि उनी घर फर्किए । उनले मलायामा काम गर्दा शिक्षण तालिम लिएका थिए । घर फर्केपछि त्यसैका आधारमा गलकोटको चैतन्य मिडिल हाइस्कुलमा पढाए र उनले आर्मी स्पेसल सर्टिफिकेटअफ एजुकेशनपनि सिध्याएका थिए । त्यसको मान्यता एस.एल.सी. सरह थियो । त्यसपछि नेपालमै बसेर उनी पढन् थाले । उनले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा एम.ए. र पीएच.डी. गरे ।यसरी उनी पीएच. डी. गर्ने पहिलो नेपाली लाहुरे हुन पुगे ।

हर्षबहादुरले बागलुडको गलकोट माध्यमिक विद्यालयमा पढाए । त्यसपछि उनी पक्लिहवा माध्यमिक विद्यालयमा पढाउन थाले।पछि उनकै सक्रियता भैरहवामा भैरहवा क्याम्पस खोलियो । उनी त्यस क्याम्पसको संस्थापक क्याम्पस प्रमुख बने । हर्षबहादुर गलकोट मिडिया हाइस्कुलमा शिक्षक हुँदा डा.के.आई. सिंहका कार्यकर्ता बनेका थिए । पछि वि.सं. २०१३ मा उनले राष्टिय जनता पार्टी(एच) नामक

पार्टी खोले र त्यसका संस्थापक अध्यक्ष बने । उनलाई सानैदेखि पढ्न लेख्नमा रुचि थियो । उनमा नेपाली भाषा साहित्यका क्षेत्रमा केही गरिछाड्ने अठोट थियो । सानो उमेरमा नै उनले कविता लेखेका थिए । उनले आफनो जन्मस्थानका बारेमा लेखेको कविता यस्तो छ

चौध वर्षपहिले जुन धर्तीमा लिएँ जन्म ।

गलकोट कौलेनी फर्किदा खुशीछ आज मन ॥

अति गौरवशाली जन्मभूमि हो मान ।

त्यसैले तिमीलाई गर्छु कोटिकोटि प्रणाम ॥

उनले पहिलोपल्ट डा.के.आई. सिंहको सङ्क्षित्त जीवनी, नाममा पुस्तक लेखेर छपाए । पीएच.डी.गरिसकेपछि उनी धामाधम पुस्तकहरु लेख्न थाले । उनका प्रकाशित कृतिहरु यी हुन्

जीवनी : १. डा. के.आई. सिंहको सङ्क्षिप्त जीवनी, २. राष्ट्रका गौरव तथा नेपालका प्रथमसहिद लखन थापामगर, ३.बहुमुखि प्रतिभाका धनी मास्टर मित्रसेन थापामगर, उपन्यास : ४.अतृप्त जिन्दगीको असीमित चाहना, ५.सङ्ग्राम र शान्ति, भाषा व्याकरण :६.मगर (रोमन) नेपाली लिम्बू अङ्ग्रेजी सङ्क्षिप्त शब्दकोश, ७. मगर व्याकरणको प्रारुप, अन्वेषण :८ किरातवंश र मगरहरु एक ऐतिहासिक सर्वेक्षण, ९.मगर रमग्यार पुर्ख्यौलीको खोजीमा, १०.मगर जाति र उनका सामाजिक संस्कार, ११. राष्टनिर्माणमा शाहवंशीय राजमहिषीहरुको योगदान, १२.राजा आजको सन्दर्भमा, १३. श्री ५ ऐश्वर्य बहुमुखी व्यक्तित्व, १६. बहुआयमिक व्यक्तित्व डा.के.आई सिंह, आदि । अन्य : १७. जसका ठाडा जुँगा कहिल्यै भुक्न जान्दैनन् (रचनासङ्ग्रह), १८.जडाउरी (कवितासङ्ग्रह), अङ्ग्रेजी : १९. इज गोर्खाल्यान्ड अरियालिटी अर सिम्प्ली मिनेज ?, २०.मगर एण्ड मग्यार : इन सर्च अफ एन्सेस्टर्स त्यसबाहेक उनले नवकोपिला र सिद्धार्थ मुखपत्रको सम्पादनसमेत गरेका छन् । उनले छपाएका थुप्रै लेख रचनाहरु सङ्ग्रह गरी पुस्तक निकाल्न बाँकी नै छ ।

नेपालको साहित्य, शिक्षा र अनुसन्धानका क्षेत्रमा योगदान गरेबापत उनले मास्टर मित्रसेन थापा स्मृति पुरस्कार, कृष्णबहादुर आलेमगर स्मृति समाजसेवा पुरस्कार, अनुसन्धान पुरस्कार, गोपाल पाँडे असीम पुरस्कार, रत्न श्रेष्ठ राष्ट्रिय पुरस्कार र भद्रकुमारी घले व्यक्तित्व पुरस्कार पाएका छन् । उनी हिमाली महिला क्लब, जनमुक्ति सेना कल्याण संघ, सत्य साई केन्द्रीय परिषद् नेपाल पक्लिहवा माध्यामिक विद्यालय भैरहवा, भैरहवा बहुमुखीक्याम्पस, मगर समाजसेवा केन्द्र, बिटिस गोर्खा अध्ययन तथा अनुसन्धान केन्द्र नेपाल विद्यार्थी सङ्घ, ब्लु रेन एजुकेसन फाउन्डेसन, शान्ति र विकासका लागि नागरिक आवाज, रत्न श्रेष्ठ पुरस्कार गुठी, पक्लिहवा माध्यमिक विद्यालय स्वर्णमहोत्सव समिति, भू.पू. विद्यार्थी पुनर्मिलन सङ्घ र बाग्लुड काठमाडौं उपत्यका मगर सम्पर्क समितिद्वारा सम्मानित भएका छन् । उनले महेन्द्र विद्याभूषण क, प्रबल गोरखादक्षिणबाहु र नेपाल स्काउट स्वर्णजयन्ती पदकका साथै आठवटा अन्तर्राष्ट्रिय पदकहरुसमेत पाएका छन् । उनका विषयमा नेपाली स्नातकोत्तर तहमा त्रिभुवन विश्वविद्यालयका विद्यार्थीले शोधपत्र लेखेका छन् । उनको विषयमा डा. हर्षबहादुर बुढामगर विगत र वर्तमान, नामक पुस्तक छापिएको छ ।

हर्षबहादुरको मृत्यु वि.सं. २०६७ साल माघ १७ गते भयो । उनको मृत्युले नेपाली भाषा साहित्यलाई धेरै नोक्सान भयो । उनी मरे पनि हाम्रो हृदयमा चाहिँ बाँचिरहेकाछन् । ●

• लेख

# घट्दै जनता

– शेखर कार्की

इतिहासको लामो कालखण्ड, विभिन्न धार्मिक अनि पौराणिक कथनले नेपाललाई एक अखण्ड राज्य मान्दछ। हिमालय देखि समतल तराई सम्म छ नेपाल, पहिले अलि ठुलो र महासागर सम्म पनि पुगेको थियो पछि अंग्रेज सरकारसँगको सम्झौतामा यो खुम्चेर हालको आधुनिक नेपाला हुनगएको हो। विश्वको सबैभन्दा अग्लो ठाँउ र समुन्द्र सतहको थोरै माथिसम्म फैलिएको धेरै प्रकारका विविधता बोकेको यो देशमा थुप्रै भाषा वोलिन्छ, थुप्रै धर्म मानिन्छ, अनेक जात जाति बस्छन् र सबै सभ्यताले हिमालय देखि तराई ओगटेको छ।

यो देशको कानुनले सबैलाई सबै अधिकार तथा सम्भावनाले सिंगारेको छ। नेपाल राज्यले नागरिकता प्रदान गर्दा त्यसमा उसलाई नेपाली हो भनेर चिनारी दिन्छ। एउटा नागरिकले यो देशले दिएको हरेक अवसर र सुविधा पाउने अधिकार राख्दछ। पहिले पहिले अधिकारहरु कम बेसि हुने गर्थे, पहुँच पनि त्यसै अनुसार थियो। आधुनिक अनि उत्तरआधुनिक लहर सँगै सबै बराबरी भन्ने कुराहरु आए। आधुनिक समाज वदलिदै गयो र आज दिनमा सबै बराबर भए। कानुनको हत्केलो सबैका लागि एउटै पसर हो कसैलाई अञ्जुली र कसैलाई मुठी हैन। कसैलाई काखा र कसैलाई पाखा कानुनले गरेको छैन। हरेक नेपाली गणतन्त्र नेपालमा सबै आम नेपाली सरह छ।

तर फेरी आजभोली यो बराबरी मान्छेलाई पचेको छैन। मान्छे साना-ठुलो र उच-निच हुनुपर्छ भन्ने मान्यतालाई स्वीकार्न थालिसकेको छ। विस्तारै नेपालमा जनता घट्दै गएको आभाष मिल्दै थियो अव नेपाली पनि घटन थालेका छन। पञ्चायती प्रजातन्त्रले आफु इतिहासमा सीमित राखी बहुदलीय बर्तमानको लागि ढोका खुल्ला गरेपछि धेरै दलहरु भए र ती दलका धेरै कार्यकर्ताहरु भए। एक ब्यक्ति स्वतन्त्र सायदै भेटिएला, ऊ कुनै न कुनै दलको मान्छे हुन्छ। नेताहरु यता जान्छन्। आफ्ना कार्यकर्ताले ढकमक्क ढाकिन्छन्। उनिहरुका कुरा सुन्छन्। मागहरु सोध्छन र सबैले सुन्ने गरी जनताको चाहाना यो छ भन्छन्। अनि तिनै कार्यकर्ताका हितका लागि काम गर्छन र जनताको हित गरें भनेर अजस्र स्वारमा कराउँछन्। कर्मचारीहरु दलदलका इकाईका विभक्त भएका छन्। टेलिभिजनहरु दल दलका आ-आफ्नौ छन्। पत्रकारहरुको समूहहरु छन्। छुट्टाछुटै दलहरुमा आबाद। व्यावसायीहरुको पनि दल विषेशका संगठनहरु खोलिएका छन्। सो जनताको न्युनता भयो।

त्यसैगरी, निस्पक्षता पारदर्शिता भन्ने हुनै छाड्यो, पत्रिका दलहरुका मुखपत्र हुनथाले, कर्मचारी दलहरुका भातृ संगठनमा लागे, व्यापारीहरुले दलहरुको फेर समाते, त्यसैका आडमा आफुलाई शाक्तिशाली सम्झेर नचाँहिदा बहानामा बन्द हडताल गरे। सोर्स फोर्सबाट हुने नहुने काम हुन थाले। र अहिले आएर के रिति बस्यो भने, कानुनको सहारा लिनु पर्दा, केहि मर्का पर्दा,

दलको पहुँच भए न्याय पायो नत्र जनता न्यायको आसमा भौतारिने तर न्याय नपाउने भए । हेर्दा हेर्दै यस्तो दिन पनि आयो सर्ब साधारण अनि सोझा खाँटी जनतालाई यो देशले न्याय दिनै सकेन ।

कुनै दल विषेशका नेता आफ्ना दलगत भ्रमणमा 'अन्य दलका कार्यकर्ता, समर्थक अथवा सर्वसाधारण भेला गर म भेटछु' भन्दैनन् । उनिहरुको कुरा सुन्दैनन् अनि म ती जनाताको पनि नेता हो भन्ने भुसुक्कै भुल्छन । जहाँ जान्छन् आफ्नै कार्यकर्ताले घेरिएर ठूला ठूला सम्मान सत्कार पाउँछन् अनि दंग पर्छन् । कुरो काटने र प्रश्न गर्ने कोही हुदैन । सबै सबै उसैका अनुयायीका विचमा आफु गर्जेर फर्कन्छन् र फेरी घनघोर आवाजले जनता भन्छन् । समाजमा जता हेरे पनि दल विषेशका मान्छेलाई मान्छन्, सदभाब वाढँछन तर छिमेकीमा, संधै अरु दल सँग रडाँको हुन्छ । मर्दा पर्दा चाहिने छिमेकीलाई दल विषेशको राजनितिले पानी बाराबारमा पुऱ्याएको छ । सबै नेता आफ्नो दल बाहेक अरुलाई राम्रो देख्दै, देख्दैनन् । आफ्ना कार्यकर्ता बाहेक पनि अरुको रक्षा गर्नु आफ्नो धर्म हो भन्ने ठान्दैनन् । कार्तकर्ताले मान्छे काट्यो भने पनि, गोली ठोकेर माऱ्यो भने पनि किन त्यो घाँटी तरवार सँग जुधाको, किन त्यो छातीले गोली रोकेको त भन्छन् । अझ अचम्मको कुरा त यो छ कि सबै नेताहरु आफुसँग समाजको सबै भन्दा सवल अनि अनुशासित कार्यकर्ता रहेको भ्रम पाल्छन् र उनिहरुले लगाइदिएको एकासी किलोको मालाको फूलको बास्ना सुँघ्दै दंग परेर मञ्चमा हँसीलो भई बसेका भेटिन्छन् । गाउँ घरमा नेतालाई सोझा जनताले यी सबै कुराले दिक्क भएर एक दुई गालि गऱ्यो भने पनि उसका कार्यकर्ताहरु अरिंगालले झैं झम्टन्छन् । परेको व्यहोर्ने नेता त छदैछन् । कार्यकर्ताका गल्तीमा आँखा चिम्लेर सहज अनि सप्ठेरो निकासका लागि पहल गर्छन् । अड्डा, अदालत र चोक चौतारीमा हम्मेसी स्वतन्त्र नागरिक भेट हुँदैन । त्यहाँ सत्र काम बिताएर भएपनि आफ्ना कार्यकर्ताको ढाकछोपका लागि नेतागणको टुकडी नै उपस्थित भैदिन्छ र कालो सेतो बन्छ अनि सेतो कालो । हतियारधारी प्रशासन अधिकारीहरु नेताको बोलीमा लोली मिलाएर घामलाई जुन बनाइदिन्छन् ः भन्छन् 'हो हजुर जुनै हो कति मधुरो लागेको' । धुलो उडाएर, पानी धमिल्याएर या फेरि अनेक शव्दजाल घोलेर, पानीलाई दुध अनि दुधलाई पानी बनाइ दिन्छन् जनताको अगाडि । यसमा चाँहि दल विशेषका संगठनहरुमा रहेका पत्रकार, कर्मचारी, व्यवसायी, प्रहरी आदि समेत एकै पंक्तिमा उभेर एकै पक्षमा लाग्छन् ।

यी सबै कुराको असर अत्यन्त डरलाग्दो र भयावह छ, जनता घट्दै छन् देशमा । दलगत आश्रय अनि आरक्षण नभएमा वातावरण निसास्सिदो भैसकेको छ । स्वमनले नमाने पनि व्यक्तिगत सुरक्षा, सम्पत्तिको रक्षा, सरुवा/बढुवा, रोक्का/फुक्का आदिका लागि पनि जनता निहित स्वार्थी कार्यकर्ताहरुमा रुपान्तरण हुने क्रम अत्यन्त तिब्र गतिमा बढ्दो छ । यसमा अझ बढि जलमल गरेको छ, जनताको राजनितिक चेतनासून्यताले । यसरी धैरै न्युन मात्र जनता लिएर यो देश कसरी सम्बृद्धिको उकालो चढ्न सक्दछ । जहाँ थोरै काँधहरु छन्, भिरहरु अक्कारिला छन्, उकालो घनघोर छ, काँधहरु चाँडै गलिहाल्छन् पालो दिने जनता छैनन् ।

पछिल्लो आधुनिक नेपाली समाजमा अर्को भयावह रोग भनेको, नेपाली बन्न नचाहानु पनि हो । हामी नेपाली हौं भनेर कोही भन्दैन, मधेसी हुँ भन्छु, आदिबासी हुँ भन्छ, जनजाति हुँ भन्छ । लिम्बू भन्छ, राई भन्छ, ताम्सालिङ भन्छ, बाहुन भन्छ, क्षेत्री भन्छ, तर नेपाली भन्दैन । सुकिला

कोट लगाएका मान्छेहरुको ठूलो जथ्था चोक चोकमा अनि खुला मैदानहरुमा सोझा नेपाली थुपारेर, भागबन्डा लाइदिन्छ, हामी क्षेत्रि, हामी बाहुन, हामी आदिबासी, हामी मधेसी । कोही कसैलाई नेपाली हुनु छैन, यो नेपाली भूमीमा नेपाली पहिचान छैन, जातीगत पहिचान चाहिएको छ । यो कुरामा पनि राजनितिक चेतनासुन्यता जस्तै राष्ट्रियता सुन्यताले काम गरेको छ । नेपाललाई माया गर्नु राष्ट्रियता नभएर, नेपाली हुँ भन्नुमा राष्ट्रियता नभएर, विदेशीलाई गाली गर्नु चाँही राष्ट्रियता भएको छ । देश भनेको माया गरेर अँगालेर मारेर म्वाई खाने चिज होइन । राष्ट्रियता भनेको पनि म यो देशको नागरिक नेपाली हुँ भनेर कुर्लनु होइन, न त कुनै जाति विषेशलाई माया गर्नु हो । आत्मसम्मान पुर्वक बाँच्न, व्यवसाय गर्न, उन्नती गर्न र आफ्ना कुराहरु प्रस्तुत गर्न पाउने अधिकारको रक्षा र सम्मान गर्नु राष्ट्रियता हो । राज्यले अनि राज्यको कानुनले भनेका कुराको पालना गर्नु राष्ट्रियता हो । हरेक नेपाली कुराको सम्मान गर्नु या त्यसलाई सम्मानजनक रुपमा प्रस्तुत गर्नु राष्ट्रियता हो । आफ्ना सँग रिस, डाह गर्ने अनि परदेशी सँग प्यार र मित्रता गास्ने, आफु उता जाने, उताबाट यता बोलाउने, आन्तरिक मनमुटाव सुनाउने कमजोरीलाई उजागर गर्ने अनि परदेशीले चलखेल गऱ्यो भन्ने कुरा लाज मर्दो छ । विदेशीसँग राष्ट्रको एउटा निति हुनुपर्छ । स्वस्थ कुटनिति सम्बन्ध हुनुपर्छ तर नचाहिदो किसिमले निति भन्दा बाहिरकाले आफ्नो स्वार्थका लागि सम्बन्ध बनाउनाले राष्ट्रियतामा खलल पुग्छ । राज्यको सबै भन्दा सानो अङ्ग नागरिक हो र त्यहिँ नै सबै भन्दा बढि राष्ट्रियता हुनुपर्छ । कार्यक्रम, योजना र निति भनेका त निर्जिव कुरा हुन् । सजिव आत्माले त्यसलाई तयार पार्दछ र त्यहाँ राष्ट्रियता छ भने कार्यक्रम, योजना र नितिमा स्वतः राष्ट्रियता खुल्दछ ।

अहिले खासगरी नेताले भन्ने गरेका जनता भनेका उसका कार्यकर्ता हुन् अनि राष्ट्रियता भनेको उसका कार्यकर्ताले चाहे जस्तो र उसको निजि भलो हुने सोच्नु सोहि खाले निति र कार्यक्रम ल्याउनु हो । जनताको मत नेताले पाए अनि त्यसैका आधारमा जनप्रतिनिधि भए । तर जनताको यस्तो अनिकालमा के तिनिहरु साँच्चिकै जनप्रतिनिधि भए त । यो कुरा आकाश जस्तै अथाह र गम्भिर छ । हुनलाई कार्यकर्ता पनि नागरिकै हुन्, जनतै हुन् तर यो कुरा स्वीकार्ने हो भने जनता अब कति किसिमका भए त ? यो हेक्का कसलाई छ ? तर अझै पनि नेताहरु 'जनता....' 'जनता....' भन्छन् : सुन्दा मन अमीलो हुन्छ ।

खानिखोला, नौबिसे-२, धादिङ

• कविता

## भङ्गेरा र भङ्गेरी

– हेम पौडेल

**मान्छेसँग बस्ने उठ्ने**
**भने पनि हुन्छ है**
**घरको खटप्वालमा**
**यिनी बास बस्छन् है**
**मुठी मुठी कनिका**
**दिन्छिन् आमा कौशीमा**
**सिध्याइ दिन्छन् बथान आई**
**टिप्छन् एकै छिनमा**
**खुसी हुन्छिन् देखाएर सद्भाव**
**व्यस्त भए मानिस टाढा भयो प्रेम भाव**
**चिल्ला चिल्ला घरमा**
**कहाँ पाउँछौ तिमी छत**
**आफ्नो जोहो आफै गर्नु**
**कतै पर्नु हुन्न भर ।**

# जनगायक रामेश

**– यशु श्रेष्ठ**

**(रामेश गीतरचना, संगीत र गायनमा अनवरत लागिरहनु भएका जनताका कलाकार हुनुहुन्छ। पुर्ख्यौली घर ओखलढुंगा भएपनि पाल्पा तानसेनमा २००१ सालमा उहाँ जन्मनुभयो। जागिरे बुबासूग केटाकेटीदेखि नै नेपालका विभिन्न जिल्लाहरुमा पुग्नुभयो। संगीतको मोहले उहाँलाई वाल्यकालदेखिको संगीतको मान्छे बनायो। पछि गीतसंगीत पनि आनन्दसँगै विचारप्रवाह गर्ने सशक्त माध्यम हो भन्ने ज्ञान प्राप्त गरेपछि आफ्नो मातृभूमिका लागि, आफूलाई जन्माउने, हुर्काउने, बाआमादेखि शिक्षादीक्षा दिने, पालनपोषण गर्ने सम्पूर्ण नेपाली जनजनको हितमा लाग्ने अठोट गर्नुभयो। रेडियो नेपाल, राल्फा समूह, संकल्प परिवार, आस्था परिवारमा संलग्न हुँदै, पहिला माले पार्टीमा संलग्न उहाँ पछि पार्टी छाडेर स्वतन्त्ररुपमा गीत, संगीत र साहित्यमा लाग्नु भयो। त्यतिबेलादेखि आजसम्म सार्थक प्रगतिशील क्षेत्रमा अनवरत क्रियाशील हुनुहुन्छ। भर्खरै जनस्तरबाट स्थापना भएको 'सार्थक जनसंगीत प्रतिष्ठान'मा पनि उहाँ संलग्न हुनुहुन्छ। यतिखेर उहाँ स्वर्णिम स्कूलमा अध्यापन गर्नुहुन्छ। चलचित्र 'वलिदान' 'फिलिंगो' र 'मैना'मा उहाँले संगीत दिनुभएको छ। 'ए इन्द्रेणी' 'संसारै डुलेर' 'सिमानामा पर्खाल' 'जीवन संघर्ष' 'पिँजराको सुगा' 'जीवनको जिम्मेवारी' 'वलिदान' का गीति अल्बमहरु सि.डीमा जनसमक्ष आइसकेको तथा 'मेरो प्यारो ओखलढुंगा' 'रोक्ने को हो ?' र 'ओ जनता महान' नामक नयाँ गीति एल्बमहरु उहाँले चाँडै जनसमक्ष ल्याउँदै हुनुहुन्छ। उहाँका साहित्यिक रचनाहरु पनि विभिन्न पत्रिकाहरुमा निरन्तर प्रकाशित हुँदैछन्। उहाँको संस्मरणहरुको संग्रह पनि पुस्तकाकारमा प्रकाशित हुने क्रममा छ। बालगीतहरुको संग्रहको किताव पनि प्रकाशित गर्ने तयारीमा हुनुहुन्छ। स्वर्णिम स्कुलबाट प्रकाशित बाल गीति एल्बम 'स्वर्णिम बालगीति संग्रह भाग १,२,३' मा उहाँका अधिकांश बालगीत र संगीतहरु छन्। देशमा राजनैतिक शुद्धिकरणको अभियानमा पनि उहाँ हुनुहुन्छ। उहाँका संगीत साहित्यका सार्थक कृतिहरु निरन्तर पाइरहँदा नेपाली मनहरु कृतज्ञ छन्। प्रस्तुत छ, नवप्रज्ञापनका निम्ति जनताका लोकप्रिय गायक श्री रामेशज्यूसँग यशु श्रेष्ठले गर्नु भएको कुराकानी : सम्पादक)**

**तपाईँलाई जनताका गायक भनिन्छ नि ?**

– किनकि म श्रमशील जनताको हितमा गीतहरु गाउँछु।

**सबै नेपाली गीत जनताकै गीत होइनन् ? कस्तोलाई जनताको गीत भन्ने, अरु चाहिँ कस्तो गीत त ?**

– पहिलाको समयमा युवायुवतीबीचको मायापिरती, वैंस-यौवनसम्बन्धी गीतहरुलाई नै गीत भन्ने बुझिन्थ्यो। केही भगवानको भजन र केही थोरैमात्र अन्य विषयका गीतहरु हुन्थे। तर अहिलेको चेतनशील युगमा, अझ जागृत नेपाली समाजमा गीतभन्दा कुनखाले गीतभन्ने प्रश्न आउँछ- एकखाले सिर्फ नाचगान, मनोरञ्जन प्रदान गर्ने मायापिरतीका सस्ता सामान्य गीत, अर्कोचाहिँ ज्ञान, चेतना, जागरण, उत्साह, उमंग, परिवर्तन

वा रुपान्तरण विषयका जीवनमुखी सार्थक गीतहरु । हामी दोस्राखाले सार्थक गीतहरु विशेष उदेश्यका साथ गाउँछौं । त्यसैले हामीले गाएको गीतलाई जनताको गीत भनिएको हो । हो अरु पनि गीत नै हुन्, तिनीहरु सामान्य श्रेणीमा पर्दछन् ।

**तपाईँले गाएका गीतहरु किन यस्तै खालका हुन्छन् ? यसको रहस्य के ?**

– यस्ता गीतहरुले समाजमा व्याप्त अन्याय, अत्याचार, असमानता, अपराध, व्यभिचार, दुराचार, भ्रष्टाचारका साथै अनेकन विकृति, विसंगतिको विरोध, नास र निर्मुल गर्न अदम्य शक्ति, साथ र साहस प्रदान गर्छ । यस्ता अभियानमा लागेका निर्भिक वीरविरांगनाहरुलाई दोस्राखाले गीतहरुले निशर्त समर्थन गर्छ ।

**गीत नै किन त ?**

– सङ्गीतको सम्मोहन र सामर्थ्यले विषयवस्तु र विचारलाई अन्तरमनमा प्रसन्नतापूर्वक प्रवेश गराएर मानिसको चेतनाको अभिवृद्धि गराउन सशक्त भूमिका खेल्छ ।

**गायक नबन्नु भएको भए के बन्नुहुन्थ्यो होला ?**

– परिवार, समाज, देशको इमान्दारितापूर्वक सेवा गर्न, कुनै पनि हितकारी पेशा वा काममा लाग्थें ।

**गायन क्षेत्रमा कसरी लाग्नु भयो र गाउँछु नै भनेर गाएको पहिलो गीत कुन हो र कस्तो छ अनुभव ?**

– बालककालदेखि नै म ग्रामोफोनमा रेकर्डहरुबाट विविधखाले गीतहरु सुन्थेँ । पछि रेडियो आएपछि रेडियोबाट अनेकखाले गीतहरु सुन्न थालेँ । लामो समयसम्म धेरै गीतहरु सुनिसकेपछि संगीतसम्बन्धी केही ज्ञान प्राप्त भएको अनुभव भयो अनि मलाई पनि संगीत श्रृजना गर्ने इच्छा लाग्यो । त्यो सामर्थ्य मसंग पनि छ भन्ने लागेपछि संगीत रचना गर्ने प्रयत्नमा लागेँ । अरुहरु गीतमा कोशिश गर्दागर्दै सबभन्दा पहिले २०१९ सालमा रायनले लेखेको 'चन्द्रमाको मुस्कानले' र 'धाराको मुहानमाथि' भन्ने गीतमा लयरचना गरेँ । चन्द्रमाको मुस्कानले भन्दा 'धाराको मुहानमाथि बइँसको हाँगामा रोयो चरी' को संगीतले मलाई धेरै आनन्दित तुल्यायो । एक किसिमको नयाँ सुख मनले अनुभूत गर्‍यो ।

**पहिलो गीत रेकर्डिङ गर्दाको अनुभव ?**

– रेडियो नेपालमा दुई वर्षजति गाइसकेपछि २०२२ सालमा रत्न रेकर्डिङ ट्रष्टले लोकगीतहरु डिस्करेकर्डिङ गर्न हामीलाई पनि कलकत्ता पठायो । रायन, अरिम र मैले पाँच/छवटा गीतहरु इन्द्रेणी रेकर्डस्मा रिकर्डिङ गर्‍यौं । त्यो त्यति चित्तबुझ्दो र राम्रो थिएन अनि साह्रै नराम्रो पनि थिएन । ठिकै लाग्छ । एक समयका स्वर र गीतहरु रेकर्डमा अंकित भए । तर ती अचेल कतै पनि पाईँदैनन् । दुःख लाग्छ । त्यसमध्ये एउटा गीत थियो 'लेक नै ढाक्यो बादल छाँयाले' ।

**तपाईँले गाउनु भएको गीतले जनतामा के प्रभाव पारेको छ भन्ने लाग्छ ?**

– सामाजिक चेतनाको उत्थान गर्न, अन्धविश्वासका कैयौं भ्रमजालहरु तोड्न, जनतामा राजनैतिक सोच विचार भर्न, महिला अधिकार स्थापित गर्न, जातपात विरुद्ध मुख्यत अहितकारी राजनैतिक व्यवस्था परिवर्तन गर्न हाम्रा प्रगतिशील गीतहरुले देशमा निकै अहम् भूमिका निर्वाह गरेको म अनुभव गर्छु ।

**गायकबाहेक मानिसहरुले तपाईँलाई के भनेर पनि चिनुन् जस्तो लाग्छ ?**

– परिवार, समाज, देशको हितमा असल र हितकारी काम गर्ने मानिसको रुपमा मेरो सामान्य परिचय रहोस् । यही नै म चाहान्छु ।

**गाएर के पाउनु र के गुमाउनु भो ?**

– गीत गाएर मैले केही पनि गुमाएको छुइन । जे जति शक्ति, सामर्थ्य, प्रतिभा, इमान्दारिता मसंग छ सबै राष्ट्रको सेवामा सगर्व प्रदान गरेको छु । यसबापत देशबाट मैले असीम स्नेह, आस्था, आदर, विश्वास, सम्मान र शक्ति पाएको छु । मेरो लागि

यो जीवनको गौरविलो प्राप्ती हो, सुखद अनुभूति हो ।

**आफूले गाएको गीत आफैंले सुन्दा कस्तो लाग्छ ?**

– भाव, लय र गायन राम्रो भएको गीत सुन्दा सन्तुष्ट हुन्छु । विचारमा स्पष्ट हुँदाहुँदै कला, शैली र प्रस्तुतीमा केही कमजोरी देखिए सुधार्नका लागि फेरि मिहेनत गर्न थाल्छु । विचार, शीपशैलीमा उत्तम र संगीतसंयोजन र गायनको प्रस्तुतीमा प्रभावशालिता पाए म त्यो आनन्दको वर्णन गर्न सक्दिन । सफलताको सुखले मलाई अरु उत्तम श्रृजना गर्न प्रेरित गर्छ ।

**हिजोआज तपाईँका गीतहरु त्यति सुन्न पाइँदैन नि, किन ?**

– जनता पराजित अवस्थामा रहेकाले हामीले गाउने जनताका गीतहरु पनि अझैसम्म पराजित अवस्थामै छन् । अरु प्रतिगामी राजनैतिक शक्तिहरुले त गरे गरे, तर यिनै गीतहरुको प्रभाव र प्रचारबाट सत्तामा पुग्ने वामपन्थी सर्वहाराका नेता र पार्टीहरु पनि सत्तामा पुगेर जव नवधनाढ्य वर्गमा रुपान्तरित भए । तिनै जनताका युगान्तकारी गीतसंगीतलाई तेजोवध गर्न थाहा नपाउने किसिमबाट लाग्न थाले । तर जनजनको मनमनमा अति प्यारा र ज्यूँदा रुपमा ती कालजयी गीतहरु बाँचिरहेका छन् । जनतामा चेतना छरिरहेका छन् । जनसमुदायलाई शक्ति र साहस थप्न निरन्तर चलायमान भइरहेका छन् । अनि परिवर्तनको अर्को नयाँ अभियानका लागि शक्ति निर्माण गर्ने तयारी गरिरहेका छन् । एउटा कुरा अकाट्य छ- गीतहरु मर्दैनन् तर गीतको दुरुपयोग गर्नेहरु बेइज्जतीको जीवन बाँचेर मूल्यहीन मृत्यु मर्छन् ।

**गायनको अतितलाई सम्झँदा, त्यस जमानाको गायनमा कसरी रम्नु भो ?**

– अतितका गीतसंगीतबाट हामीले राम्रा एवं उपयोगी पक्षहरु धेरै सिक्ने मौका पायौं । सुर, लय, ताल र प्रस्तुतिका विविध कला शैलीहरुबारे ज्ञान प्राप्त गर्ने सुअवसर पायौं । त्यो समयका प्रेमगीतहरु पनि अति शिष्ट, कर्णप्रिय र सम्मानजनक हुन्थे । आज पनि ती गीतहरु सुन्दा अति आनन्दको अनुभव हुन्छ । साँच्चै नै समय समयका गीतसंगीतहरुमा अनेकन काल, घटना, अनुभूति र सम्झनाका इतिहासहरु संग्रहित भएर रहेका हुन्छन् ।

**आजकल जनतामाझ पुग्न छोड्नु भएको भान भइरहेकोछ, नि ?**

– युवा अवस्थामा जस्तो स्वतन्त्र र फुक्का अवस्था-स्थिति सधैं रहिरहँदैन । त्यस अवस्थामा हामी अवश्य बढी सक्रिय थियौं । हुनत आज पनि सक्रिय छौं तर रुपहरु फरक हुनसक्छ । आज हामी नयाँपुराना जनताका ती अनुपम र अमूल्य गीतहरु अंकित गर्न स्टुडियोहरुतिर सक्रिय छौं । जसको फलस्वरुप हाम्रा थुप्रै गीति अल्वमहरु (सी.डी.मा) जनतामाझ आइरहेछ । जानसक्ने ठाउँहरुतिर पुगेर गीति कार्यक्रमहरुमा भाग पनि लिइरहेका छौं । साहित्यतिर पनि केही लेख्ने र प्रकाशित गर्ने काममा संलग्न छु । राजनीतिलाई देश र जनताको हितमा लगाउने इमान्दार शक्तिहरुसँग त्यो संघर्षमा साथसाथै छु ।

**गायक भएकोमा एकदम दुःख लागेको क्षण ?**

– देश एवं जनताका हितमा सार्थक, प्रगतिशील, गीत गाउनु एकदमै सुखद र गौरवशाली कुरा हो । यो बाटोमा हिंड्नु भनेको दुःखलाई बुझेर लाग्नु हो । दुःखलाई पन्छाउन दुःख हुन्छ भनेर लाग्नेलाई के को दुःख ? यसमा दुःख मान्ने कुरै छैन । त्यस्तो क्षणको अनुभव मसँग छैन ।

**नेपालमा गाएर नै बाँच्न सक्ने अवस्था आएको हो ?**

– वर्तमान नेपालको अवस्थामा गीत गाएर जीवन निर्वाह हुन्छ भन्नु अबुझ कुरा हो । सम्भ्रान्तवर्गले रक्षा गरेका कलाकारहरुको त बेहाल छ भने, जनताका कलाकारहरुको के अवस्था होला ! व्यवसायिक कलाकारहरुमध्ये केहीको अपवादस्वरुप राम्रै जीवन चलेको होला तर त्यता पनि बहुसंख्यकको हालत त बिजोगै छ । अनिश्चयमा डुबेको छ । अर्कोतर्फ

पार्टीका कलाकारहरु राजनैतिक नेता-पार्टीहरुले प्रयोग गरेर फ्यालिदिने बस्तुमात्र भएका छन् । यसैकारण हरेकखाले कलाकारहरुले बाँच्नका लागि अर्कै व्यवस्था गर्नुपर्छ । अनिमात्र कलाक्षेत्रमा लागेर दुःख भोग्नु वा पछुताउनु पर्दैन भन्ने मेरो धारणा छ । अझ जनताका कलाकारहरुले सरकार र पार्टीको निगाहमा बाँच्ने कुरा त सोच्न पनि हुँदैन । अर्कैखाले श्रमबाट जिविका धानेर कलाको क्षेत्रबाट जनताको सुखद सेवामा लाग्नुपर्छ । अनिमात्र स्वाभिमानी, स्वतन्त्र, आत्मजीवी कलाकार भइन्छ ।

**अहिले थुप्रै गीत बिभिन्न तवरले आइरहेका छन् । यो भीडमा तपाईँले गाएको गीत कहाँनेर छ त ?**

– तपाईंकै छेउमा होला । सामान्यभन्दा विशिष्ट भएर गीतहरुको भीडमा उपस्थित भइरहेको होला । नियतबस षड्यन्त्रको कारण आज ती गीतहरुलाई जस्तो व्यवहार गरिए तापनि इतिहासले यस्ता गीतहरुको महत्वबारे अवश्य उल्लेख गर्नेछ । चर्चा चलाउनेछ । एकएक गीतको लक्ष्य उद्देश्यको पहिचान गर्दै तिनको विश्लेषण, व्याख्या र योगदानको मूल्याङ्कन गर्नेछ । कोइलाखानीभित्रै हिरा चम्चमाइरहेको हुन्छ । चिन्न र खोज्नमात्र जान्नुपर्छ ।

**अचेल कति समय गीतसंगीतको लागि खर्चनु हुन्छ ?**

– काम र जिम्मेवारीहरु धेरै छन् । एकदमै थोरै समयमात्र गीतसंगीतमा बस्न पाउँछु । संगीत श्रृजनामा त झन एकदमै कम । मनले चाहँदा पनि समय पाइँदैन । समय पाउँदा पनि फोनहरुले, भेटघाटहरुले, कार्यक्रमहरुको उपस्थितिले गीतसंगीतमा श्रृजनशील हुन पाइँदैन । मेरा लागि अफसोचको कुरा हो यो ।

**स्वदेशी तथा विदेशी मन पर्ने पाँच संगीतका हस्तीहरु सम्झनु पर्दा ?**

– नाम चलेकाभन्दा नाम नचलेका सरल सामान्य हस्तीहरुलाई बढी सम्झन्छु म । जो अनेकन् दुखभित्र रहँदारहँदै पनि गीतसंगीतको श्रृजना गरेर लोकगीतसंगीतको भण्डारलाई चुल्याइरहेका हुन्छन् । तर आफ्नो नाम कहीँ कतै खोज्दैनन् । यदि नामै भन्नुपर्ने अवस्था आयो भने- अन्यायमा परेका असहाय जीवनहरुका लागि, असमानताको सिकार भएका उनान्सय प्रतिशत विश्वका जनताका हक, हित र अधिकारका लागि गाउने सबै राष्ट्रिय अन्तर्राष्ट्रिय कलाकर्मीहरु मेरा मनका विशिष्ट हस्तीहरु हुन् ।

**बालसहित्य नि लेख्नुभयो, किन लेख्नु भयो ?**

– एकैजना मान्छेले सबैतिर भ्याउन कठिन हुन्छ । तर पनि बालगीतहरु थुप्रै लेखेर संगीतबद्ध गरेको छु । 'स्वर्णिम बालगीति शृंखला भाग १,२,३ का गीति एल्वममा ती गीतहरु रहेका छन् । 'मैले बिर्सन नसकेको साथी' पछि साहित्यमा अरु पुस्तक प्रकाशित गर्न पाएको छुइन । तर अरु थुप्रै बालगीतहरु लेखेको छु, लेख्दै पनि छु । किताबको रुपमा निस्कन पाएको छैन । प्रकाशित गर्न कोशिश गर्दैछु । यी सबै वालरचनाहरु गर्नुको एउटै उद्देश्य हो– नेपालका नयाँ पुस्ता असल र योग्य नागरिक बनुन् । भविष्यको नेपालको जिम्मेवारी कुसलतापूर्वक इमान्दारिताकासाथ निर्वाह गरुन् ।

**बालबालिकाका लागि पनि संगीत सृजना गर्नुहुन्छ । के फरक, बालबालिका र ठूलाका लागि सृजना गर्दा ?**

– बालबालिकाहरुका लागि रचना गर्दा आफै बालबालिका भएर, उनीहरुको मनमस्तिष्कभित्र रहेर गीत र लयको सृजना गर्छु । सरल र सहज गीतसंगीत उनीहरुले सहजै रमाइलोसँग ग्रहण गर्छन् । अति आत्मीय रुपमा आत्मसात गरेको मैले बालबालिकाहरुको संगीतकक्षामा अनुभव गरेको छु ।

**कलाकारितामा राजनीति कतिको आवश्यक छ ?**

– जसरी मस्तिष्कले सम्पूर्ण शरीर सञ्चालन गर्दछ त्यसरी नै राजनीतिले राष्ट्रलाई नीतिनियम, विधिविधानमा राखेर सञ्चालन गर्दछ । त्यसैले कलाले

राजनीतिलाई सही र स्वस्थ ढंगले सञ्चालन गर्न सघाउनु पर्दछ । अहिलेको नेपालमा नेता र पार्टीहरुले राजनीतिलाई बेइमानीको भाँडो बनाएका छन् । अनुचित ढंगले पैसा कमाउने व्यापारको खेलो बनाएका छन् । राजनीतिको यो कुरुप विकृत रुपलाई अब सारा नेपाली जनताहरु एक भएर भत्काउनु पर्छ । राजनीति भनेको सेवाको उच्च रुप र स्रोत हो । उच्चस्तरको कलाकृतिले त्यो सत्यसँग हिँड्न राजनीतिलाई सहयोग गर्छ, बाध्य पार्छ । र, जनतालाई राजनीतिबाट लाभान्वित तुल्याउँछ । कला कोमल र सम्वेदनशील हुन्छ । यसमा जनजनको मन जित्ने क्षमता हुन्छ । तर, कलाकारको जीवनशैली जनताले चाहेजस्तै चरित्रशील र इमान्दार हुनुपर्छ । आदर्शको एउटा प्रतिरुप हुनुपर्छ ।

**कला–कला नै हो, कलाकार कलाकारमै पनि राजनीतिक वर्ग विभेद किन होला ?**

– कला प्रभावकारी एक साधन हो । समाजमा वर्गहरु रहेकाले कलालाई पनि वर्गहरुले आआफ्नै स्वार्थका लागि प्रयोग गर्दछन् । धनी कुलीन र सम्भ्रान्तवर्ग कला र कलाकारहरुलाई 'गहना', 'समाजको ऐना' भन्दछन् । अर्कोतिर श्रमशील वर्ग कला र कलाकारलाई चेतनाका संवाहक, जागृतीका ज्वार, समानता र न्यायका हिमायती, हक अधिकारको रक्षा गर्ने रक्षकका रुपमा हेर्दछन् । नेपाली जनतामा चेतना उच्चस्तरमा अघि बढिरहेछ त्यसैले आफ्नो वर्गीय कलाको बोध गर्दै त्यसको रक्षाका लागि संगठित भएर जनता आफूनै लाग्नुपर्ने बाध्यता बुझिरहेका छन् ।

**राजनीतिक रुपमा स्वतन्त्र रहनु भो, किन ?**

– जनता पार्टीभन्दा माथि हुन्छ । म स्वतन्त्र छुइन देश, जनताको भलाई गर्ने राजनीतिको पक्षमा छु । हालको नेपालको दूषित पार्टी राजनीतिमा छुइन । देश नेपालको राजनीतिक पार्टीहरु र तिनका नेताहरुका लागि खाइखेली डकार्ने ठाउँ भएको छ । त्यहाँभित्र बसेर काम गर्दा देश, जनताले पाउँदैनन् त्यहाँभित्र गरेको श्रम नेता, तिनको परिवार, तिनका गुट, तिनका पार्टीले लान्छन् । त्यसैले म जनतामाझ छु । मैले गरेको योगदान नेपाली जनताको पोल्टामा परोस् । म यो कुरामा सचेत छु । हामीले गरेका कामले जनता बलिया भए यो सन्तुष्टीको कुरा सम्झन्छु ।

**तपाईंको पुर्खाका कोही हुनुहुन्थ्यो सङ्गीत क्षेत्रमा ?**

– मेरो बाजे अनि बा सबै हार्मोनियम बजाएर भजन, राग र झ्याउरे गीतहरु गाउनुहुन्थ्यो । दाइ, दिदी र हामीहरु सबैको संगीतप्रति रुचि थियो । त्यसमा बाको प्रोत्साहन हुन्थ्यो । हाम्रो परिवार सबै संगीतप्रेमी छ । संगीतबाट आनन्दित हुनु प्रकृतिबाट प्राप्त एउटा मीठो सुख र सौभाग्य हो ।

**यीबाहेक केही अरु गर्नुहुन्छ कि ?**

– पत्रपत्रिका, अखवारहरु पढ्छु । प्रसिद्धि पाएका गीतसंगीतहरु सुन्छु । कार्यक्रमहरुमा सहभागी हुन जान्छु । पत्रिकाहरुलाई केही लेख संस्मरणहरु लेख्छु । हाम्रा राल्फाकालदेखिका गीतहरु संरक्षण गर्न चारैतिरबाट शुभेच्छुकहरुको आवाज आइरहेछ । ती गीतहरुको व्यवस्था गर्न, राम्रो संगीतसंयोजनका साथ रिकर्डिङ गरेर इतिहासमा अंकित गर्न प्रयन्तशील छु । अनि अरु आवश्यक कामहरुमा पनि व्यस्त भइरहन्छु । तपाईंको जीवन अलि बेग्लै लाग्छ । हामीलाई त्यो जीवन अक्षरमा उतार्नोस् न भन्छन् साथीहरु । मलाई पनि चाहना छ । हेरौं भविष्यले के भन्छ ।

**नवप्रज्ञापनलाई सुझाव, सल्लाह दिनुहुन्छ कि ?**

– नवप्रज्ञापनले नेपाल खोजोस् । नेपाल छामोस् । नेपाल पाओस् । हरेक नेपालीका सुखदुःख छापोस् । सधैं नेपाल र नेपालीको मनमा बस्न सकोस् म यही सल्लाह पस्कन्छु ।

# उत्तरकुमार रूँदा

**– लक्ष्मीविलास कोइराला**

कतारको दोहा विमानस्थलमा उत्रदा झम्के साँझ परिसकेको थियो । स्विजरल्याण्डको जेनेभा जाने प्लेन भोलिपल्ट बिहान मात्रै थियो । मलाई विमानस्थल बाहिर होटलमा जानु पर्ने भएकोले म कतार एयरवेजको यात्रु सेवा काउन्टरमा पुगेँ । काउन्टरमा बसेकी केटीले होटलको कुपन दिइन् । म इमिग्रेशन हुँदै बाहिर निस्किएँ । बाहिर कुहिरो लागेजस्तो धुम्म थियो, धुलो । सडक ठूल्ठूला बत्तिले झकमक्क थियो । तापक्रम उष्ण थियो । म कहाँबाट कुन बस चढने पहिल्याउन खोज्दै थिएँ । खोज्ने क्रममा मैले कतार एयरवेजको बिल्ला लगाएको व्यक्तिलाई रोक्दै सोधेँ । एयरपोर्ट होटल जाने बस कहाँ लाग्छ ? उसले मलाई डोऱ्याएर एक ठाउँमा ल्याएर टुटेफुटेको अंग्रेजीमा पर्खन भन्यो । उसँगको एक मिनेटको संगतमा मैले तपाईं नेपाली नै हो नि, होइन ? भनेर सोधें । हो सर ! उनी खुशी भए ।

तपाईको नाम त ? मैले फेरि सोधेँ !

चन्द्रदेव यादव । घर जनकपुर । यहाँ आएको डेढ वर्ष भयो, सर । यादवजीले मैले सोध्न सक्ने प्रश्नहरुको एकै साथ जवाफ दिए ।

हामी कुरा गर्दै थियौं । हाम्रो छेउमै बस घ्याच्छ रोकियो । म झसङ्ग भएँ ।

सर हस् त । यादवजी ड्राइभरसँग कुरा गर्न थाले ।

बसौं सर, बसौं । बसको ड्राइभरले नेपालीमा नै अनुरोध गरे ।

हस्-हस् । म हाते झोला बोकेर बसमा चढेँ ।

कहाँसम्म जाने सर ? ड्राइभरले म सिटमा बस्न नपाउँदै सोधे ।

स्विट्जरल्याण्ड जान लागेको भन्दै म ड्राइभर छेवैको सीटमा बसेँ, बाहिर हेर्दै जान । बसमा म बाहेक कोही थिएन । वस हिंड्यो ।

के काम पाइन्छ र जान लाग्नु भएको सर, जेनेभा ? ड्राइभरले अर्को प्रश्न तेर्स्याए ।

म अन्तर्राष्ट्रिय टेलिकम्युनिकेशन युनियनको एडभाइजरी समितिको मिटिङमा भाग लिने सरकारी काममा जाँदैछु । काम गर्न होइन । मैले जवाफ भनेँ ।

सर ! हामीले यहाँबाट नेपाल फोन गर्दा इण्डियन, श्रीलंकाली, बङ्गालादेशी भन्दा धेरै पैसा तिर्नु पर्छ । सरले यसमा सहुलियत गरिदिनु पऱ्यो । नत्र त हाम्रो फोनको पैसा सबै इण्डिया जाने भयो । मैले कुरा सिध्याउन नपाउँदै ड्राइभरले टेलिकम्युनिकेशनको नाम सुन्नासाथ आफ्नो समस्या राखे ।

तपाईको घर कहाँ नि नेपालमा ? मैले नजिकिन खोज्दै सोधेँ ।

पूर्वी पहाड ईलाम । नाम सुरेन्द्र राई हो । तर सबै साथीभाइले मायाले भन्ने कि जिस्क्याएको भन्ने सुराई भन्छन् । मलाइ त रमाइलै लाग्छ सुराई भन्दा पनि । सुराईले हाँस्दै दोहा पहिलो चोटी हो सर भन्दै मसँग जिज्ञाशा राखे ।

हो त ! मैले छोटकरीमा भने ।

ए त्यसो भए एकै छिन घुमेर जाउ न त होटल । मलाई पनि फुर्सदै छ । सुराईले मलाई दोहा घुमाउने सुर गरे ।

यो सुनमा सुगन्ध पो भयो त सुराईजी, मैले खुशी हुँदै सुराई नै भनेँ ।

समुन्द्र किनार, डिपार्टमेन्टल स्टोर, मल

र पार्क घुमाउँदै सुराईले मलाई एक घण्टापछि होटल पुऱ्याए । होटलमा छिर्नासाथ एउटा तन्नेरीले सलाम गऱ्यो । मैले सलाम फर्काइदिएँ । शाखा अधिकृतको आधारभूत तालिम लिँदो प्रहरी तालिममा सिकेको सलाम फर्काउने ज्ञान दोहामा काम लाग्यो ।

सलाम गर्ने केटा पनि नेपाली हो, डोटीको, हर्क बहादुर विक । सुराईले रिसेप्सनतर्फ जाँदै गर्दा जानकारी दिए । सर नेपालदेखि आउनुभएको हो । ल राम्रो स्वीट कोठा मिलाउ त एउटा । सुराईले नेपालीमा नै रिसेप्सनमा बस्नेसँग अनुरोध गरे । मलाई कोठाको कार्ड दिँदै सुराई सोझै रेष्टुरेण्टतिर गए । मैले पछ्याएँ ।

रिसेप्सनमा बस्ने त श्रीलंकन हो सर, तर नेपाली बुझ्छ । सुराइले मेरो जिज्ञाशा पुरा गर्दै भने ।

दाइ ! यी बहिनीहरु सबै नेपाली हुन् । काभ्रेकी पारु लामा, रोल्पाकी हिरा मगर र चितवनकी उर्मिला शर्मा । ल ! बहिनीहरु सरलाई मिठो मिठो स्वादिलो अरेविक परिकार छानीछानी खान देऊ है । सुराईले रेष्टुराँका केटीहरुसँग मलाई चिनाउदै भने । नमस्कारको आदानप्रदान भयो ।

सर, शुभरात्री म भोलि लिन आउँछु ठीक आठ बजे । सुराई मसँग हाल मिलाउदै निस्किए ।

दाइ चिसो लिनुस् । पारु ट्रेमा थरीथरीका चिसो लिएर आईन ।

मैले स्प्राइट पिएँ र एक छिनपछि आउँछु ल, खाना खान मिठो बनाइराख्नुस् है, बहिनीहरु मैले उठ्दै भनें ।

हस ! तीनवटै बहिनीहरु मुस्कुराए । म निस्किएँ र लिफ्टतिर सोझिएँ ।

सर जाउँ ! लिफ्ट रोक्दै एकजनाले मलाई हातले इसारा गरे ।

म लिफ्टमा चढेपछि उनी पनि चढे ।

तपाईंको नाम के नि । मैले जिज्ञासा राखे ।

उत्तरकुमार गुरुङ । लमजुङ्ग हो घर । झण्डै छ वर्ष भयो, यहाँ काममा लागेको । अब घर फर्कने समय भएको छ । दुईतीन दिनपछि जाने हो ।

सँगै पो हुइन्छ कि जस्तो छ, नि । मैले भनेँ ।

रमाईलो हुने भो, सर । मलाई कोठासम्म पुऱ्याएर उत्तरकुमार फर्किए ।

कोठा साँच्चै राम्रो थियो ।

म नेपालमा छु वा कतारमा ? जता गयो उतै नेपाली । कामको खोजिमा नेपाली युवाहरु विदेशिएको मलाई राम्रो ज्ञान थियो । आजकल राजनीतिक अस्थिरताले विदेशिने क्रम झन बढेको छ । देशमा लगानी छैन । आर्थिक क्रियाकलाप छैन । खेतीवाली लगाउन सिचाई छैन । रोजगारी नपाएपछि युवा नविदेशिएर के गरुन त ? अहिले देश युवाबिहीन बनेको छ । गाउँ-शहरमा श्रमीकको अभाव छ । गाँउघरमा मलामी र जन्ती जाने युवक छैनन् । खेत जोत्नेको के कुरा गर्ने । अलिअलि भएको काम पनि विदेशी आएर गरिरहेका छन् । म सोच्दै डङरङ्ग बेडमा पल्टिएँ ।

एकदिनपछि खाना खान गएँ । रेष्टुराँमा नेपाली बहिनीहरुले सिफारिस गरेको अरेविक पकवान खाएँ, मज्जासँग ।

भोलिपल्ट सुराईसँगै वसमा एयरपोर्ट फर्किएँ, हिजो साँझ घुमेका ठाउँहरु सम्झँदै ।

मेरो जेनेभाबाट कतार हुँदै नै फर्कने रुट थियो । म बोर्डिङ पास लिएर ड्युटीफ्रि पसलहरु घुम्न थालेँ । पसलमा काम गर्ने र सुरक्षा जाँच गर्ने स्थानमा पनि नेपाली कामदारहरु नै भेटिए । मेरा आँखा भने उत्तरकुमारलाई खोजिरहेका थिए । एकैछिनमा उनी भेटिए । उनले सँगै रहेकी काठमाडौंकी कमला श्रेष्ठलाई चिनाए । उनीहरु निकै खुसी देखिन्थे । जहाज उडने समय कुर्दै बस्दा घर फर्किने खुशीले झुमेका थुप्रै नेपालीहरु देखिए । बा-आमा, श्रीमान-श्रीमती, छोरा-छोरी, साथी-भाइ, घरछिमेकीसँगको भेटघाटको कल्पनामा

निर्लिप्त थिए। कसैले टिभी, कसैले फ्रिज, कसैले मोवाइल, कसैले ल्यापटप त कसैले लुगाफाटो किनेको जमेर सुनाई रहेका थिए। मैले उनीहरुको कुराकानी ध्यान दिएर सुनिरहेँ। जे होस् वर्षौंवर्ष विदेशमा काम गरेर फर्कदा भने नेपाली दाजुभाइ दिदी-बहिनीको अनुहार चम्किलो थियो। मलाई खुशी लाग्यो। कतार एयरवेज दोहाबाट उड्दा जहाज एकजना विदेशी बाहेक सबै नेपाली यात्रुले भरिएको थियो। संजोगले उत्तरकुमार, कमला र मेरो सीट एउटै थियो। हामी कुराकानीमा डुवेका थियौ। उनीहरुको ठूलो चिन्ता देशको राजनीति थियो भने मेरो उनीहरुले भोगेको दुःख।

विहे त भएको छैन नि कमलाजीको भन्ने मेरो एक प्रश्नमा उनी अलिकति लजाईन र लजाउँदा लजाउँदै पनि खुल्दै गईन।

बिहे त भएको छैन ! तर मेरो एउटा केटा साथी छ। कलेज पढछ। ओमानमा रहँदा हामी प्रत्येक दिन कुरा गर्थ्यौं। मैले उसलाई कुराकानी गर्न मोवाइल किनिदिएँ र पैसा पनि पठाइरहेँ। उ काठमाडौंको होइन र काठमाडौंमा घर पनि छैन। घर नभएर के भयो त हैन ? मायाप्रेम भएपछि। ओमानको साहुनीले वाउआमा र श्रीमानसँग वाहेक कसैसँग कुरा गर्न नदिने। मैले त मेरा विहे भै सकेको भन्दै होमसँग कुरा गर्थें। फर्केपछि विहे गर्ने भनेको छ, होमले। विहे गरेपछि म अरब फर्किन्न होला। कति बस्नु अर्काको देशमा, दुःख गरेर। साग र सिस्नु खाएर भने पनि आफ्नै देश बस्ने हो। कमला श्रेष्ठले आफ्नो इच्छा र चाहना निमग्न सुनाइन्।

कमलाजी तपाईंको मनेच्छा पुगोस्। विहेमा निम्ता गर्नु होला। मैले जिस्काउँदै भने। कमला मुसुमुसु हाँसिरहिन्।

तपाईंलाई कस्तो अनुभव भै राखेको छ नि उत्तरजी ? मैले उत्तरकुमारतर्फ फर्कँदै सोधेँ।

कतार जाने बेला पचास हजारमा नामी खेत बन्धकी राखेका थियौं। त्यो जग्गा निखन्न पैसा पठाएँ। त्यो निखनियो। कतार जानेबेला छोरा चार वर्षको र छोरी दुई वर्षकी थिई। अब त छोरा दश वर्ष र छोरी आठ वर्षका भैसके। सुन्तली गाउँबाट छोराछोरी पढाउन भनेर बेसिशहर आएर बसेकी छे। गाउँमा त बाआमा मात्रै हुनुहुन्छ। छोराछोरीले त चिन्दैनन् होला मलाई। फोनमा त बोलिराखेको हो। सुन्तली पनि फेरिइकी भन्ने पो डर भै रा'छ सर, छ वर्षपछि फर्कँदा। अनौठो भैराखेको छ मलाई त। उत्तर कुमारजीले मनका तरङ्गहरु सुनाए।

नेपालबाट देशबाहिर गई कमाउने प्रचलन अठारौं शताब्दीबाटै शुरु भएको हो। पाकिस्तानको 'लाहोर' गई फर्केका नेपाली पछि पछि लाहुरे कहलिन थाले। लाहुरे देश र परिवारको आयआर्जनको प्रमुख स्रोत बन्यो। जुन आजसम्म छ। राजनीतिक संक्रमणले देशमा व्यवसायिक लगानी बढ्न सकेन। रोजगारी सिर्जना भएन। सामाजिक चेतना बढेर गयो। मान्छे मान्छे भएर बाँच्न लालायित भए। गरिवीको चेपुवाबाट मुक्त हुन र रोजगारी खोज्न चाहनेहरु शहरतिर लागे। देशको उत्पादनमा आधारित अर्थतन्त्र ह्रासोन्मुख भयो। नीति निर्मातामा अर्थतन्त्र डुब्ने डर पैदा भयो। शहर पस्नेहरु देश बाहिर जान थाले। विदेशबाट आएको आम्दानीले अर्थतन्त्र टिकेकोमा राजनीतिज्ञ, अर्थविद् र नीतिनिर्माता ढुक्क भए। अर्थतन्त्रको गतिशीलतामा विदेश गई कमाएर घर पठाउने पैसा रेमिटान्सको भूमिका अहिले एक चौथाई पुगिसकेको छ। तर त्यसको सामाजिकआर्थिक परिणाम र सामाजिक लागतको चर्चा, अध्ययन र सोका नकारात्मक पक्षको सम्बोधन हुन सकेको छैन। वलिष्ठ बाहुवल विदेश पठाएर अर्थतन्त्र परनिर्भर बनेको छ। जुनसुकै वेला पनि भताभुङ्ग हुनसक्छ। अहिले देशमा उपभोग बढेको छ। कृषि उत्पादनदेखि औद्योगिक उत्पादन स्वात्तै घटेको छ। घर निर्माण, टिभी,

फ्रिज, कम्प्युटर गरगहना जस्ता अनुत्पादक क्षेत्रमा खर्च बढेको छ । मान्छेहरु खर्चालु भएका छन् । सामाजिक मूल्य ह्रास भएको छ। घर परिवारहरु भत्किएका, टुक्रिएका छन्। सारमा भन्दा आर्थिक सामाजिकरुपमा देश दुःखी बनेको छ ।

प्लेनमा दिएको खानेकुरा खान डराउने नेपालीको मनस्थिति । कहाँ के काम गर्न जाने हो पत्तो छैन । काम गर्न जाने देशको कानून, संस्कृति जान्नु छैन । हावापानी बारेमा ज्ञान छैन । यस्ता सवै कारणले विदेशमा दुःख पाएको छ, हण्डर खाएको छ। बढीमा ३०-३५ डिग्रीमा बाँचेको विचरा ५० डिग्री भन्दा बढी तातोमा खटेको छ । फोहरी, खतरनाक काम सस्तोमा गरेकोछ । यता स्वदेशमा उनीहरुको पसिना र रगतमा साटिएको पैसामा बसेर अरु रमाइरहेछन् । उफ्, मलाई छटपटाहट भयो । जहाज काठमाडौं एयरपोर्टमा थ्याच्च बस्यो, म झसङ्ग भएँ ।

जहाज बसेपछि, मोवाइलहरु बज्न थाले । सबै फोन गर्न व्यस्त भए । एयरपोर्टमा भन्सार इमिग्रेशनमा नेपाली कामदारप्रति गरेको व्यवहारले मेरो मन छिया छिया भयो । विदेश काम गर्न जााने र विदेशमा काम गरेर फर्कने कामदारहरुका लागि सम्मानित व्यवहार गर्न पाए कामदार दाजुभाइदिदीवहिनीहरुलाई सास्ती त हुन्नथ्यो की । सोच्दै म घर तिर हिर्डें, कमला र उत्तमकुमारलाई हात हल्लाउँदै ।

एक हप्तापछि म कान्छा मामाको चौरासीमा मन्ज्याङ्ग पुगेर फर्कदा वेसिशहरमा उत्तमकुमारसँग टुप्लुक्क भेट भयो । उत्तमकुमारजी, रमाइलो भैराखेको होला, परिवारको साथमा बस्दा त होइन ? हात मिलाउँदै मैले उनलाई सोधेँ ।

चिया पिउँदै बसेर कुरा गरौं न सर ! उत्तमकुमारको अनुहार मलिन थियो । उनी चिया पसलतिर सोझिए। म पछिपछि लागेँ।

के को रमाइलो हुनु सर । वेइमान निस्की नि सुन्तली त । मैले पठाएको पैसा त खाएर सिध्याइछ, केटासँग बरालिएर । छोराछोरीको विचल्ली रहेछ । म आएको भोलिपल्ट छोराछोरी मलाई जिम्मा लगाएर हिडि पो गई । धत्तेरिका सर, अरवको आगोको मुस्लोमा बसेर गरेको दुःख त्यसै गयो । गाउँमा बन्धकी जग्गाको पैसा पनि बुझाएकी रैनछ। जग्गा जग्गा गयो। घर घर बिग्रियो । गाँउमा मुख देखाउन नहुने भयो । उत्तरकुमारका आँखा आँसुले डम्म भरिए । वर्वाद पो भएछ। म पनि द्रवित भएँ ।

सर, वरु विदेश नजादा सुखी थियौं, हामी । सुन्तली र म रमाउदै खेतवारीमा काम गर्दा मेलापात जाँदा कम्ता त रमाईलो हुन्नथ्यो । त्यसवेला टिभि थिएन, कम्प्युटर थिएन तर सुख्ख त थियो । आज केही पनि छैन । उत्तरकुमार संझदै भक्कनिए, आँखावाट तप्प आँसु खसे ।

म के गरौं के गरौं भएँ ।

उत्तरकुमार मात्रै रोएको होईन मलाई सारा नेपाली मन रोएको भान भयो। एकतमासको नरमाईलो लाग्यो। चुपचाप भएँ।

विचरी कमलाको पनि त ट्र्याजेडी भएछ, सर। केटाले त पैसा खाएछ खाएछ, काठमाडौं आउँदा त अत्तोपत्तो छैन । अर्कै केटीसँग विहे गऱ्यो रे । उत्तरकुमारले सम्हालिदै जानकारी दिए ।

उफ् मलाई झन नरमाइलो लाग्यो । उनको काठमाडौं फर्कँदाको हँसिलो अनुहार सम्झिएँ। के गर्ने त अव उत्तरजी ? अरवको भुङ्ग्रोमा जाने त फेरि ? मैले चियाको अन्तिम चुस्की लिँदै भनेँ ।

अरब सरव नजाने सर। सिकेको सीपले देश मै केही गर्ने, छोराछोरी पाल्ने, हुर्काउने, पढाउने ।

हातमा त फुटेको कौडी पनि छैन क्यारे । उत्तरजीसँग तत्कालका लागि कुनै उपाय थिएन । उत्तरकुमार अरव नफिर्नेमा प्रतिवद्ध थिए। म उत्तरकुमारलाई शुभकामना दिएर काठमाडौं फर्किएँ। ✦

# समय

**– अर्जुन 'यावा'**

धेरै दिनपछि आज गान्तोक आइपुगेको छु म । सचिवालय पुगेर झरेँ । एमजी मार्गमा बसेर रमिता हेरिबस्न मन लाग्यो । रमिता नै भनौँ, मानिसहरूको ओहोर-दोहोर अनि व्यस्तता । हामी गाउँघरको उकाली ओह्रालीमा भुलिनेहरू, घरिघरि गान्तोक आउजाउ गर्नेहरूको मुखबाट मात्र गान्तोक शहरको सुन्दरताका कुराहरू सुन्न पाइन्छ । हेर्न त कहिलेकाहीँ मात्र आइपुगिन्छ । त्यही कहिलेकाहीँको एउटा दिन आज पनि भएको छ । माथिबाट हेर्दा भर्खर स्टार सिनेमा हल छेउ हुँदै आएको । औधी रमाइलो लाग्यो । साह्रै रमाइलो भएछ गान्तोक शहर । स्टार सिनेमा हल अगाडिदेखि टाइटनिक पार्कसम्म नै भुइँमा टायल्स लगाएको देखेँ । टाइटनिक पार्कमा पनि टायल्स लगाइएको रहेछ, कति रमाइलो । महात्मा गान्धीको मूर्ति वरिपरि पनि राम्रा राम्रा फूलहरू रहेछन्, माझमा पानीको फोहरामा देशी विदेशी पर्यटक फोटो खिचाउनमा तल्लीन छन् । चारैतिर मानिसहरू व्यस्त देखिन्छन् । आ-आफ्नो धुनमा कहाँ र किन हो कुन्नि त्यसरी दगुरिरहेका छन् ? एकप्रकार आनन्द लाग्दो रहेछ, लागिरहेछ, रमिता हेर्न । काश : यस्तै खुशी हाम्रो गाउँ घरमा पनि भइदिए ! हाम्रो गाउँघरमा कहाँ यस्तो हुन्छ र ! एकाबिहानै घाँस काटन जानुपर्छ । पानी झरी भन्नसम्म पाइएन । चिसो ठिही होस् कि टण्टलापुर घाम, घाँस दाउरामा जानैपऱ्यो, बारीको काम गर्नैपऱ्यो । भोक तिर्खा केही भन्न पाइदैन । तर पनि एक प्रकारको रमाइलो हुन्छ गाउँमा । यहाँ त यतिबिघ्न मान्छेहरू छन् तर सबै आ-आफ्नै व्यस्ततामा छन् सबै ।

यतिबेला म यहाँ राखिएको आराम कुर्चीमा बसेर रमिता हेरिरहेको छु । अचानक बिहान घरबाट निस्कँदाको कुरा झल्याँस्स सम्झनामा आयो ।

घरबाट निस्केको मात्र थिएँ, खोला पारिबाट गाडी आउँदै गरेको देखेँ । घर माथिको सडकमा आइपुग्दा झण्डै दश मिनट त जान्छ नै । पक्कै पनि गान्तोक गएको हुनुपर्छ, सम्झेर सामान्यभन्दा तीव्र गतिमा उकालो लागेँ । गान्तोक आउने गाडी हाम्रो गाउँबाट त्यति नपाइने हुनाले त्यो गाडी भेटनैपर्ने थियो मैले ।

सडक पुग्न पाँच-छ कदम मात्रै थियो, गाडीले छोपिहाल्यो मलाई । लाग्यो, पल्लो गोलाई घुमेर आउँदा त माथिल्लो सडकमा पक्कै पनि भेट्छु । स्वाँ स्वाँ तानिरहेको स्वास रोकेर फेरि अझै उकालो लागेँ ।

पेशाले शिक्षक मान्छे म । अलिअलि हिँडने बानी त छँदैछ । तर त्यसरी दौडिने बानी विद्यार्थी जीवनसित छोडिसकेको थिएँ । यसै त विद्यार्थी जीवनमा पनि धेरजसो समय पढाइमा नै बित्थ्यो । सँधै कक्षामा प्रथम आउने होडको दौडबाजीमा कहाँ त्यस्तो ध्यान दिन पनि सकियो र ! एक असल डाक्टर बन्ने लक्ष्य राखेर कलेजसम्मको अध्ययन पूरा गरेँ । सपना तर कहाँ सबै पूरा हुँदारहेछन र ? म डाक्टर त बन्न सकिँन, तर एक असल शिक्षक हुनसकेँ । त्यो भन्दा पनि ठूलो कुरा आफै पढेको स्कुलमा आफैलाई पढाउने शिक्षकहरू सँगै नानीहरू लाई पढाउन पुगेको

छु । म त डाक्टर भइन तर गाउँका नानीहरू लाई बनाउने सपना मभित्र बसेको छ ।

उकालो स्वाँ-स्वाँ स्वास फेर्दै दगुर्दा गाडी नभेटे पनि अन्तिम आशा थियो, अर्को गोलाइमा घुमेर आउँदा त पक्कै भेटछु भन्ने । साँच्चै गाडी भन्दा तीस सेकेण्ड जति छिट्टै पुगेँ ।

'अरे जीवन साथी ! कता हिँडनु भयो ?' विनोद रहेछ । गाडी रोकेर प्रश्न गऱ्यो, मैले पनि चाहेको त्यही थिएँ । हो, त्यही विनोद सानोमा मसितै पढेको त हो । सम्झँदा पनि आङ सिरिङ्ग हुन्छ । साह्रै बदमाश थियो । क्लास क्याप्टन बनाउनु भएको थियो राधिका गुरूमाले । निहुँ केही चाहिँदैनथ्यो उसलाई साथीहरू लाई पिटाई गर्न ।

'बजार हिँडेको । तलैदेखि तपाँईको गाडी देखेर झण्डै भेटिएन । फेरि अरू गाडी आज पाइन्छ जस्तो छैन । तपाँई गान्तोकतिरै जानुहुँदैछ भने मलाई पनि लिफ्ट दिनुहुन्छ की भनेर नि....।' मैले एकै स्वासमा भनिदिएँ । मनमा कता-कता अप्ठ्यारो लागिरहेको पनि थियो, तर उपाय केही नै थिएन ।

'अरे, बस्नोस् न । म गान्तोक नै गएको । पार्टी अफिसमा यूथ मिटिङ छ, त्यसैले जाँदैछु ।'

म गाडीमा बसेँ । यतिबेला पो थाहा पाएँ, अघि उकालो दौडाइको बेला झण्डै कुलोमा पसिएको थिइयो । देब्रे खुट्टामा पाइन्ट त हिलोले सप्पै बिगारेछ । फेरि सडकमा बिचको खाल्डोको पानी जुत्ताभित्र पनि पसेछ, थाहै पाइएन । जे होस्, गाडी पाएकोमा ढुक्कै भएँ कमसेकम आजको काम त हुनेभयो । बाटो राम्रो नभए पनि स्कर्पियोमा चढनु आरामै हुँदोरहेछ । तीन घण्टा नभई मलाई गान्तोक उतारिदियो उसले । यति बेलासम्म अघिको पाइन्टमा लागेको हिलो सुकिसकेछ, रूमाल निकालेर पुछेँ अनि आफ्नो कामतिर लागेँ । ऊ भन्दै थियो, "भरे अलिक ढिलो हुन्छ होला तर पनि जानुभन्दा अगाडी एकपल्ट फोन गर्नुहोस् ल । मिलेछ भने सँगै जाऊँ न ।"

यो एमजी मार्गमा आएर नबसेको साँच्चै धेरै भएछ । पहिला आउँदा त नारायणदाससम्म मात्रै टायल्स लगाइएको थियो, हेर अहिले पल्लो छेउसम्म नै पुऱ्याइएको रहेछ । सरकारले सिक्किमलाई स्वीजरल्याण्ड बनाउँछु भन्थ्यो, साँच्चै कति रमाइलो भएछ । हाम्रो गाउँघरमा पनि यस्तै रमाइलो भइदिए । हाम्रो स्कुल जाने बाटो त झन कहिल्यै राम्रो भएन । पोहोर बल्ल बल्ल बनाएको पनि सबै भलले बगाइदियो । तर गाउँको त के कुरा पनि गर्नु र गान्तोककै पनि त सडकहरू सबै खाल्डै खाल्डा भइसकेको रहेछ । यो भल बाढी त गाउँमा मात्रै पो सम्झेको, शहरमा पनि त्यही त रहेछ ।

"अँ, जीवन साथी के सोचिरहनु भएको ?" के के सोचिरहेको थिएँ, उही विनोद आइपुगेछ ।

"जाउँ, कफी पिउन ।" मैले पहिलो प्रश्नको जवाफ दिएकै थिएन, कफी पिउने प्रस्ताव आयो । अस्वीकार कसरी गर्ने र मैले ? सिधै अर्थडक्समा पुगेर कफीसितै पार्क चाउमिन पनि मगायो उसैले ।

म मनमनै सोचिरहेँथे आठौं श्रेणीमा तीनपल्ट फेल भएर पढ्न नपाउँदा हेडसर सित झगडा निस्किएको मान्छेको रवाफ आज यस्तो छ । गाउँघरमा सबैले इज्जत नै गर्छ । गाडीमा गाडी, बिल्डिङमा बिल्डिङ, पैसा रूपियाँमा त्यतिकै सम्पन्न ।

कफी र चाउमिन सिध्याएर हामी झऱ्यौं एमजी मार्गमै ।

"कति काम छ तपाँईको ?" सोध्यो उसैले ।

"छैन, सकियो अघि नै ।" छोटो उत्तर दिएँ ।

"मेरो पनि काम केही छैन , उसो भए जाउँ होइन ?"

"जाउँ" मैले भनें, अनि उसको पछि लागेँ । एमजी मार्ग सिधै तेर्सिएर नारायणदासा पुग्यौँ अनि ठाडो लाइन ओह्रालो लाग्यौँ । डेञ्जोङ सिनेमा छेउबाट अघि बढ्यौँ । यहाँ अहिले पुरानो लालबजार छैन । त्यहाँ कञ्चनजङ्घा शपिङ कम्पलेक्स छ । कञ्चनजङ्घा शपिङ कम्पलेक्सको भुइँतलामा राखिएको उसको गाडीमा हामी दुवै पस्यौँ ।

यहाँ पनि पार्किङको समस्या भएकोले टयाक्सी चालक सङ्गठनले केही दिनदेखि मात्रै त हो यहाँ निजी वाहन नराखिदिइयोस् भनेर सरकारसित माग राखेको समाचार पत्रमा पढेको थिएँ ।

यतिबेला म मनमनै सोचिरहेको थिएँ, पढेरै मात्र जीवनमा कहाँ जीवनमा सफल भइँदो रहेछ र । नभए बिहानै त्यसरी किन दौडिनुपर्ने थिएन । गान्तोक आउँदैपछि यसरी उकालो कुदनुपर्ने थिएन । खै त मैले पढेको, के भयो र ? मनमनै आफैसित प्रश्न गरेँ ।

दुई वर्ष पछिको कुरा, म नानीहरूलाई टयूशन पढाउनमा व्यस्त थिएँ । पारिबाट एक हुल युवाहरू कराउँदै आइरहेका थिए ।

हाम्रो नेता-जिन्दावाद-जिन्दावाद-जिन्दावाद !

विनोद-तिमी नडराउ-नडराउ, नडराउ !

गरीबको नेता आयो है-आयो है, आयो है !

आज खै कुन चाँहि पार्टीको टिकट बाँड्ने भन्दै थियो, सायद विनोदले पनि पाएछ । युवाहरूले लगाएको नाराबाट प्रष्टै बुझिँदै थियो ।

युवा समूह नारा लगाउँदै मेरै घरमा आइपुगेछ । अगाडि-अगाडि विनोद, पछि पछि समर्थकहरू रहेछन् । म दैलोमा निस्केको मात्र थिएँ, हातमा खदा लिएर "लहै साथी ! तपाँईहरूको साथ चाहिएको छ । सहयोग गर्नुपर्छ है ।" भन्दै आइपुगेछ उही विनोद साथी । हुलबाट एकजना अगाडी निस्किएर बोल्न थाल्यो, प्रकाश भाइ रहेछ । भन्दै थियो, "लु है जीवन दाज्यू ! यसपालि हामीले राम्रो नेता पाएका छौँ । ढलपल हुनुभएन है । विनोद सरलाई सघाउनुपर्छ है ।"

हिजो-अस्तिसम्म 'त्यो विनोद' भन्नेले आज 'विनोद सर' भनेको सुन्दा छक्कै परेँ म । तर केही पनि भनिन ।

रात-दिन विनोद सरको घरमा युवाहरूको धुइरो लागेको छ भन्ने खबर सबैले ल्याउँछन् । नयाँ किनेको स्कार्पियोमा गान्तोकबाट चामल, सब्जी, मासु, रम, बियर ओसार्न फुर्सद छैन भन्दै थियो हिजो परको धनवीरले । प्रेमराजले पनि यसपालि त विनोद सरले जित्ने नै रहेछ भन्दै थियो । आफूलाई भने नानीहरूलाई पढाउनबाट फुर्सदै छैन ।

'जिन्दावाद-जिन्दावाद'-को नारा लगाएको झण्डै एक महिना दिन भएजस्तो लाग्छ, चुनाउ पनि सकियो । चुनाउसितै विनोद सरको ढिकुटी पनि रित्तियो । तर यो कुरा विनोद सर बाहेक अरूलाई सायद थाहा छैन । नयाँ स्कार्पियो पनि गाउँमा हिलो र खाल्डा-खुल्डी भएको बाटोमा चलाउँदा-चलाउँदै ग्यारेज पुऱ्याएको छ भन्ने सुनेको थिएँ । जग्गा-जमिन पनि सबै चुनाउले खाइदियो । दुई वर्षअघि बनाएको घर र बाउ-बाजेले बनाइराखेको पुरानो घरबारी छोडेर सबै सकियो भन्दै थिए गाउँलेहरू । तर पनि ढुक्कै छ विनोद सर दुई-चार वर्षमा फर्काइहाल्छु भन्ने सोचेर सायद ।

आज र भोलि भन्दा-भन्दै चुनाउ परिणाम पनि आयो । विनोद सर बेलुका कतिबेला घर आइपुग्यो सायद कसैले थाहा पाएनन् गाउँमा । मैले पनि थाहै पाइन, सोधखोज पनि गरिन । दिउँसो स्कुल जानु-आउनु, बिहान-बेलुका नानीहरू लाई टयूशन पढाउनुको व्यस्तताले कहिल्यै फुर्सद पाइँदैन । पढाउन भ्याउँदिन भन्दासम्म

अभिभावकहरू घरैमा आएर पढाइदिनैपर्छ भन्छन् । सक्दिन भन्दा पनि गाउँबाट अब यी केटाकेटीहरू कहाँ जावोस् त भन्छन् । आफूलाई भने खानसम्म फुर्सद छैन, तर पनि पढाउनै पऱ्यो । गाउँकाहरू मात्र नभएर कहाँ-कहाँकाहरू पनि आउँछन् । फेरि सबैको मायै लाग्छ । आफुले पढाएका नानीहरू कहाँ-कहाँ पुगे, के-के भइसके, तर आफू भने जहाँका तहीँ । तरै पनि खुशी लाग्छ ।

झण्डै एक वर्षपछि बाल दिवसको अवसरमा पारिपट्टिको एउटा निजी पाठशालामा जाँदै थिएँ । भ्याइ नभ्याइ भए पनि जानैपर्ने । हेड सरले आफै घरमा आएर कसै गरी भए पनि आउनुपर्छ भनेका थिए । ऊ पनि मरै विद्यार्थी । बाटोमा जाँदै थिएँ, उही विनोद सर भेटाएँ, मेरो पुरानो साथी ।

"अरे ! धेरैपछि भेट भइयो, कता हिँड्नु भयो साथी ?" प्रश्न गऱ्यो उसैले ।

"पर भिजन एकाडेमीमा जाँदैछु, तपाँई नि ?" जवाफसँगै प्रश्न राखेँ ।

"सानो काम थियो, त्यसैले पल्लो गाउँसम्म जाँदैछु । ल त साथी, गएँ है" भन्दै अघि बढ्यो पनि । पर....सम्म हेरिपठाएँ, बिचरा निक्कै कमजोर भएछ ।

त्यसपछि भने निकै भइसक्यो भेट भएको छैन, खबर पनि केही छैन । सायद कतैतिर व्यस्त होला ।

आजभोलि हाम्रो गाउँ यस्तै भएको छ, कसैलाई कसैको खबर हुँदैन । सबैलाई आ-आफ्नो व्यस्तता छ । गाउँको कुरा गाउँमै थाहा हुँदैन, बरू सहरतिर पुगिहालियो भने चिनेकाहरूले सुनाउँछन् । सायद समयले सबैलाई व्यस्त बनाएको छ ।

गान्तोक, सिक्किम

# चोका

– मोहनबहादुर कायस्थ

**मेरी प्रेमिका**
**तिमी किन मातेकी ?**
**मेरो मायाको**
**किन तिरस्कार हो ?**
**भ्यालेन्टिन डे**
**मात्र प्रेमिका भुल्ने**
**प्रेमी सम्झने**
**विगतको प्रेमीको**
**तृष्णा मेट्ने रे**
**सम्झिएर के गर्ने ?**
**उमेरले त**
**डाँडो काटिसकेको**
**याद अहिले**
**च्यान्टी मोरीले खिस्स**
**हाँसेको सम्झ्यौ ?**
**चुम्मा पनि गऱ्यौ कि?**
**प्रेम साट्यौ कि ?**
**ओछ्यानमा पारे कि?**
**त्यस्तै सङ्घर्ष**
**घर्षणको बेलामा**
**चिच्याई मोरी**
**उन्मत्त भए पनि**
**मेरी प्रेमिका**
**म पनि हिँडिदिऊँ**
**शान्ति खोजेर**
**म पनि झझली**
**सम्झने गर्छु**
**तिमीले जस्तै गरी**
**आफ्नै कथाको**
**आफ्नै गतिलो प्रेमी**
**पोसिली रसिलाजी ।**

• कथा

# स्मृतिका पानाहरू

– सारिका राई 'याद'

आज फेरि किन यो मन उदास-उदास........।

गान्तोक रेडियोबाट बजिरहेको यो गीतले साँच्चै किन मेरो मनै उदास-उदास बनाइदियो । आफैंलाई थाहा छैन, यस गीतसँग मेरो के सम्बन्ध, कस्ता साइनो छ ...। जब यो गीत सुन्छु मेरो मुटु त्यसै दुःखेर आउँछ, आँखा त्यसै रसिएर आउँछ ।

गीत सुन्दा-सुन्दै अनायसै मलाई विद्यार्थी जीवनको यादले सताउन थाल्यो अनि धेरै वर्षदेखि बक्समा थन्काई राखेको अटोग्राफ कपी निकालेर हेर्न थालें । अथवा यसो भनौं रेडियोबाट बजेको यो गीतले मलाई यो अटोग्राफ हेर्न बाध्य बनायो ।

प्रश्नहरू एक-एक गर्दै पल्टिँदै गए । आहा कति सुनौलो थियो त्यो जोवन । हामी कति रमाउँथ्यौं त्यतिबेला । पल्टिँदै गएका पन्नाहरू सँगै एक-एक गर्दै साथीहरू आँखामा आउन थाले । उनीहरूको तस्बिरसँगै उनीहरूले कोरिराखेका सम्झनाका लहरहरू नियाल्दै गएँ क्रमशः ....। पत्रहरू सँगै मञ्जिता, पूजा, विमला, अरूण, राकेश र अन्य साथीहरूसँग बिताएका एक-एक पल आँखामा नाच्न थाले । यस्तो कि म स्वयम् दश वर्षअघिको विद्यार्थी जीवनमा फर्किएकी छु ।

अटोग्राफ पहिले पनि नपल्टाएको होइन । तर आज यी पन्नाहरूमा कोरिएका अक्षरहरू पढ्न खुबै रमाइलो लागिरहेको छ मलाई । अझ भनौं अटोग्राफमा कोरिएका अक्षरहरू पढेर नसकियोस् कहिल्यै । अनि म पढिरहुँ, पढिरहुँ जस्तो लागिरहेको छ ।

स्कुल पढ्दाका साथीहरूले लेखिदिएका यी सम्झनाका लहरहरू, मायाका सौगातहरू, स्मृतिका चिह्नहरू, प्रेमका गुच्छाहरू आज जुनसुकै पानामा छरपष्ट देख्छु । तर खै त्यो समय ? खै त ती सबै साथीहरू आज ? समय जस्तै मित्र अनि मित्रता पनि त कहाँ स्थिर रहँदो रहेछ र ? बगी जाने खोला झैं ती फूलहरू पनि स्मृतिमै सीमित रहँदो रहेछ यी अटोग्राफका पानाहरूभित्रै ......। सायदै बगेको पानीलाई छेक्ला पनि । (गीत बजिरहेको हुन्छ) ।

बगिजाने खोला झैं .....।

जति पानाहरू पल्टाउँदै जान्छु, विगत त्यति नै पल्टिदै जान्छ । एक ठाउँ फेरि मेरा यी दुई नयन टक्क अडिन्छ । अनि मेरा अघि सिङ्गो प्रतिबिम्ब झल्किन्छ, उही हँसिलो अनुहार बोकेको सफलको ।

कति माया गर्थ्यो उसले मलाई । म भन्न सक्दिन थें । म पनि उसलाई उतिकै माया गर्थें । अझ भनौं म त ऊबिना बाँच्न पनि सक्दिन थिएँ । हामी दुवै आपसमा छुट्टिएर बाँच्ने कल्पनासम्म पनि गर्न सक्दैन थियौं । वास्तविकता कहाँ त्यो हुँदो रहेछ र ?

म कहिले काहीं भन्ने गर्थें "सफल ! पछि यदि हामी छुट्टिनु पर्‍यो भने तिमी के गर्छौ ?"

हतार-हतार मेरो मुख छोपिदिँदै ऊ भन्थ्यो, "सम्झना, प्लिज, त्यस्तो कुरा नगर मसित । थाहा छ, तिमीबिना त म एकपल पनि बाँच्न सक्दिन । हो, सम्झना, तिमीबिना बाँच्न त के बाँच्ने कल्पनासम्म

गर्न सक्दिन । जीवनमा जस्तै आँधी हुरी आओस्, जस्तै पीर-व्यथाको सामना गर्नु किन नपरोस्, जस्तै आपत-विपद, दुःख कष्ट आओस्, हाम्रो यो साथ कहिल्यै नछुटोस् । हाम्रो यो मिलन कहिल्यै नतोडियोस्..यो साथ नछुटोस् कहिल्यै पनि...। सायद कता...कता सुनिदै गरेको गीतले मलाई नै गिज्याउँदै थियो कि कतै.....।"

दुःख र सुख बेग्ला-बेग्लै हामी बाँचौं एक भई....। हामीले चाहेर पनि कहाँ एक हुन सक्यौं र । हामीले सजाएका सपना केवल सपना नै रह्यो । आज ऊ म कहाँ । जसलाई म भन्ने गर्थें, "सफल, मलाई यति धेरै माया नगर । धेरै माया गर्‍यौ भने त छुट्टिनु पो पर्छ अरे त ।"

ऊ भन्थ्यो-नगर त्यस्तो व्यर्थैको कुरा । कसले के भन्यो नि तिमीलाई त्यस्तो ।

अनि ऊ अलिकति रिसाउँथ्यो । वास्तवमा मैले त्यस्तो कुरा गर्दा दङ्ग्याउने गर्थ्यो ऊ । उसको त्यो बानी पनि मलाई खुबै राम्रो लाग्यो ।

फेरि ऊ भन्थ्यो, "हुन त म एक गरीब आमा-बाबाको छोरा अनि तिमी धनी घरकी छोरी....। हामीबीचको सम्बन्ध तोडिन पनि के बेर छ र ....। त्यसै पनि भाग्य कसैले देखेको हुँदैन । उसको यस्तो कुराले मेरो नारी हृदय टुक्रा-टुक्रा बनाइदिन्थ्यो । मेरो वशमा भए म यो अमिर-गरीबको पर्खाल तोडिदिन्थें । एउटा नयाँ समाजको निर्माण गरिदिन्थें । यहाँ जहाँ सबैले बाँच्न पाउने अधिकार एक समान पाउने थिए । विवश म त्यसो गर्न सक्दिन ।

छिया-छिया लाग्थ्यो मलाई त्यस्तो कुरा भन्दा । व्यर्थै त्यस्तो कुरा गरेर उसको मनलाई चोट पुर्‍याएछु जस्तो लाग्थ्यो ।

म फेरि सम्झाउँथे उसलाई, "सफल, मलाई माफ गर । मैले तिम्रो हृदयमा चोट पुर्‍याएँ । धनी-गरीबको कुरा गरेको होइन मैले । मेरो वशमा भए म यो अमीर-गरीबको पर्खाल तोडिदिन्थें । एउटा नयाँ समाजको निर्माण गरिदिन्थें । यहाँ जहाँ सबैले बाँच्ने अधिकार एक समान पाउने थिए । विवश, म त्यो गर्न सक्दिन ।"

छिया-छिया लाग्थ्यो मलाई त्यसबेला । व्यर्थै त्यस्तो कुरा गरेर उसको मनलाई चोट पुर्‍याएछु जस्तो लाग्थ्यो ।

म फेरि सम्झाउँथे उसलाई "सफल मलाई माफ गर । मैले तिम्रो हृदयमा चोट पुर्‍याएँ । धनी र गरीब हाम्रो मायामा तगारो बन्ने छैन । फेरि हामी दुईको घरपरिवारले पनि त हाम्रो प्रेम स्विकारिसकेका छन् । यसमा हामी किन डर मान्नु र । बस यति भन्न सक्थें, भन्छु म ।" तर के थाहा, मैले भनेका कुराहरू मलाई नै थिचिरहेका छन् भनेर ।

उसले भनेको साँच्चै हो रहेछ, "भाग्य कसैले देखेको हुँदैन ।"

हामीबीच यति गहिरो माया सम्बन्ध हुँदाहुँदै पनि मेरो अन्तै विवाह गर्नुपर्छ भन्ने कुरा कसलाई थाहा थियो र । न त मेरो बाबा आमालाई, न त सफललाई थाहा थियो, न त मलाई नै, स्वयं भगवानलाई पनि थाहा थिएन सायद ।

हामी बीच भेट नहुनु थियो, जो भयो, हामीले माया गर्नु नै ठूलो भुल गरेछौं । नदेखिएको माया भन्नु ढुंगा-मुढा सरह तर लाएको माया बसेको पिरती छुटाउन गाह्रो हुनेरहेछ । लाग्छ, भेटिएर छुट्टिनु भन्दा नभेटिएकै जाति हुन्थ्यो.....।

(भेटिएर छुट्टिनु भन्दा.......।)

हामी बीचको यो सम्बन्ध अझ कति माथि हुन्थ्यो । गायक कर्णदासको सुमधुर स्वरले भरिएको यो गीत जस्तै । हामी बीचको प्रेम पनि कति मीठा, कति नमीठा बातभित्रै मात्र फुल्थ्यो । हाम्रो प्रेमलाई,

हामी बीचको मायालाई जीवनभरि फुलाई राख्न सकिएन । फुल्न पाएन जीवनभरि हाम्रो माया ।

थाहा छैन मलाई, यो सब कसरी भयो । बस यति थाहा छ, जो नहुनु थियो, त्यही भयो । चाहेर मात्रै पनि सबै कुरा कहाँ पाइँदोरहेछ ? जो हुन छ, त्यो हुन्छ । हाम्रो प्रेम पनि त्यस्तै भयो ।

यदि हाम्रो वश हुँदो हो त हाम्रो भाग्य फेरि लेखिदिने थिएँ म । तर स्विकार्नु परेको छ हामीले, जो लेखेको छ, त्यो भाग्यमा पुग्छ । न त मेटाएर न लेखेर लेखिन्छ ।

सम्झना.....सम्झना........।

झसङ्ग हुन्छु म । सरोज आइपुगेछ । हतार-हतार सम्हालिन्छु तर आँखा भरिको आँशुले म असफल बनेँ आफैलाई लुकाउन ।

अरे, तिम्रो आँखामा किन आँशु ! के भयो......? सरोजको प्रश्नलाई टारिदिने प्रयास गर्दै, “होइन, केही भएको छैन” भन्दै म चिया बनाउन भान्साकोठातिर लागेँ ।

मेरो अघि सिङ्गो वर्तमान थियो । म ती विगतलाई भुल्न चाहन्थेँ, भुल्ने प्रयास गरिरहेको थिएँ । सायद मेरा नयनहरूबाट विगतका स्मृतिका छापहरू मेटिन चाहेकै थिएनन् ।

भान्साकोठाबाट प्रस्टै सुनिरहेकी थिएँ, जुन गीत मलाई सफलले सुनाउने गर्थ्यो, त्यही गीत अहिले रेडियोमा बजिरहेको थियो । रेडियो सँगै सरोज पनि गुन्गुनाइरहेको छ ।

(म त्यो दिन सम्झन चाहन्न, त्यही कथा म दोहोऱ्याउन चाहन्न.....।)

हो, म पनि त्यो दिन सम्झन चाहन्न थिएँ । तर कुन्नि किन सकिरहेकी थिइन । अनि सम्झिरहेकी थिएँ, त्यहाँ विद्यार्थी जीवन र विद्यार्थी जीवनकालका मञ्जिता, पूजा, विमल, अरूण, राकेश अनि .....मेरो हृदयबाट कहिले नहट्ने उही सफललाई.....।

✦

• कविता

# हुचिल

– कृष्णविलास पौड्याल

मध्य रातमा हुचिल
कर्कश स्वरमा एकरसता भङ्ग गर्दै
कुलुलु कुलुलु गर्दै
रातको निरवतामा
एकोहोरो कराइरहन्छ ।
यो शून्यतामा शून्य थप्दै
रातको निरवता भङ्ग गर्दै
आज पनि मध्य रातमा
फेरि हुचिल करायो
निरव रातको पहरेदार बन्दै
खबरदारीका भावमा
एकोहोरो कराउँदा
हिजो आज निरव रातमा
त्यो बुडो हूचिल
बढौलीको पैयाँ मारेको
गाँस बास लुटिएको सुनसान रातमा
फेरि पनि खबरदारी गर्दै
कर्कश स्वरमा निरवता छेड्दै
एकपटक हुचिलले हुँकार गऱ्यो
खबरदारयो बास मेरो पनि हो

· कथा

# पटाचारा

**– केशरी बज्राचार्य**

आदर्श बौद्ध महिलाहरूमा पटाचाराको जीवन अत्यन्त सङ्घर्षमय छ । उनको जीवनी अध्ययन गर्दा के थाहा पाइन्छ भने जतिसुकै दुःखकष्ट सहेर पनि जीवनदेखि हार खानु हुँदैन । साहस, धैर्य र प्रयास जारी राखेमा अन्तमा जीवनलाई राम्रोसँग बुझ्न सकिन्छ । मानिसले आफ्नै गल्तीले दुःखकष्ट पाउँछन् । त्यसलाई सुधार्न बुद्धको शरणमा जानेहरूलाई निर्वाणको बाटो प्राप्त हुन्छ भन्ने शिक्षा पाइन्छ उनको जीवनबाट ।

जीवन वास्तवमा अति सङ्घर्षमय छ । यो संसारमा मनपरेकासँग वियोग सहनुपर्छ । मन नपरेकासँग बसेर काम गर्नुपर्छ । अझै कतिले त मन नपरेकासँग जीवन निर्वाहसमेत गर्नुपर्छ । यो सबै प्रकृतिको नियम हो । यस्तै दुःखसुखबाट पार लागेर सदाका लागि शान्ति पाउन मानिसले निर्वाणको बाटो अप(नाउने र आफ्नो संस्कारलाई बदल्ने निर्णय गर्दछन् । त्यस्ता संस्कार बदल्न नचाहनेहरू जन्मजन्मान्तरसम्म जन्ममरणको चक्रमा परेर दुःख सहिरहन्छन् । तिनीहरूले अरूलाई पनि दुःख दिन्छन् । आफ्नो जीवन पनि व्यर्थमा गुमाउँछन् ।

मान्छेले सबैभन्दा प्रियवस्तु गुमाउनुपर्दा ऊ विक्षिप्त बन्छ । उसको मन उद्वेलित हुन्छ । होस ठेगानमा हुँदैन । यसरी प्रियवस्तुसँगको वियोग र त्यसबाट उत्पन्न छट्पटी, नैराश्य अनि असन्तुष्टिबाट पार पाउन बुद्धको शरणमा जानुपर्दछ भन्ने शिक्षा पटाचाराको जीवनवृत्तान्तबाट थाहा हुन्छ ।

उनी श्रावस्तीका एक धनी व्यापारीका छोरी हुन् । अभिभावकले आफ्नै कुलघरानाको योग्य वर खोजेर बिहे गरिदिने विचार गरिरहेका बेला उनी आफ्नै घरको नोकरसँग प्रेमबन्धनमा बाँधिएर घरबाट भाग्छिन् । घरमा कसैलाई कुनै सुइँको हुँदैन । ती दुवैमा खुबै माया बसेको थियो र आपसमा एकअर्काप्रति निकै ध्यान राख्थे ।

उनीहरू श्रावस्तीभन्दा निकै टाढा गाउँमा गई जीविकोपार्जन गरी बसे । केही समयसम्म दुवै जना मोजमस्तीका साथ बसे । यसैबीच पटाचारा गर्भवती भइन् । आमाबाबुलाई थाहै नदिई भागेर आफू खुसी बिहे गरे पनि उनले बाबुआमालाई बिर्सन सकेकी थिइनन् । गर्भवती भएपछि निर्धन पतिकहाँ आफ्नो स्याहारसम्भार राम्रोसँग नहुने देखेर माइत जाने इच्छा गरिन् । तर लोग्नेले सम्झाई-बुझाई जान दिएनन् । त्यसपछि एक दिन कसैलाई केही नभनी सुटुक्क उनी माइती देशको बाटो लागिन् । लोग्ने चाहिँले बाटोमा पछ्याउँदै गएर पुनः फर्काएर ल्याए । केही दिनपछि छोरो जन्मियो । यसरी दिन बित्दै गए ।

केही वर्षपछि फेरि उनी गर्भवती भइन् र भागेर माइत जान लागिन् । लोग्ने चाहिँले सम्झाई-बुझाई पहिलेजस्तै घर फर्काउन खोज्दा बाटोमा हुरी बतास चल्यो । मुसलधारे पानी पर्‍यो । गर्भवती पत्नीको बिजोग सहन नसकेर लोग्ने चाहिँले नजिकैको झाडीबाट रुखका हाँगापातले

पानीबाट जोगाउन प्रयास गर्दै थियो । त्यही बेला झाडीमा बसेको सर्पले डसेर उसको त्यहीँ मृत्यु भयो ।

बच्चा पाइसकेर लोग्ने खोज्न जाँदा लोग्नेको मृत शरीर पाइन् उनले । निःसहाय अवस्थामा रुँदै कराउँदै भर्खरै जन्मिएको नवजात शिशुलाई झाडीमा राखेर ठूलो छोरालाई काखी च्यापेर खोला तर्न लाग्दा एक्कासि एउटा बाजले नवजात शिशुलाई टिपेर लग्यो । उनले हात हल्लाउँदै बिलाप गरिन् । तर बाजले शिशुलाई छाडेन । पारि पुगेको ठूलो छोरो पनि आमाले बोला(एको सम्झेर खोलामा पस्यो । उसलाई पनि बाढीले बगायो । विधिको बिडम्बना एकैछिनमा पति र दुवै सन्तान गुमाएकी पटाचारा विक्षिप्त बन्दै एक्लै श्रावस्तीको बाटो लागिन् ।

एकजना बटुवासित आमा बाबुको खबर लिइन् । भुइँचालोले घर भत्केर सबै परिवारको देहान्त भएको थाहा पाइन् उनले । आमा-बुबा, भाइ सबै एकै चिहान भएछन् । स्मशानबाट आइरहेको धुँवा उनीहरूकै अन्तिम संस्कारको सङ्केतक थियो । यो देखेर उनी बेहोस भई भुइँमा लडिन् । उनको वस्त्र बेहाल भयो । लाजको पनि कुनै होस रहेन । धनी श्रेष्ठपुत्री निर्धन आइमाईजस्तै भइन् । दुःखी र बेसहारा भएकीले उनलाई पटाचारा भन्न थाले मानिसहरूले ।

त्यस दिन महाकारुणिक भगवान् बुद्ध श्रावस्तीमा भिक्षुहरूलाई उपदेश दिँदै हुनुहुन्थ्यो । वस्त्रविहीन बहुलाहीजस्ती पटाचारा रुँदै भगवान्का चरणमा झुक्न पुगिन् ।

करुणानिधि तथागतले अमृत वचनले विस्तारै भन्नुभयो-"बहिनी ! होस सम्हाल ।" तथागतको वचनले उनको होस खुल्यो । त्यही बेला कसैले उनलाई वस्त्र ल्य(इदियो । पटाचाराले तथागतका अगाडि आफूले भोगेका महादुःखकष्टको बयान गरिन् । तथागतले धर्म उपेदश गर्नुभयो र निर्वाण मार्ग देखाइदिनु भयो । उनको चित्त शान्त भयो ।

प्रवजित भएपछि पटाचारा साधनारत भइन् । तथागत प्रसन्न भएर उसलाई विनय(शील भिक्षुणीहरूमध्ये अग्रस्थान दिनुभयो । उनले अर्हत्व अरहत्व गरिन् । उनले एक दिन हातगोडा धोइरहेका बेला बगेको पानीलाई देखेर जीवनसित त्यसको तुलना गरिन् र चित्तलाई समाधिमा पुऱ्याइन् । जीवन पनि यस्तै अनित्य छ भन्ने कुरा आत्मसात् गरिन् पटाचाराले । थुप्रै महिलाहरू उनका शिष्य बनेका छन् ।

उनले भनेकी छन्-"खेत खनेर बिऊ रोप्नुपर्छ ।"

"छोराछोरी र पत्नीको पालन-पोषण गर्दै मानिसले धन कमाउँछन् । म निर्वाणका लागि साधिका किन नबन्ने ?"

तेल सकिएको बत्ती निभेजस्तै साध(नाबाट आफूभित्रको अकुशल चित्त समाप्त भएको र तृष्णा पनि सदाका लागि समाप्त भएको उनले बताएकी छन् ।

आजका महिलाले पनि उनको यो गाथाबाट के शिक्षा लिन सक्छन् भने जतिसुकै दुःखकष्ट सहेर पनि धैर्य, साहस र दृढसङ्कल्पबाट त्रिरत्न शरणमा जाने हो भने अवश्य उच्चस्थान पाउन सकिन्छ । तर त्यसका लागि उनकै जस्तो साधना र संकल्प अवश्य चाहिन्छ । बिना मेहनत र परिश्रम यो संसारमा केही पनि पाउन सकिँदैन ।

• *लघुकथा*

# खबरै नगरी

– प्रमोद गिरी

त्यो बसको तीव्र गति, शीतल हावाको स्पर्श, अनि मनमा हर्ष । हरिहर आफैमा पुलकित थिए । यस्तो लाग्थ्यो, उनिभन्दा खुशी आज कोहि पनि छैन । आखिर जागिरे छोरालाई भेट्न जाँदै थिए । बुढेसकालको सहारा, एकमात्र सन्तान, उनको छोरा राजेश डाक्टर बनेर काठमाडौंको अस्पतालमा जागिरे भएको छ । हरिहरले पत्नीको मृत्युपछि, त्यही छोराको भविष्यको लागि आफ्नो पूरा धन र समय खर्चेका थिए । आखिर डाक्टर बनाएरै छोडे । उनी आफूपनि अनपढ थिएनन् । अवकाशप्राप्त उपसचिव ।

साँझ परिसकेको थियो, बस एक ठाउँमा रोकियो । उनले सँगैको सीटमा बस्ने युवकलाई "कहाँ आइपुग्यो बाबु ?" भनी सोधे । छोटो जवाफ आयो, "थानकोट चेकपोष्ट" । उनले फेरी सोधे, "काठमाडौं आउन कति समय लाग्छ ?" "आयो, अब एकैछिन हो ।" जवाफ सुन्ने वित्तिकै उनले खल्तीबाट मोवाइल निकालेर राजेशलाई फोन लगाए । तर उताबाट सम्पर्क हुन नसकेको जवाफ आयो, फेरि प्रयास गरे तर बेकार । बस त हिँड्यो तर केहीबेरमै जाममा परेर रोकियो । कछुवाको चालमा गुडेर बल्ल बल्ल राति नौ बजे कलंकी आइपुग्यो । कलंकी ओर्लेर फेरि छोरालाई फोन गरे, कहिले फोन व्यस्त देखाउँछ, कहिले सम्पर्क हुन सकेन भन्छ । फोन लागिहाले पनि नउठ्ने, हैरान भइसकेका थिए । कति उभिनु त्यो सडकमा ! झोला नै खोस्न आउने ट्याक्सीवालालाई जवाफ दिँदादिँदा थाकिसकेका थिए । सडकको पेटिमा चिया पकाउन राखेको गाडामा उनको आँखा गयो । दिनभरिको यात्राको थकान अनि भोक, उनी त्यतातीर लम्किए । त्यहाँ पुगेर गाडावालाले राखेको मुढामा थचक्क बसे । उनको छोरालाई फोन लगाउने असफल प्रयास पनि जारी नै थियो । उनले त्यहाँ बसेर चिया र बिस्कुट खाए । लगातार फोन जान्छ तर उठ्दैन, हैरान भइसके । अचानक उनको मनमा चिसो पस्यो, कतै दुर्घटनामा त परेन ।

रातको बाह्र बजे कहाँ जाने, कहाँ खोज्ने त्यसको डेरा, फोन किन उठाएन, छोरादेखि रिस पनि उठ्यो । फेरी सोचे, हुन त आफ्नै गल्ती हो, छोरालाई केही खवर नै नगरी आएको, खवर गरेको भए त पक्कै लिन आउँथ्यो । यस्तै कुरा मनमा खेलाउँदै उनी त्यही मुढामा बसिरहे । रातको तीन बजेसम्ममा सात गिलास चिया खाइसकेका थिए । उनको मनमा अनेकौं प्रश्नहरु आइरहेका थिए । कतै छोरा दुर्घटनामा परेर फोन उठाउन नसक्ने भएको त होइन ! कतै डाक्टर भएपछि मलाई बेवास्ता गर्दै त छैन ! कतै शहरमै बिहे गरेर बसेको त छैन ! कतै आफ्नो जन्मथलो, त्यो सुन्दर गाउँलाई त बिर्सेन ! यत्रो ठूलो शहरमा त्यसलाई कहाँ खोज्ने ! यो शहरमा यत्तिका धेरै अस्पतालहरु छन्, कुनचाहिँमा काम गर्छ कुन्नि, आफूलाई केहि थाहा छैन । यस्तै कुराहरु मनमा खेलाउँदा खेलाउँदै विहान भइसकेछ । झुल्के घामले उनको शरीरमा स्पर्श गरिसकेको थियो ।

अब यो सडकमा कहाँको स्नान, कहाँको नित्य कर्म । त्यहि गाडावालासँग पानी मागेर मुख धुँदैथिए, उनको मोबाइलमा घण्टी बज्यो, गाउँबाट उनको छिमेकीको घरको नम्बर थियो । उनले फोन उठाएका

मात्र थिए, “बुवा एकाबिहानै कता गा’को ? म भने पहिलो कमाई पाउने वित्तिकै हिजो रातीको बसमा चढेर तपाईंलाई ढोग गर्न आएको तपाईं चाहिँ...” राजेशको आवाज सुन्दा उनका आँखा रसाए । “ एऽऽ म त यहाँ काठमाडौंमा तँलाई भेट्न आएको, रातभर यो चिसोमा सडकमै बस्नुपर्‍यो, साह्रै दुःख पाइयो बाबु ।” “अनि किन खवरै नगरी गा’को त ? खवर गरेको भए त म लिन आइहाल्थें नी ।” हरिहरलाई झोंक चल्यो “अँऽऽ लिन आउँथिस्, जाबो फोन त उठाउँदैनस्” उताबाट “हिजो बिहान अस्पतालमा मेरो मोवाइल हरायो अनि कहाँबाट उठ्नु नी, ल छोड्नुस् यी कुरा बरु चाँडै दिउँसोको बस समातेर आइहाल्नुस्, मेरो जम्मा पाँच दिन मात्र छुट्टि छ । झन् तपाईंसँग छुट्टि विताउने कत्रो रहर थियो ।” राजेशले फोन काटिदियो । हरिहर खुशी खुशी गाउँतिर जाने बसको प्रतीक्षा गर्न थाले ।

---

# पापी

**– होमशंकर बास्तोला**

गाउँमा एउटा कामी सिपालु मूर्तिकार थियो । उसले बनाएका मूर्ति जीवन्तताजस्ता देखिन्थे । गाउँका मानिसहरूले गाउँमाथिको थुम्कोमा मन्दिर बनाउने निश्चय गरे । सबै गाउँका भद्रभलाद्मीहरू उपस्थित भएर आर्थिक सहयोग संकलन गरे । मन्दिरमा राख्नको लागि भगवान्को मूर्ति चाहिने भयो । मूर्ति बनाउनका लागि त्यस क्षेत्रकै सिपालु मूर्तिकार मिठ्ठे कामीलाई लगाइयो ।

छ महिना लगाएर मिठ्ठे कामीले भगवान् को मूर्ति बनायो । गाउँका सबै मनिसहरू मिलेर मन्दिरमा मूर्ति प्रतिस्थापना गरे । मन्दिरमा मूर्ति प्रतिस्थापना गर्दाको दिन बाहुन पढाइएको थियो । मन्दिरमा मूर्ति प्रतिस्थापनपछि पूजा गर्नको लागि लामै लाम थियो । त्यस लाइनमा सबै जातिका मानिसहरू थिए । पालैपालो मन्दिरमा दर्शन गर्न लाम लगाइएको भए पनि पानी नचल्ने जातलाई प्रवेश गर्न दिएको थिएन । ‘अरुलाई नदिए पनि मलाई त अवस्य पूजा गर्न देलान् । यो मूर्ति नै मैले बनाएको हो’ लाममा बस्दा उसले यस्तै सोचिरहेको थियो । मन्दिरको ढोकामा मिठ्ठे कामी पुग्ने बित्तिकै पुजारीले भने ‘अछुतले मिन्दिरमा पस्न मिल्दैन । तिमी लामबाट हटीहाल !’

‘यो मन्दिरको मूर्ति मैले बनाएको हो । मैले दर्शन गर्न पाउनुपर्छ । यो सामूहिक मन्दिर हो । अछुतले प्रवेश नपाउने नियम कहाँ छ हजुर ? भगवान् सबैका साझा हुन्छन् ।’ उसले भित्रैदेखिको तागत निकालेर प्रतिवाद गर्‍यो ।

‘हामीले स्वस्ती-शान्ति गरेर मूर्ति राखेका हौं । यहाँ पानी नचल्ने जातले दर्शन गर्न मिल्दैन । छिटो हट, नत्र मान्छे लगाएर हटाउँला’ पुजारीले हप्कायो । ‘अछुतले बनाएको मूर्ति चल्ने तर पूजा नचल्ने, यस्तो पनि कुनै धर्म हुन्छ हजुर ? मूर्ति त मैले नै बनाएको हो त !

‘मूर्ति बनाएको पैसा तिरिसकेको छ । पैसा तिरेपछि बोल्ने हक छैन । मूर्ति शुद्ध गर्नको लागि स्वस्तिशान्ति गरिसकिएको छ । तिमी यहाँबाट निस्कीहाल’ पूजारीले उसलाई लामबाट घचेडी दिए । मिठ्ठे कामी केही नबोली मनमनै भुत्भुत्यायो ‘भगवान् कुनै जाति, धर्मका मात्र नभई मानव जातिका हुन् । यिनीहरूलाई धर्म होइन पाप हुनेछ । थुक्क ! यिनीहरू पापी रहेछन् । मिठ्ठेकामी यसो भन्दै भीडबाट बाहिर निस्कियो ।

• n3'syf

# परिवेश

**– विश्वराज अधिकारी**

सँगै एसएलसी पास गरेपछि दिदी भाई कलेज पढ्न काठमाडौं आए। कलेजको पढाइ सुरु भएपछि दुवैले दृढ संकल्प नै गरे- माष्टर डिग्री लिएपछि मात्र बिहे गर्ने । उनीहरुको संकल्पले दुवैलाई अति उत्प्रेरित गऱ्यो पनि, पढाइतिर। दिनचर्या केवल अध्ययन र चिन्तनमा मात्र बित्न थाल्यो । साथीहरुको संख्या बढ्ने क्रम सुरु भयो तर खास गरी भाइको । अनि साथीहरु कोठामा आउने क्रम पनि । साथीहरु कोठामा आउने क्रममा नै भाइको सम्बन्ध अनिशासँग बढेको दिदीलाई थाहा भयो र उनले त्यो क्रम रोक्न सचेत पनि गराइन भाइलाई। भाइ र अनिशाको सम्बन्ध झन प्रगाढ हुँदै गयो । दिदीको कडा निगरानी र चेतावनी हुँदाहुँदै पनि। अनिशासँगको बढ्दो सम्बन्धले भाइ मात्र होइन आफ्नो समेत अध्ययनमा बाधा पुग्ने भन्दै दिदीले फेरि भाइलाई सचेत गराइन् । भाइले दिदीको आग्रहलाई महत्व दिएन । दिदी र भाइबीचको सम्बन्ध चिसो हुन थाल्यो । एक दिन दिदीले सर्त राखिन् "यो अवस्थामा अब बस्न सकिंदैन, भाइ। यो डोरामा कुनै एक, दिदी वा भाइ , बस्ने निधो गर्नु पऱ्यो हामीले। म पढाइमा केन्द्रित हुन चाहन्छु, समयको उपयोग गरेर लक्ष्य हासिल गर्न चाहन्छु। मौकाको दुरुपयोग गर्न म चाहिँदिन।"

दिदीले नै डेरा सारिन् । डेरा सरेको केही दिनमै दिदीले थाहा पनि पाइन, भाइले अनिशासँग बिहे गरेको, सँगै बस्न थालेको, अनि दुःखी पनि भइन् भाइले आफ्नो विवाहको बारेमा कुनै खबर नगरेकोमा । दिदी एकातिर अनि भाइ पत्नीका साथमा अर्कोतिर रहेर जीवनका दिनहरु व्यति तगर्नमा मग्न रहे। दिदीभाइबीचको सम्बन्ध अमीलो मात्र भएन एउटा अर्कोको डेरामा जाने समेत पनि बन्द भयो। दिदी भाइ छुट्टिएर बसेको एक महिनाभन्दा बढी भइसकेको थियो । एक दिन दिदी र भाइबीच एक रेष्टुरेन्टमा भएको अप्रत्यासित र अनियोजित भेटघाटले भने दुवैलाई असजिलो स्थितिमा पुऱ्यायो। स्थितिलाई सहज तुल्याउन दिदीले भनिन्, 'भाइ, भेटघाट नभएको धेरै भयो, है । ऐ साँच्चै तिमीलाई एउटा कुरा भन्न बाँकी नै छ ।' यति भनेर एक छिन चुप लागिन्, दिदी। एकै छिनको मौनतापछि दिदीले आफ् ऱ्नो छेउमा रहेको युवकतिर आँखाले इशारा गर्दै भनिन् " ऊ ....... निरज, मेरो श्रीमान ..... ।" प्रतिउत्तरमा भाइले भने " ऐ.... दिदी...... ?" ✦

# गीत

**– ललिता 'दोषी'**

**सकिनँ पाखा लाग्न आँसुको दहबाट**
**मैनझैँ पग्लने मन कसरी बुझाऊँ आज**

**सपना थियो सगर चुम्ने**
**म त खाल्डोमै परेँ**
**उठ्छु भन्दाभन्दै**
**प्रत्येकपल्ट झरेँ**

**छैनन् हात थाम्ने कोही**
**छैनन् उठाउने**
**टुक्राटुक्रा भई फुट्दा**
**छैनन् जुटाउने**

**छन् खुट्टा तान्नेहरू**
**छन् छिर्के लगाउने**
**छैनन् घाउ दुख्दा**
**मायाले सुमसुम्याउने ।**

# खलासी

**– हेमन्ती जोशी**

२०५० सालको कुरो हो। दिउँसो १:३० बजे धनगढीबाट काठमाडौं जाने बस छुट्ने भएकोले बिहानैदेखि बोझिलो मानसिकताले काठमाडौं जाने तयारी गरियो । त्यो मेरो लागि अत्यन्त कष्टकर बनिरहेको थियो । एकातिर घरमा स-साना छोराछोरीहरू छोडेर जानुपर्ने अर्कोतिर काठमाडौंशिक्षण अस्पतालमा सिकिस्त अवस्थामा भर्ना गरिएका विरामीको अवस्थाबारे सम्झिदा यो मन अत्यन्त दिक्दार र निराश थियो ।

जेठी छोरी प्रज्ञा १२ वर्ष, कान्छी छोरी प्रतिष्ठा १० वर्ष र छोरा प्रतीक ८ वर्षका थिए । मेरो अचानक काठमाडौं जवाइ, घरको वातावरण र कुराकानीबाटै उनीहरूले सबै कुरा थाहा पाइसकेको जस्तो लागेको थियो। नत्र उनीहरूले प्रश्न गर्नुपर्ने, सामानको फरमाइस गर्नु पर्ने अथवा मस'ग जाने इच्छा राख्नु पर्ने त्यस्तो केही गरेनन्, केही भनेनन् । टुलुटुलु हेरिरहे मात्र। त्यस दिन तिनै जनाले राम्रोस'ग खाना पनि खाएनन्। भाइबहिनीको र आफ्नो आवश्यक खर्च चलाउनको लागि प्रज्ञालाई पैसा दिनलाग्दा आँखाभरि आंसु पारेकी थिई। मस'ग एक शब्द नबोली तिनै जना स्कुल गए। मेरो आधा मुटु उतै गयो। बचेको आधा मुटु लिएर म र मेरो जेठाजु दिउँसो १ बजे धनगढी बसपार्क पुग्यौं ।

ठिक समयमा बस छुट्यो । मौनतामै मनमा अनेक तर्क विर्तक आउँथे जान्थे। मानौ बसले पछाडिका दृश्यहरू छोड्दै अघि बढिरहे झैंथियो मेरो मानसिक अवस्था। कहिले ती अबोध कलिला अनुहारहरू आँखा अगाडि घुम्थे कहिले शिक्षण अस्पतालमा भर्ना हुनु भएका श्रीमानको जीवन र मरणको संघर्षमा परी छटपटाइरहेको अनुहार सम्झिन्थे । बस रोकिँदा र हि'ड्दाको आवाज र चलायमानले मात्र आफू बसमा छु जस्तो लाग्थ्यो । ल्युकोमिया प्रमाणित भइसकेपछि मान्छे बा'च्ने संभावना न्यून हुन्छ, कति दिन चल्न सक्छ भन्न सकिँदैन। प्राण भन्नु मात्रै हुन्छ। उमेरले १५-१६ वर्षको कलिलो केटो। सलक्क परेको हिस्सी अनुहार, ठूला-ठूला आँखा धेरै गोरो नभएर पनि कस्तो सुन्दर देखिएको। ऊ व्यस्त थियो आफ्नो काममा। मैले धेरै बेर उसैको बारेमा सोचिरहे'। राम्रो कपडा लगाएको भए, पढ्न-लेख्न पाएको भए झन कति राम्रो हुन्थ्यो होला । किन यस्तो कलिलो उमेरमा उसले खलाँसी हुनु पऱ्यो होला । हुन सक्छ घरको जिम्मेवारी ती कलिला का'धले धान्नु पऱ्यो कि ? त्यत्तिकैमा उसैको आवाजे तर्सें । ऊ म स'गै बोली रहेको रहेछ, -"ए दिदी ! केही खाने हो ?"

"नाई" भनी टाउको हल्लाएँ । उसको हुलिया पनि त्यस्तै। चोर औं'लामा पित्तलको औं'ठी लगाएको, एउटा हातमा फलामको बाला लगाएको, टाउकोमा रुमाल बाँधेको रुखो भाषामा बोल्ने । सबै सरह साधारण पहिरन र शिष्ट भाषा बोल्नु पर्ने ? हेर्दा यस्तो राम्रो मान्छे, हुलिया चाहींकिन बिगारेको होला ? म यस्तै अनेक थरी कुराहरूमा रुलमल्लिएकै अवस्थामा बस बुटवल पुगिसकेको रहेछ । फागुनको महिना भए पनि जोडको चिसो हावाले ओढ्ने सल चाहिएजस्तो लाग्यो । सबै यात्रीहरू उत्रिने तयारीमा लागे। एकछिन

बसमा खलबल नै मच्चियो । सुखद यात्रा गरिरहेका यात्रीहरूले बाटोभरी केही न केही खाँदै आएका रहेछन् । तर मैले त पानीसम्म नपिएकी रहिछु । घरी-घरी भावुकतामै हराउने रहेछु । जेठाजुले खानको लागि कर गुर्नभो तर मैले 'खान्न' भने ।

सबै यात्रीहरू ओर्ले । म बाहेक बसमा कोही थिएनन् । एक छिनमा सिट्ठी बजाउँदै त्यही केटो आईपुग्यो र म तिर हेर्दै भन्यो, -"तपाई चै न झर्ने ?" "नाई" भनेपछि केही कडाइका साथ भन्यो, "तपाईंकस्तो मान्छे हो ? बाटोभरी पानी समेत पिउनु भएको छैन । अब खाना पनि नखाने भन्दै हुनुहुन्छ । तपाईलाई के भा छ ? हँ ! बाटोमा कयौं पटक रुनु भएको देखें । यसरी केही नखाएर रोइरहने हो भने त मान्छे मर्छन् ।" भन्दै मेरो उत्तरको प्रतीक्षा नगरी मेरो पानी भरेको तुमलेट लिएर बसबाट ओर्लियो । उ पर पुगुन्जेल मैले उसलाई हेरिरहें ।

ताजा पानी र आफ्नै पैसाले किनेको एउटा पोलेको मकै लिएर आयो । "ल अव यो मकै खानुस्" भनी उस्तै हकार्ने पाराले कर गर्न थाल्यो । त्यतिखेर कति आत्मीय लाग्यो उसले हकारेको पनि । केही बेरपछि सबै यात्रीहरू बसमा चढे । फेरि उ त्यही रुखो स्वरमा करायो, -"कोही छुट्यो कि ?"

त्यतिखेर उसको स्वर मलाई पटक्कै रुखो लागेन । ऊभित्र रहेको मानवता र भावुकतालाई मैले बुझेर होला त्यो भिडमा ऊ मेरो सबैभन्दा आत्मीय लाग्दै थियो । उसले 'ढक्‌ढक्' गरेपछि बस हिं'ड्यो । बस नरोकिँदै उफ्रेर झर्नु र बसले स्पीड लिनथालेपछि चढ्नु यो त उसले बाटोभरी गर्दै आइरहेको थियो । मलाई उसका यस्ता क्रियाकलाप अनौठा लागेनन् । घरमा छोडेर आएका छोराछोरीहरूको झलक उसमा देखिरहेकी थिएं। म सोच्दै थिएँ, मेरा बच्चाहरूले जस्तै यसले पनि मेरो पीडा व्यथा, भोक, प्यास सबै बुझेको छ र मलाई सम्झाउन पनि खोज्दैछ । यस्तै विचारका तरंगहरूमा डुब्दै उत्रिदै थिएं ।

काठमाडौं बसपार्कमा बस रोकिएपछि ओर्लिने तयारी गर्दै थियौं । छिट्टै आएर उसले मेरो झोला समातेर तल ओर्लिसकेको थियो । जेठाजु टेक्सीको कुरा गर्दै हुनुहुन्थ्यो । ऊ आएर मेरो नजिकै उभियो र केही भन्न खोजे झैंकेही साध्न खोजे झैं मलाई हेऱ्यो । मैले पनि उसको कुरो बुझेर भने-"बाबु मेरो श्रीमान् सिकिस्त विरामी भएर अस्पतालमा भर्ना हुनुहुन्छ । तिमीभन्दा स-साना छोरा छोरीहरू घरमा छोडेर आएकी छु । मन चिन्ताले दिक्दार छ । तिमीले बाटोमा मेरो धेरै ख्याल राख्यौ । जे काम गर्दा पनि असल मान्छे असल नै हुन्छ । तिमी असल, सहयोगी, ज्ञानी मान्छे रहेछौ । म तिमीलाई सधैं सम्झिरहनेछु । तिमीले यति सानो उमेरमा किन खलासीको नोकरी गर्नु पऱ्यो ? पढेको भए हुन्थ्यो ।" जस्ता धेरै कुरा मैले गरेपछि उसले लामो सास फेऱ्यो र भन्यो, -"ठिकै भन्नु भो । मेरो आमा पोहोरसाल खस्नु भो । बाले ऐलानी जग्गामा अलिअलि खेती गर्नु हुन्छ र खाली भएको समयमा घनगढीमा रिक्सा चलाउनु हुन्छ । घर चाहीं फूलबारीमा छ । म भन्दा सानो एउटा भाइ र बहिनी छिन् । आमा बिना घरमा सारै नियास्रो लाग्यो । मैले कक्षा चार पास त गरेको छु । अब बालाई सहयोग गर्छु । बरु भाइबहिनीलाई पढाउँला भनेर नोकरी गर्न थालें ।"

यत्तिकैमा ट्याक्सी आइपुग्यो । हामी ट्याक्सीमा बस्यौं। उसले हाम्रो सामान राख्न मदत गऱ्यो । ट्याक्सी आफ्नो गतिमा अगाडि बढ्यो । केही पर पुगेपछि मैले फर्केर हेरेंउ त्यहींउभिएर हामीतिरै हेरिरहेको थियो । नयाँबानेश्वर कन्फ्रेन्स हलको पछाडि रहेको डेरामा पुग्दा माहिला जेठाजु जेठानी दिदी र

बच्चाहरू खाना पर्खेर बसिरहनु भएको थियो। खाना खाएर दुखी मन लिई शिक्षण अस्पताल पुगें। अस्पतालको दोस्रो तलाको बेड नं. १०५ मा हुनुहुँदो रहेछ, भेट भयो। उहा'ले क्षीण स्वरमा घरमा बा, दिदी र आफ्ना बालबच्चाहरूको खबर सोध्नुभो तर म बोलिन। मेरो मौनताको कारण त थाहा थियो नै फेरि आफैले भन्नु भो, –"तिमी त विवेक भएकी मान्छे हौ। मैले आफूभन्दा बढी तिमीलाई विश्वास गरेको छु। यति दुःख मानेर मेरो आत्मबल नघटाउ। मलाई सञ्चो लाग्न पनि सक्छ।"

शिक्षण अस्पतालको सबैभन्दा सिनियर डा. ए. सायमीले केस हेरिरहनु भएको थियो। बिरामीको ज्वरो कुनै औषधिले घटिरहेको थिएन। इन्जेक्सन दिएपछि मात्र ज्वरो रोकियो। साढे दुई महिना पछि हाम्रो घर फर्किने तयारी भयो। यो यात्रा त्यति नरमाइलो थिएन। वहाँ कमजोर हुनुहुन्थ्यो तर सञ्चो लागेको थियो। घरमा पुग्ने कुराले खुशी हुनुहुन्थ्यो। ट्याक्सी लिएर हामी काठमाडौं बसपार्क पुग्यौं। मेरो सम्झनामा फेरि त्यही खलासी केटो आयो। बसमा यताउती हेरैं, वर्ष २४-२५ को चौधरी केटो खलासी रहेछ। लामो यात्रामा काठमाडौं जा'दाका सबै कुरा उहा'लाई भनें। वहाँले उसको नाम सोध्नु भो। "थाहा छैन" भने। त्यति लामो कुरा गर्दा पनि मैले उसको नाम सम्म पनि सोधिनछु।

म साहित्यप्रति रुचि राख्ने र फाट्टफुट्ट लेख्ने गर्थें।

"उसको एउटा कथा लेख है"। उहा'ले भन्नुभो। मैले २०५० सालमै सोही घट्नालाई संस्मरणको रूपमा लेखेर छापें। अनि लाग्यो "जीवन एक अनुभवको सँगालो रहेछ"। ●

· *कविता*

# होसियार सडकहरू

– अनिता लामा

दिनरात
निष्फिक्री
भएर बसेका
ए ! सडकहरु हो !
लमतन्न भएर
तेर्सिएका
निर्विरोध
तिम्रा मौनताभित्र
के साच्चै
जीवन छ ?
अनगिन्ती
पैतालाहरुले
कुल्चिएर
निलडाम बसेका
घायल
तिम्रा छातीमा
अझ
फेरि
कुल्चन आउँदा पनि
तिमि किन
मौन छौं ?
तिम्रो मौनताले
उक्सिएका
पैतालाहरु
भने
अझै
तिम्रो सिरमाथि
कुल्चन तयार छन्
त्यसैले
होसियार सडकहरु ! होसियार !

– दार्जिलिङ, भारत

· syf

# हुरी

– ईशा शाह

धेरै दिनपछि उनी मेरो कोठामा देखापरिन् । उनलाई करिब करिब बिर्सिसकेको थिएँ । आज उनलाई फेरि देख्दा ममा एकप्रकारको रोमाञ्चकता छायो । म उनलाई होईन  उनको शरीरलाई मात्र माया गर्थें उनको अनुहारलाई मात्रा चाहान्थें । त्यो कुरा  बुझेपछि उनी मसँग क्रुद्ध भईन् रिसाईन, गाली गरीन्, रोइन् कराईन र आफूलाई सम्हाल्न उनलाई साह्रै गाह्रो पर्‍यो । मैले कत्ति सम्झाउन खोजें तर उनी पटक्क मेरो कुरा मान्न तयार भइनन् । उनले मसँग उनको लुटिएको सतित्व फिर्ता गर्नको लागि हात जोडेर अनुरोध गरिन् । मेरो खुट्टा समातेर उनलाई अप्नाउनको लागि अनुरोध गरिन् तर म टासको मस भइना उनी धेरै बेर रुँदै कराईरहिन् उनको कुरालाई मैले  सुनेको नसुन्यै गरें । त्यसपछि उनको मनमा के आयो कुन्नि बसेको ठाउँबाट जुरुक्क उठिन् र बाथरुम भित्र पसिन् । मेरो मन चिसियो कतै आत्माहत्या गरिन् भने .....। तर उनी त्यो त्यति कायर केटी थिइनन् किनभने मसँग धेरै चोटि प्रेममा धोका खाएर आत्माहत्या गर्नेरुलाई कायर संज्ञा दिएर केरा गरेकीथिइन् । त्यसैले मैले आफ्नो मनलाई आफैले सम्झाएँ । तर फेरि आवेशमा आएर केहि भयो भने म कँहिको पनि रहन्न भन्ने विचार मेरो मनमा आयो र उठेर गएर बाथरुमको किहोलाबाट भित्र चिहाएँ । उनी सावर खोलेर पुरै टाउको देखि भिजीरहेकिथिइन् । यस्तो चोसोमा ! चिसो पानीले त्यसरी भिज्दा म आफैंलाई चिसीएँ जस्तो अनुभव भयो । केही बेरमा उनी बाथरुमबाट सम्पूर्ण भिजेर निस्किइन् । कोठा पानी पानी भयो ।

“के गरेकी यो ?” मैले सोधें ।

“तँ मरीस, तेरो नाममा खल्को हालेको ।” उनले जङ्गिदै भनिन् ।

उनको कुराले मलाई मनभित्र अलिकति दुख्यो तर केहि पनि बोलिनँ । उनले आफ्नो शरीरको लुगा शरिरमै ध्यार्ध्यार च्यातेर फालिन् । मलाई उनको दिमागको कुनै नशा फुस्केर बहुलाइन् कि जस्तो लाग्यो र नबोल्नु नै कल्याण ठानेर चूप लागेर बसें । शरीरका सबै लुगा च्यातेर फालिसकेपछि पूरै नग्न शरीर मेरो रुमालले सिनित्त पुछिन् र ढोकापछाडि झुण्ड्याइराखेको मेरो मर्निङ्वाक जानेगरेको ट्र्याकशुट लगाएर कोठाबाट बाहिर निस्किन म हेरेको हेर्‍यै भएँ । केही दिनसम्म त्यो घटनाले मलाई चिमोटिरह्यो । उनको नग्न शरीर मेरो आँखा अगाडि उभिइरह्यो । मेरो कोठाबाट उनी त्यसरी निस्केर गएपछि मैले उनको खोजखबर गरीनँ । उनले पनि मेरो वास्ता गरिनन् । हाम्रो सम्बन्ध टुट्यो ।

त्यसपति म आफ्नो घर फर्किएँ, घरमा मेरो विवाहको कुरा चलिरहेको थियो । आफ्नै गाउँठाउँको चिनजानको केटीसँग मेरो विवाह भयो । तर विवाह ! मैले सोचजस्तो सम्बन्धको बन्न सकेन सबै सम्झौता नै रहेछ । कहिलेकाँही मनमा यसो विचार आउँथ्यो साधना भन्दा सन्ध्या नै ठिक थिई ऊ मलाई माया गर्थी पूजा गर्थी तर साधना ! मैले यसबेला आएर उम्किएको माछो ठूलो सोचेर हुन्न यसले जीवन बरबाद हुन्छ जे पाइएको छ त्यसैले

चित्त बुझाउनुपर्छ भनेर आफूलाई थामपुर गर्नु बाहेक मसाग अरू विकल्प थिएन ।

जीवन साँच्चै सम्झौता रहेछ । सम्झौता बाहेक अरू केही होइन रहेछ । साधनासँग विवाह भएपछि मैले आफूले सोचेको जस्तो जिन्दगी भएन मेरो । उनी सानो सानो कुरामा निहुँ खोज्दथीन् त्यसै अत्तो थापेर झगडा गर्दथिन् । कहिलेकाँही मेरो चरित्रमाथि शंका गरेर नानारङ्गका कुरा गर्दथिन् । जवाफ दिँदा झगडा पर्ने नदिँदा मलाई नै दोष लगाउँथिन् । म किँकर्तव्यविमुढ बन्न थाले । पढ्या लेखया मान्छेको त यो चाला छ भने अनपढहरूको कुन चाला होला ? म आफैले आफूलाई प्रश्न गरेर घोप्लिएर बस्न थालें । मेरो चालाले घरका मान्छे आश्चर्यमा परे । मन पराएको केटी, करले होइन रहरले विराह गरेको छ त्यो पनि यो ताल ! होइन कहाँ निर के भयो ? सोधखोज गर्न थाले । उनले कता प्रोजेक्टमा दरखास्ता दिएकी रहछिन् नाम निस्कियो । त्यसैले हामी दुवै शहर फर्कियौं । मेले आफ्नो जीवनलाई सरल बनाउनको लागि सन्ध्यालाई त्यागेको पाप त लागको होइन ? मेरो मनको कुनै कुनामा यहि विचारले चिमोटीरहन्थ्यो । आफूलाई सकेम्म व्यस्त राख्ने कोशिस गरिहरें तर यस्तो अवस्था भयो कि मेरो, बिर्सन खोज्दा झन् बढि सम्झन थालें । यस्तो अवस्थामा उनी मेरो ढोकामा उभिन आउँदा म आफैं आश्चर्यमा परें । कति कुरा भन्न र सोध्न मन लागे पनि बोली फुट्न सकेन । बल्ल बल्ल बल गरेर मुखबाट आवाज निक्लियो सोधें - “कताबाट आयौ ?”

“बाटैबाटो ।” सन्ध्याले भनिन् । उनको आवाजमा म प्रति अझै रिश थियो ।

“कति कामले आयौ ?”

तिमीले पाल्ने आँट गरेनौं, घरमा बुबा मुमाले बस्न दिने छाँट देखिनँ र म त विवाह गरेर जान लागेको ।”

“टाढै, कहाँ ?”

“खोई अमेरिका रे भन्थे घरका मान्छेहरू मैले त राम्ररी बुझ्दा पनि बुझिनँ ।”

“त्यसो भनेर कहाँ हुन्छ विवाह जस्तो कुरामा पनि !”

“शरीरकै सम्झौता त हो नि !” सन्ध्याले कार्ड मेरो हातमा थमाउँदै भनिन् ।

“ के भनेकी त्यस्तो ?”

“नभनेर के भनूँ त ? मन त यतै छोडीहालें नि ।”सन्ध्याको गला अवरुद्ध भयो । उनी ढोकाबाट बाहिर दौडिन् । सोचें एउटा हुरी, बस् आयो गयो । ✦


**बडा दसैं २०७० को पावन अवसरमा**

**हाम्रा समस्त ग्राहक वर्गमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायू एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**नेपाल टेलिकम परिवार**

## • xfd[]efiff÷xfd[] ; flxTo–@

(आदरणीय सज्जनवृन्द ! विगत एक्काइस वर्षदेखि भाषा साहित्य क्षेत्रमा क्रियाशील नवप्रज्ञापन तपाईंहरुको प्रिय पत्रिका हो । आरम्भदेखि आजका मितिसम्म यहाँहरुबाट प्राप्त सहयोग, सुझाब, सल्लाह, माया–ममता र स्नेहले यसलाई हर–हमेशा अगाडि बढ्न उर्जा प्राप्त भइरहेको छ । सहयोगी मन र सहृदयी भाव पस्कने भाषा साहित्यप्रेमी सम्पूर्ण नजरप्रति पत्रिका आभारी छ ।

नेपाल १२५ को हाराहारीमा जातजाति र भाषाभाषी भएको बहुजाति, बहुभाषिक र बहुसांस्कृतिक सुन्दर राष्ट्र हो । आदरणीय वीर पुर्खाहरुको मेहनत, परिश्रम र सुदृष्टिले यो मुलुक आज संसारसामु आफ्नो सुस्पष्ट पहिचान कायम राख्न सफल छ । यसैमा तपाईं हाम्रो भविष्य जोडिएको पनि छ । सके राम्रो गर्नु तर नसके नराम्रो चाहिँ नगर्नु तपाईं हामी सबैको कर्तव्य पनि हो ।

पाठकवृन्द, ६१ अङ्कदेखि प्रारम्भ भएको नवप्रज्ञापनको हाम्रो भाषा/हाम्रो साहित्य नवीनतम स्तम्भ हो । नेपालका विभिन्न मातृभाषामा सिर्जित सृजनालाई क्रमशः स्थान दिइने यो स्तम्भमा यस पटक थारु भाषाका सिर्जनालाई समावेश गरिएको छ । आगामी अङ्कदेखि क्रमशः अन्य मातृभाषामा लेखिएका रचनालाई स्थान दिंदै जाने सोच छ । यस अङ्कका निम्ति थारु भाषाका रचनाहरु उपलब्ध गराई सहयोग गर्ने साहित्यकार कृष्णराज सर्वहारीलाई धन्यवाद दिंदै आगामी अंकहरुमा सबैबाट यस प्रकारको सहयोगको अपेक्षा गरिन्छ ।)

# एक संघरिया

– आदर्श वान्धव

आम्हिन फेन
मै वेहङगा मा धान बोक्ठुँ
कठोहियक हर जोट्ठुँ
कठोहिया लह्रिया चलैठुँ
आँइरामन पानी चारकटन
जोन्हियक् ओजरीया हेरठुँ ।
छाई कहे– बाबा
डेल्वा भर–भर मसरीक दाल
डेहरी भर–भर चाउर
कहिया हुई हमार ?
पह्राई लिखाईक टन्
कहिया बेचक नै परी
डेहरीक धान चाउर ?
गइल समय महिन याद बा
कोई मोर मुक्तिक् बात करले रहे
कोई मोर खेत्वम नहर पुगैना
घर ओ कम्दामा विजुली लगैना
नेङ्ना डगरा हे पक्की बनैना कहले रहे
मने आम्हिन फेन
मै हिला ओ ढुरहा डगरामन् नेङठुँ
डिब्वी बारके सुट्ठुँ
खेत्वा सब भगवानके असरामा चलठ ।
मैं सुन्ले बाटुँ
जे जे महिन बचन डेहले रहै
मोर चौतर्फी विकासके
अपन भर चौतर्फी विकास कर सेक्नै
बजारेमन बरवार पक्की घर बा हुँ
छाई–छावा महङ्गा स्कूल पह्रठिन् ।
मैं सोच्टी बाटुँ
एक मनैया एक दिन जरुर आइक चाही
जे मोर बेहङ्गा, हिला, डिब्बी
ढकिया, डेल्वा ओ खाली कुठलीक
दुःख बरे गंहिर से सम्झी

वास्तवमे अपने टन
ओ मोर टन काम करी
सब मिलाके यी देशक टन काम करी
हजुर उहे रही,
मोर एक सच्चा संघरिया ।

(कविताको सारः अझै पनि म परम्परागत खेती गर्छु । धेरै नेताले मेरो गाउँमा पक्की सडकसहित झिलीमिली पार्ने आश्वासन मात्र दिए, तर आफ्नो मात्रै उत्थान गरे । म यस्तो सच्चा संघरिया (साथी)को खोजीमा छुँ, जसले आफ्नो मात्र होइन, मजस्ता दीनदु:खी लगायत समग्र देशकै लागि सही काम गरोस् ।)

# देश दर्शनमे बुद्ध

– कृष्णराज सर्वहारी

एक्फाले
निकरलाँ एकदिन
गौतम बुद्ध
आपन देश दर्शनमे ।
छक्क पर्ला ऊ
जब डेख्लाँ
जन्मल ठाँउ लुम्बिनीमे
अपने बरा मूर्ति ओ मन्दिर
हुँकार मन कहलिन्–
ओहो मै टे बिरोधी रहुँ
मूर्ति पूजाके
मने आज अत्रा बरा मूर्ति ?
भित्रभित्रे खुशी फेन हुइलाँ
लेउ, मोर देशवासीबासीन्
मोरे डेखाइल डगरेम् नेङला ।
जब हुँकार दृष्य पर्लिन्
संविधान सभाके चुनाव २ में
उ ढर–ढर रोइ लग्लाँ
चुनावके समर्थक ओ बहिष्कारके नाउँमे
ओहो ! डाडु–भइयन् बीच लडाई ?
संविधान बनाइक छोरके
लागल बटाँ जराई
उम्मेद्वारबीच
हत्या समेतके डाउँ ढराई
जे फेन
आउर जन्हन डेख्टी बा का करे पराई
कबु पहिचानके नाउँमे
कबु बहिष्कारके नाउँमे
एकदमसे बन्द बा
का जे पहाड–मधेश–तराई ?
यी डेख्के बुद्धहे
चिल्लाके पुछ्क् मन लग्लिन्
अई ! नेपाली हो
शान्तिप्रिय देशके नागरिक
का फुरहन्ने
टुहरे जो होऊ ?
टुहरे लावा नेपाल बनाइटो कि
पुरान नेपालसे फेन
खत्तम पारटो ?

(कविताको सारः देश दर्शनमा बुद्ध निस्किए, उनी तव छक्क परे, जव आफू मुर्ति विरोधी भए पनि आफ्नो जन्मस्थल लुम्बिनीमा ठूल्ठूला मूर्ति देखे । संविधानसभाको निर्वाचनमा उम्मेद्वारबीच हत्या समेतके उदण्डता देख्दा, सधैं बन्द हडताल देख्दा बुद्धलाई सोध्न मन लाग्यो, शान्तिप्रिय देशका नागरिक तिमीहरु त हौ ? तिमीहरु नयाँ नेपालको नाममा पुरानो नेपालभन्दा खत्तम पो पार्दैछौ कि ?)

# म्वार गाउँ

– माधव चौधरी

म्वार गाउँ
उत्खनन् हुइना बाँकी
कैयौ बीस बट्कोहीक
भग्नाबशेष ।

भौतिक संरचनक् संकेत
चिरैन्क ग्वारा अस लिपी
मुर्त आकृतिक टुक्रा

जहाँर टहाँर छेत्राईल ईटा ओ पठ्रा
यी सक्कु भेटाई सेक्जैठा–अदृष्य रुपम
बटकोही ख्वाज ओ बुझ्म सेकुइयन ।

कौन प्रकृतिक बटकोही निहो यहाँ ?
कौन बिषयक बटकोही निहो यहाँ ?
कौनो बर्ग ओ उमेर बाँकी निहो
संयोगान्त या बियोगान्त कसिन बटकोही
चहना हो ?
अन्वेषक्क रोजाई ओ खोजाईम भर परी
कौन रसक बटकोही भेटैना ।

दिनक् तीन चौथाई समय
जिम्दरोक अह्राईल मन्टी–मन्टी
तीन चौथाई आयु कटैलक
खन्ल्हा ओ मन्ल्हक् बटकोही
ठाँहा निहो मही अटैंठा कि नाहीं
एक्कठो उपन्यास या महाकाव्यम ।
गुर्वा बैडावक् बिर्वा पैटी पैटी
गर्रे ओहर जाईक् लाग बिदा मङ्लक हुकन
सांसारिक यात्राक शुरुम जो
दद्रा ओ हेग्नीले रघेट गैलक अबोध हुकन
ठाँहा निहो मही न्याय हुइठा कि नाही
एक्कठो शोक काव्यम सिम्वाट बेर ।

स्कुलीक जगसे ढुरसम पस्ना मिलैलसे फे
नत्याह बर्डिवा बनाए बाध्य बब्लन्क
बटकोही
बब्लक् उघर्लक जग्घक तीन भागक दुई
भाग उव्जनी
जिम्दरोक बखारीम ढर बाध्य नत्यनक
बटकोही
कौनो क्रान्तिकारी किताव भेटाई निसेक्जाइट
काजे कि उ ट उत्खनन् हुइना बाँकीए बा ।

कर्रा बेराम जन्नीह घरम छोर्क
भर्वा बोक्ख जिम्दरेनह
लैहेरसम पठाए जाईबेरिक बिरह
चाउरक कुठ्ली ओ कोक्नीक अँट्वा
तीन मैन्हाम खाली हुईबेरिक बैराग
ठाँहा निहो मही आम्हिन सम
कौन चाहि गीत ब्वालल बा ।

माटीमा डबल यसहे कैयौ बीस बटकोही बा
तह तह बन्क भग्नाबशेषम
झ्न पाछ झ्न बुझ्म कर्रा हुईटी सुस्त सुस्त
उत्खनन्क बट्या हेर्टि पुरातत्व
चिच्या–चिच्या बलैटी साहित्यिक
पुरातत्वविद हुकन
बाहर अइना सपना डेख्टी रहल बटकोही

म्वार गाउँ
उत्खनन हुइना बाँकी
कयौ बीस बट्कोहीक
भग्नाबशेष ।

(कविताको सारः म्वार (मेरो) गाउँ उत्खनन हुन बाँकी बीसौं कथाको भग्नावशेष हो । जुनसुकै प्रकृति, बिषय, उमेर समूह, वर्गको कथा यहाँ पाइनेछ । एउटै उपन्यास या महाकाव्यमा अटाउने छैन यहाँको कथा । कस्तो कथा रोज्ने, खोज्ने अन्वेषकहरुमा भर पर्नेछ ।)

## मै थारू पह्र निजन्ठु

– मानबहादुर पन्ना

मै थारू भाषा पह्र निजन्ठु,
मै थारू बाट बत्वाइ निजन्ठु,
मै थारू गीतबाँस निजन्ठु,
मै थारू संस्कृति निजन्ठु,
कहुइया मनै ढिउर बाट ।

छोटीसे नेपाली पहर्नु,
छोटीसे अङ्ग्रेजी पहर्नु,
मै ट सहरम बैठ्नु,

अहारी पहारी साथी संगी,
झिलिर-मिलीर रङी चङगी,
वातावरणम बैठ्नु,
मै ट थारू भाषा पढ़ निजन्ठु,
मै ट थारू बाट बत्वाइ निजन्ठु,
कहुइया मैन ढिउर बाट ।

बोली भाषा धरम संस्कृतिम
ढ्यार गौरव रहठ ।
खोज्लसे आपन भाषा संस्कृतिम
गरिमा ज्ञान रहठ ।
ओहमार बचाइक लाग थारूलोग
शिक्षित हुइना बडा बात निहो,
चेतनशील हुई सिखो,
मै थारू भाषाम लिख निजन्ठु,
मै थारू गीतम नाच निजन्ठु,
मै थारू संस्कृतिम रमाइ निजन्ठु,
मै थारू बात बट्कोही नैजन्ठु,
कहुइया मनै ढिउर बाट ।

ऊ पङ्तिम टु पर्ठो कि मै,
ऊ वर्गम टु पर्ठो कि बर्का डाडु,
ऊ दर्जाम टु पर्ठो कि बरघरान काका,
ऊ सोचम टु पर्ठो कि सन्ली भौजी,
ऊ बहानाम टु पर्ठो कि विद्यार्थी भैयाबाबु,
ऊ डगरम टु पर्ठो कि कर्मचारी,
यी बातक निर्णय कर्ना जिम्मा
स्वयम् टुहार हो ।

मै त एक्ठो कवि हुइटु,
मै आपन भाषाह मैया मन्ना कवि ।
मै जान ना जान थारू भाषाम लिख्ठु,
मै जान ना जान थारू गीत गैठु,
ना मै भारी लेखक हुइटु,
ना मै भारी गीतकार, संगीतकार हुइटु ।
ओह फेन कभु-कभु गीत कविता लिख्ठु,
छोक्रा मन्द्रा बजाइ जन्ल बाटु,
सख्या नाचम नच्ना, पैया लगाइ जन्ल बाटु,
घुमैरा, मुर्घी लर्वा, चाउर केरैना, परेवा
घुर्कना
पैया फे लगाइ जन्ल बाटु ।
मै गुरुवासक आछट पाटी ह्यार ट निजन्ठु,
लेहेङ्गा सट्की घाल्ख
थारू नाच, नाच जन्ल बाटु,
ओहमार,
आफन भाषा आफन गीडक बहुत मैया
लागठ,
बात बट्कोही फेन रसगर ओ मैगर लागठ ।

म्वार फेन टुहार असक
आहारी पहारी सङ्घरेन बाट,
मै फेन स्कुलीम नेपाली, अङ्ग्रेजी पहर्नु,
मै फेन सहरम बैठ्ख क्याम्पस पहर्नु,
तर,
मै कब्बु थारू भाषा पढ़ निजन्ठु,
मै थारू भाषाम लिख निजन्ठु,
मै थारू भाषाम गाए निजन्ठु,
मै थारू भाषा संस्कृति निजन्ठु,
कैख बहाना निबनैनु,
रकपप डान्सम रमैना चाहना निबनैनु,
ओहमार,
मै अरजी करटु,
टु फे आफन भाषाम रमाऊ,
देश डुवार डुन्या संसारम नाउँ कमाऊ,
रविन्द्रनाथ टैगोर फेन ट
बंगाली भाषाम कविता लिख्ल,
कालीदास संस्कृतम काव्य लिख्ल,
टु फेन ट थारू भाषाम
कविता, काव्य लिख सेक्बो,
भाषा भित्तरके मैगर गुन ज्ञान
गरिमा सिख सेक्बो ।

मै थारू भाषा पढ़ निजन्ठु,
मै थारू भाषा ब्वाल निजन्ठु,
कहुइया मनै ढ्यार बाट ।

(कविता सारः म त शहरमै बसें, हुर्के । मै थारू भाषा पढ्ह निजन्ठु (मलाई थारु भाषा पढ्न आउँदैन) भन्ने थारु धेरै छन् । म एक थारु कवि, थारु भाषालाई माया गर्छु । तिमी पनि रविन्द्रनाथ टैगोरझैं मातृभाषालाई माया गर, आफ्नो भाषामा रमाउन सिक ।)

# लौव नेपाल

– प्रसादु थारू

हम्र कहिया कली उ भूमि हमार केल हो ।
हम्र कहिया कली उ जल, जंगल हमार केल हो ।
हम्र कहिया कली थरुहट हमार केल हो ।
हम्र कहिया कली संघीयता, स्वायत्तता हमार केल हो ।
हम्र नै कल हुई टुन्हक घर उजार डेप,
हम्र नै कल हुई टुन्हक अधिकार लैलेप,
हम्र कहिया कली थरुहट हमार केल हो ।
हम्र कहिया कली टुहन ओस्टक करप, जस्टक टुह्र करैलो,
हम्र कहिया कली टुन्हक रकट पस्ना चुसव जस्टक टुह्र चुस्लो,
स्वाभाविक हो कुहिनहन जस्टक पिट्ल रबोट मारी कना डर रना,
मने जिन डराओ,
हमन पत्ता बा अधिकार गुमाक जियवेर कसिन लागट,
हमार ताजा बा, उ टुन्हक डह्वाइल दिल,
हमन पत्ता बा अस्तित्व गुमैलक पीडा,
हमार ताजै बा जग्गा गुमैलक सुर्टा,
उहमार जिन डराओ,
म्वार बाबा टुहिन हजुर कल, अभिन फे कटी रहही
टुहार घरह महल कली म्वार डाई, कटी रहही
टुहार छाई छावन्, मैया रज्वा कली, कटी रहही
लेकिन कान खोल्क सुनो,
टुहिन फे हजुर क बदला हजुर डिहक परी म्वार बाबाह,
अंग्री अङ्ग्याक टँ नाई
म्वार घरह फे मन्दिर कहक परी बुझ्रा नाई,
म्वार लर्कन् फे राजा कहक परी, पिलरु नाई,
असीक बराबरीम संघीय नेपाल बनैना कि ?
असीक बराबरीम लौव नेपाल बनैना कि ??

(कविताको सारः हामीले थरुहट हाम्रो मात्र भनेका छैनौं । कसैको अधिकार छिन्छौ पनि भनेका छैनौं । मात्र हामीले स्वाभिमान, आफ्नो भागको अधिकार खोजेका छौं । हजुर सम्बोधनको बदला हजुर नै खोजेका छौं । यसरी बराबरी माया साटेर लौव (नयाँ) नेपाल बनाउने कि ?)

# मुअल थारू हुइटुँ

– राजकुमार कान्छा

आओ रै आँधी–बौखा आओ !
आओ ओ लैजाओ यी डगर
आओ रै उछट्री लडिया खोल्ह्वा आओ
खिट्खोरो अँगना, सलहो गाउँ पुहाओ ।
न डिह्वम डेख्बो ढ्याला
न बेन्होम डेख्बो झाला
न सुन लागट यी गाउँ
गवँलेन बिसरा डर्ल आब
छोरी डर्ल हो ! फोरीडर्ल ब्याला ।
भूइह्याँर सहेरुइया मटावाँ
गाउँ सहेरुइयन गरढुर्यन
डिउहा पनुइया जन्यावन
का सिख्ही छैली छैलन्
टै...! थारून्क आब ब्याला गैलन् ।
डेशबन्ढ्या बनिगैल परदेशु
घरगुरुवा चलिगैल वनबासु

केसौका मुरुण्डा होख लाठी हिलैठ
गुरुवा बनिगैल हो ! जन पिपासु ॥
बाज्या छोर्ल पगिया ओ भेग्वा
बुडी छोर्ली ठोस्या ओ ठेठ्वा
डाई छोर्ली फोबन्हा, गोन्या ओ चोल्या ।
बाबा छोर्ल हर–ह्याँगा ओ खेट्वा ॥
विल्डिङ बनल अङ्नम कसिक फरी सिल्टुङ
सक्कु बनिगैल बरा, पलहीं कहाँ मुर्गी–चिङ्ना
रगरग बहरीम पटोह्या कहिया बह्हीं पिल्टुङ ?
जलजलेक ग्वान ओ गेंगटा
घोँघी छोर्क काजने काका डेख्ठ ।
खोङ्घ्या, हेल्का ओ टापी
बटैंयाँ जाल हेर्ख रुइना दिन
गुइँटा ओ भुटुङ्नि भ्रुवार
चरङ्ग्वक खेंरेक भुठ्यावन
सक्कु–सक्कु ट हेरागिल जे ।
छुच्छ होगिल हो हमार गाउँ
बुँच्च होगिल जन्यावन
नङ्ट हुइल गरढुर्यन ।
ससरार जाइबेर नहङ्ना टाँटी
चुर्या, माला भिमल्या टँगैना सिहुँर
सक्कु फाँकिडर्ल, फाँरिडर्ल ।
टै.... फुर !
बिना सुहावन, सुन गाउँ
मन लग्लगैठा आब
मै यी सब कहाँ पाऊँ
मुअल थारू हुइटु मै, साँस केल चल्ठा
फुर ! आओ ए छेम्हेन, आ रै चिल्हा
एक्क फपट मारो ओ मही लैजाओ
जहाँ थारू जिट्टी बट,
जहाँ थारू मरिमेट्टी बट ।
(कविताको सारः मुअल थारू हुइटुँ (मरेको थारू हुँ) मेरो, सास मात्रै चल्छ । गाउँका संरक्षक गुरुवा पनि परदेशिए । पुर्खाले पनि आफ्नो पोशाक बिर्सिए । महल बन्यो खेतबारीमा, तै पनि गाउँ सुनसान छ । ए चील मलाई त्यहाँ लैजा, जहाँका थारू जिउँदैछन् ।)

• कविता

# एकपल

– पिताम्वरा 'पियूष'

खोजीमा छु ।
मात्र एक पलको ।
अमक धवक गङ्गाजलजस्तो
शीतको थोपा निर्मल जस्तो ।
त्यो पलजसमा
आशा र अपेक्षा छैन
स्वार्थ र क्षणको रङ्ग छैन
आँसुको ताप र रगतको राप छैन
अनि निस्वास, उच्छवास र सराप छैन
हिजो पनि खोजिमा थिए
आज पनि खोजिमा नै छु
संभवतः भोलि पनि खोजिमै रहने छु ।
त्यही एक पलको
अमृत पलको अनि जीवन्त पलको
ए ! नयाँ वर्ष आएछ
के त्यसले त्यो पावन पल ल्याएको छ
ल्याएको भए नयाँ बर्षको जय होस
यो विश्व सारा निर्भय होस्
प्रत्येक प्राणीमा, त्यो पल
त्यो एक पल व्याप्त्तहोस
अनि सम्पूर्ण धरामा
अनन्त आनन्द व्याप्त्त होस् ।

• कविता

# 'नयाँ ब्राण्ड एम्बेसडर'हरूले सोचेका छन् यस्तो कहिले

– पुन्य गौतम "विश्वास"

केवल नयाँ को खोजिमा दौडिएपछि आँखा
परित्यक्त भएका छन् सबै पुराना चीजहरु
पुरानो दर्शन र सिद्धान्त । पुरानो सम्वन्ध । पुरानो इतिहास
पुरानो हतियार । पुरानो आत्मीयता । पुरानो घर
पुरानो जीवन शैली । पुरानो संघर्ष । पुरानो बाटो
यी समस्त कुराहरु मानौ लाशहरु हुन् मशानघाट पुर्‍याईएका
नयाँ नेपालका "ब्राण्ड एम्वेसडर"हरुको निम्ती ।
चिन्तनको जरामा डलर र यूरोको युरीया हालेपछि
नयाँ हाइब्रिड संस्कृति कस्तो मौलाएको ?
नयाँ कुवामा भ्याकुताझैं उफ्रिरहेछन् मोर्डेड क्रान्तिकारीहरु
नयाँ विचार । नयाँ संस्कार । नयाँ पोसाक । नयाँ महल
नयाँ कार । नयाँ साथी । नयाँ रक्सी । नयाँ स्वाद । नयाँ प्रेम
यही नयाँ संसारको घोप्टेभीरमा ठोक्किएर
धूजा-धूजा भएको छ क्रान्तिको हवाईजहाज ।
झोसिएको छ धोकाको आगो छाप्रोहरुले भरिभराउ पुरानो बस्तीमा ।
गरिएको छ घोर शत्रुता पुरातात्वीक विशेषतायुक्त क्यूरीयो सामाग्रीहरुसँग
च्यातिएका छन् प्रिय मान्छेका पुराना प्रेमपत्रहरु
मिल्काइएका छन् जतनले राखिएका गतिला पुराना पुस्तकहरु ।
झर्कोलाग्दो भएको छ पुरानो सदाबहार सङ्गीतको सिम्फोनी,
चिन्न अस्विकार गरिएका छन् निस्वार्थ पुराना सेल्टर दाताहरुलाई
तेर्सिएका छन् धारे हातहरु पुराना दुःखी गाउँहरु विरुद्ध ।
लाग्छ, दिमागी कम्पूटरको हाईडिक्सबाट
फोसील्स, झैं, पुराना यादका सबै फाइलहरु
डिलीट गर्न चाहन्छन् उनीहरु ।
(पुरानो विरुद्ध जाइलाग्न, झन पुरानोसँग हातेमालो गरेको
हाँस्यास्पद दृश्य पनि देख्न पाइन्छ यहाँ ।)
महादेवको श्वैरकल्पनामा बाँच्ने
पुरानो अस्तित्वका सहांरकर्ता
अर्थात् ती नयाँ सन्देशवाहकहरुले सोचेका छन् कहिल्यै ?
उनीहरु पनि अब बूढा र पुराना हुँदैछन् छिट्टै
उनीहरुलाई प्राणीको रुपमा बँचाउने
धरती ! प्रकृति पनि करोडौं वर्ष पुरानो हो
र उनीहरुलाई जन्माउने आमा पनि
वर्षौ देखी बाँचीरहेकी पुरानो नारी हुन । ●

# भ्रम

– विष्णु भण्डारी

कैद गर्न चाहेँ नानीहरूमा
खुसीहरूको अतुल सागर
सजाउन चाहेँ मञ्जेरीमा
सुकुमारी ओठहरूमा छलछलाउने
असीम रहर
तर ती गुनकेसरीका कुसुमकलिकाहरू
बोकेर निर्वन्ध चखेवाहरूको रङ्गीन पङ्ख
उन्मुक्त सागरका अनन्त छालहरूमा लहरिए
र टाढा भागे ।

कैयौँ पटक
लुकाएर कलेजोको भित्रकतै
चढाउँदा पनि ब्रह्माण्डमा भेटिएजतिका
सारा प्राप्ति
ऊ भाग्न चाह्यो
भत्काएर सुन्दर हवेलीको देदीप्यमान संसार
ऊ उड्न चाह्यो
तर पनि उड्न दिइन मैले
घुम्न चाह्यो स्वतन्त्र
बाँच्न चाह्यो सर्वत्र
तर पनि सधैँ सधैँ मैले
बनाउन चाहेँ केवल आफ्नो ।

मैले चाहेँ नुहाएर शीतका थोपाहरूले
मेरै फुलवारीमा फुलोस् ऊ
पछ्याउँदै मेरै पदचापहरू
लहसिएर मेरै तीक्ष्ण नयनहरूमा
सधैँ मेरै छेउँ
मेरै चाहना र वासनाका अतृप्त भोकहरूमा
मिलोस् ऊ
तर ऊ सधैँ सधैँ
लत्याएर सुनका दरबारहरू भागिरह्यो ।
किन बाँच्न चाहन्न ऊ अट्टालीमा ?

घुमेर हृदयको अलौकिक पुष्पमञ्जरी
चुमेर सृष्टिको सुन्दर कला
किन बस्न चाहन्न ऊ मनभित्रको विशद्
ब्रह्माण्डमा ?

भत्काएर मभित्रको तृष्णाको भोक
के ऊ चुम्न चाहन्छ स्वतन्त्रताको सृष्टिसौरभ ?
लत्याएर राजसी ठाँट
तोडेर सुनको किल्ला
के ऊ कावा खान चाहन्छ
अनन्त ब्रह्माण्डमा ?

सायद बाँचेको छु म भ्रममा
नियन्ता हुन सक्दैन कोही पनि ब्रह्माण्डको
मेरो भन्नु हुँदैन केही पनि सिवाय आफू
र आफ्नो भन्नु हुँदैन केही पनि सिवाय भ्रम ।●

# गीत

– छविरमण सिलवाल

समय हो चक्र सरी घुम्छ ऋतु सरी,
जिन्दगी नै ओझेल पर्‍यो कस्तो रै'छ भारी ।

मायामोह बस्याँ रै'छ, कस्तो बस्यो प्रित,
मन हाम्रो टाढा थियो आजपर्‍यो प्रित ।

लौन अब हामी अगल अलग बाँच्न नसकिने,
हेर्दा हेर्दै अध्यारो भो जीवन यो सकिने ।

हातखुट्टाचाउरी परे भयो जीर्ण शरीर,
मन नै हो कस्तो कुरा माया लाग्छ हजूर ।

समय हो चक्र सरी घुम्छ ऋतु सारी,
जीन्दगी नै ओझेल पर्‍यो कस्तो रै'छ भारी ।

# खोलभित्रको सत्य

– सत्यम नेपाली

यहाँ  प्रत्येक पल जीवनको
लुटाएर सामाजिक परिवेशबाट
सङ्घर्षशील जीवन बाँचिरा'छु
गधाको खोल झैं
एउटा असत्यको खोल ओढेर
यथार्थ आफ्नो खोल भित्रै छोडेर ।

जब महसुस हुँदा वास्तविकता
आफूभित्रको
झस्किन्छ मुटु नराम्ररी
जीवन कहालीलाग्दो जंगलमा छिरेझैं
जहाँ आत्माहरू बुझ्न सक्दैनन् मेरो भावलाई
जिन्दगी हिँडिरहेछ सँगाल्दै झेल्दै यिनै अभावलाई
मन लाग्छ,
चिच्याउन आफ्नो वास्तविकता खोल्दै
हरेक कण कणमा प्रतिध्वनित हुनेगरी
बुझाउनु छ समानलाई
देन हो यो प्रकृतिको
जस अगाडि तिमी लाचार छौ
पर्ख, उज्यालो हुँदैछ भोलि
नयाँ बिहानी आउने गरी
उसको न्यानोपन हामीमा पनि छाउने गरी
हेर, बादलहरू फाट्दैछन आकारमा जतातत
सूर्यको किरण हाम्रो आङमा पर्छ, पर्छ
हाम्रो फरक पहिचान र अस्तित्व
अब खुलेआम देख्छ समाजले
हाम्रो भावनाको कदर गर्छ, गर्छ
यो भविष्यवाणी होइन
भविष्यको सत्यवाणी
किनकी सत्य लुक्दैन खोलभित्र
छर्लङ्ग देखिनुपर्छ सत्य
यसको विशेषता नै यही । •

# मन भित्र बत्ती

– अच्युत रिजाल

गर्मी र जाडो अनि घामपानी
माटो र माया मिली जिन्दगानी
फूटयो भने बन्न गयो खरानी
रहन्छ खालि जगमा कहानी
१
उद्धेश्य राम्रो लिन जान्नु पर्छ
सत्पात्रमा क्यै दिन जान्नु पर्छ
ईर्ष्या लिई छटपटिनु हुँदैन
आनन्द जस्तो अरू केही छैन
२
सन्तोषले ज्यून सके मनुष्य
संसारमा बन्दछ त्यो अवश्य
सुयोग्य आनन्दी र भाग्यशाली
यै हो जगत जीवनको प्रणाली
३
र आजैबाट पीर गर्न छाड
मर्नु अघि नै अब मर्न छाड
म भन्छु तिम्रो हित निम्ति यति
चम्काऊ आफ्नो मन भित्र बत्ती
४

# निरीह आमा

– लोकहरि पाण्डेय 'क्षितिज'

निःसन्तान, निर्लज्ज अनि निरिहतामा
एउटा अदभूत नृशंसताले
ग्रस्त भएकी बुढीआमा
आफ्ना निस्तेज पाइलाहरू लम्काउँदै थिईन्
लाग्यो, उनको मुखाकृति हेर्दा
आक्रोश, भय, त्रास अनि निराशाका
बाढीहरू प्रवाहित थिए
प्रत्येक प्रश्नमा उनी
नाजवाफ, निःशब्द र अनुत्तरित थिइन्
उनको जीवनकालमै
नाजीवाद र फाँसीवाद भित्रिए
जसबाट विश्वयुद्ध चर्कियो
तर आमा पहाड झैं अविचलित रहिन्
अलौकिक सौम्यतामा दर्जनौं छोराहरू
जलाइन्
प्रत्येक छोराहरूकोचुडाकर्म पनि गर्न नपाउँदै
आफ्नो पति गुमाइन्
ती दर्जनौं छोराहरू बिच पनि
यस्पारिवारिक कलह जन्मियो
अंशबण्डामा युद्ध चर्कियो
जसबाट छोराहरू मृत्युको शिकार बने
आज आमामा चेतना छैन
उनको बैधव्य रूप अझै कारूणिक बन्दै छ
स्वेत वस्त्रहरू कलेटी छन्
त्यो पारिवारिक कलहले
सबै छोराहरू चिहान बने
महामानव, साहित्यकार, विद्वान, विदुषी
अनि दार्शनिक र महापण्डितहरू
एवम् दर्जनौं बुद्धहरूले
एकाएक देहत्याग गरे
केश पाकिसकेको, गाला चाउरिएको अनि
आँखीभूँई फुलेको
एउटा जीर्ण शरिर बोकेर
अतितका विकारहरू खोक्दै
वर्तमानमा,
पीडा, तिरस्कार, द्वन्द्व, उथलपुथल
अनि विरोधाभाषका विरक्तिहरू ओकल्दै
छिन्
छोराहरूको रक्तपातीय कुण्डमा
आधा शरिर डुबाएर
आहतग्रस्त जीवन बाँच्दैछिन्
केवल मरणासन्न बनेर र
कुनै एउटा छोराले
पानी पिलाउँछ कि भनेर
अनि आफ्नो मृत्युमा
काजक्रिया गरिदेला कि भनेर ?

●

## गजल

– युवराज सुवेदी

**ऊ मलाई दयावान भन्दै थियो**
**देखाएर भगवान भन्दै थियो ।।**

**पिएर भट्टीमा मदिरा उसले**
**हृदय मेरो जलवान भन्दै थियो ।।**

**सम्झाको थिएँ उसलाई मैले**
**धन्य मेरो भाग्यवान भन्दै थियो ।।**

**पढेको रहेछ सानो अतित मेरो**
**सन्देश त्यो ज्ञानवान भन्दै थियो ।।**

**समाज परिवर्तन र विजयका लागि**
**कलम नै बलवान भन्दै थियो ।।**

वालिङ–५, स्याङ्जा

· slj tf

# हारजित

– घनबहादुर थापा

साना साना घरटहरा, बस्ती सुकुम्बासी
दिन आजै बिग्रिएछ, आए हुकुमबासी
सरकारी डोजरले, टहरा नै उखेल्दियो
लालाबाला रुन थाले, बसोबासै खेदिदियो ।

गर्ल्याम्मै बस्ती ढले, त्यहीँमाथि पानी पर्‍यो
मानवीय आतङ्कमाथि, प्रकृतिले पीडा थप्यो
जाने ठाउँ कहीं छैन, रुखको फेद्मै रात वित्यो
नियतिको खेलमा हरे, कसले हार्‍यो कसले जित्यो ?

खान पनि समस्या छ, औषधीको कुरै टाढा
स्कुल जाने लालाबाला, रुँदै छन् कठैवरा !
घरविहीन भए पछि, छाती पनि दुख्दो रै'छ
सहयोगको रोटी पनि, कति मिठो हुँदो रै'छ !
घर ढल्नु पानी पर्नु, सुनामीकै अर्को रूप
एकमाथि चोट् पर्दा अर्को पक्ष किन चुप ?
गासबास टुङ्गो छैन, हुनसम्मै विचल्ली भो
पिछडिएको जीवनमा, नियतिले पनि ठग्यो ।

सरकारले ठिकै गर्‍यो, एकथरिको मत आयो
अर्को ठाउँमा सार्ने भन्दा, स्थानीयको विरोध भयो
फुटबल बन्ने सुकुम्बासी, लात्ती हान्ने हुकुमबासी
अत्तालिए बालबालिका, रात दिनकै रुवाबासी ।

जता गए उतै हुन्छ, अन्याय दुःखी माथि
कस्को जित कस्को हार, अहिले नै भन साथी
बनाउन कति कठिन, भत्काउन एक्कै क्षण
कस्ले हार्‍यो कस्ले जित्यो, भनिदेउ नेता गण । ✦

## गजल

– मुक्तिप्रसाद भण्डारी

बतिसै गुण युक्त भा'की नानी भेट्न गाह्रो
तिर्सनाले मुख खुल्दा पानी भेटन गाह्रो ।।

कोइली भनी भुक्याएर काग आउँदैछन्
वनको पीडा गाउने उनकी रानी भेट्न गाह्रो ।।

म हुँ भन्ने भावनाले छोप्यो सबैलाई
त्यसैले त तिमी अनि हामी भेटन गाह्रो ।।

पश्चिमेली वायु चल्दा टोपी उडाएछ
त्यसैले त नेपाली निसानी भेटन गाह्रो ।।

भाषणैले हो की जस्तो पार्छन् नेताहरू
कुरा जस्तै काम गर्ने बानी भेट्न गाह्रो ।।

– पकवादी–३, स्याङ्जा

# मान्छे र साढे

–प्रेम वली

हे सृष्टीकर्ता
तिमीले मान्छेलाई
साढे बनाएका हौ कि
साढेलाई मान्छे
मलाई त साच्चै
मान्छे र साढे
छुट्टाउन गाह्रो भो
किन भने
मान्छेलाई हे–यो
साढ साढे लाग्छ
फेरी साढेलाई हेर्यो
मान्छे मान्छे लाग्छ
यसो हेर्दा
उस्तै उस्तै लाग्छ
किनभने
मान्छेलाई अब
के मान्छेकै डरछ
के साढेकै डर छ
साढेलाई पनि
के मान्छेकै डर छ
के साढेकै डर छ।
गहिरेर हेर्यो भने छाडा
के मन्छे देखिन्छ
के साढे नै देखिन्छ
बाटोघाटो पनि
के साढेबाटै छेकिन्छ
के मान्छेबाटै छेकिन्छ
अर्काको बालीनालीमा
के साढले देख्छ
के मान्छेले टेक्छ
मान्छ साढेमा
मान्छेले साढे सानो देख्छ
साढेले मान्छे सानो देख्छ
त्यसैले
दुईटैको नाम एउटै हो कि
एउटैको नाम दुईटा हो
मेरो कलम सधैं
अलमलिदै  लेख्छ।


नागरिक लगानी कोषद्वारा सञ्चालित निम्न कार्यक्रमहरुमा
आजै सहभागी भई भविष्यको लागि बचत गरौं।

**कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष, २०५९ मा सहभागी भई बचत गर्दा पाइने फाइदाहरु**

- वार्षिक ७.५ प्रतिशत ब्याजदर पाइने,
- बचत सुरु गरेको दुई वर्षपछि बचत रकमको ८० प्रतिशत सापटी वार्षिक ९ प्रतिशत ब्याजदरमा लिन पाइने,
- सहुलियत ब्याजदर १०.५० मा आवास कर्जा पाइने,
- तलबको एकतिहाइ रकममा आयकर छुट सुविधा पाइने,
- तलबको ५ देखि ३३ प्रतिशतसम्म कट्टी गर्न पाइने,
- सेवाबाट अवकाश पछि एकमुष्ठ रकम पाइने,
- जुनसुकै बैंकका शाखा मार्फत् रकम जम्मा गर्न सकिने
- ब्यालेन्स सर्टीफिकेट लिन सकिने
- स्वीकृत अवकाश कोषमा सहभागीहरुको रु. १ लाख सम्मको दुर्घटना बीमाको व्यवस्था भएको

*आजैदेखि सहभागी भई भविष्यको लागि बचत गर्ने बानी बसालौं।*

**नागरिक एकांक योजना, २०५२, खरिद गर्दा पाइने फाइदाहरु**

- सुरक्षित बचत, आकर्षक ब्याजदरमा लगानी गर्ने सुनौलो अवसर
- अत्याधिक तरलताको सुविधा भएको
- वार्षिक ९ प्रतिशत ब्याज पाइने
- जुनसुकै समयमा पनि खरिद तथा बिक्री गर्न ना.ल.कोषबाटै गर्न सकिने
- बचतको प्रमाणपत्र पाइने,
- ब्यालेन्स सर्टीफिकेट लिन सकिने

**नागरिक लगानी कोष**
नयाँ बानेश्वर, काठमाडौं, पोष्ट बक्स नं. ५८२३,
फोन नं. : ०१-४७८५३१९, ४७८५३२१, ४७८५३२५, ४७८४२९८,
फ्याक्स : ०१-४७८५३२०
ई-मेल : ci@htp.com.np, वेभसाइट : www.nlk.org.np

नेपाल र नेपालीको समुन्नत
भविष्य निर्माणको जिम्मा
हामी नेपालीकै हो ।
त्यसैले हामीमा भएको अपार
क्षमताको सदुपयोग गरौं ।

नेपाल सरकार

**सूचना तथा सञ्चार मन्त्रालय**

सूचना विभाग

# सुन्दर मनले सजिएको 'मखमली दरबार'

- रामकुमार पण्डित क्षेत्री




नेपाली गीति क्षेत्रमा वसन्तराज अज्ञात सबैसँग परिचित नाम नै हो । 'सपना सजाएर आँखाभरि' (२०६३) गीतिसङ्ग्रहबाट पाठकका मनमन्दिरमा बसिसकेका वसन्त 'जनआन्दोलन घाइते सम्मान' (२०६३) द्वारा सम्मानित स्रष्टा पनि हुन् । उनका सुन्दर मनले सजाएको 'मखमली दरबार' गीतिसङ्ग्रह २०६९ मङ्सिरबाट पाठकको हातमा आइसकेको छ ।

आवरण पृष्ठ बाहेक ८० पृष्ठ सङ्ख्या रहेको प्रस्तुत पुस्तकमा ७२ वटा गीत (केही गजल)हरू रहेका छन् । यी मध्ये प्राक्कथन-सौन्दर्य भनेर मनका सुन्दर-सुन्दर भावहरू उनले अग्र भागमा राखेका छन् । जुन भावहरू पाठकको मनभित्रसम्म पस्न सफल देखिन्छन् । उनको एक टुक्रा भनाई साँच्चै लोभलाग्दो छ, हेरौँ- "साँचो अर्थमा जीवन जिउन जान्दा साँच्चै सुन्दर छ- मगमगाउँदो कोमल फूलजस्तै । सबैले आँखामा सजाउने, मनमा लुकाउने जस्तै । कहिलेकाहीँ दृष्टिभ्रम भइदिन्छ– फूल सम्झी छोयो काउछो पर्न जान्छ । फूल पनि काँडाजस्तै भइदिन सक्छ, घोच्न सक्छ, बिझाउन सक्छ । फूलकै अर्थमा फूलले त अरू अरूलाई मोहित पार्नु हो, नजिक्याउनु हो, मीठो, न्यानो र नरम स्पर्श दिनु हो"(पृ.३) ।

गीतकार वसन्त वर्तमानमा रमाउन चाहन्छन्, भोलिको उज्यालो दिनको अपेक्षामा : "वास्तवमा म वर्तमान बाँचेको मान्छे । वर्तमान सन्तोषजनक बन्न सके पुग्यो । तैपनि किन म सफलताका भऱ्याङ चढ्न राम्ररी सकिरहेको छैन ? प्रश्न आफैमाथि छ । उत्तर आफै भित्र छ । निक्कै भित्र छ ... । जिन्दगीमा अनेक उतारचढावहरू छन्, विवशता र बाध्यता छन् । सत्य-असत्यको मझेरीमा बाँचेको छ जीवन । आखिर कुन चाहिँ सही हो जीवन ? उचित जवाफको खोजीमा छु ।" (पृ.३)

उनकै भनाइ अझ साभार गर्नुपर्दा- "मैले सत्य लेख्ने प्रयत्न गरेको छु । मन र मस्तिष्कले लेखेको छु । बस यत्ति हो, यात्रा नटुटे कुनै न कुनै दिन कसो सफल नभइएला घ देखिएका सपना एकैचोटि पूरा हुन्छन् भन्ने छैन । यही सम्झन्छु । सपना पूरा गर्दै जाने क्रमकै अर्को उपलब्धि हो यो कृति पनि ।" -पृ. ६ ।

उनको अर्को हरफ पनि निकै लोभलाग्दो छ- "

यसै गरी उनी भन्छन्- "

हो, उनी सत्य मनले गीत लेख्ने सपना देख्दछन् । बिस्तारै-बिस्तारै पाठकले पढ्दै गएपछि उनी, उनीहरूकै मनमन्दिरमा सफल देखिन चाहन्छन् । बस्, एकभन्दा अर्को राम्रो,

अर्को भन्दा झन् अर्को राम्रो, उनका गीतहरू कालजयी छन् । एउटा पढ्न सुरु गरेपछि अर्को पढ्न मन लाग्छ । अर्को पढेपछि फेरि अर्को । अको-अर्को गर्दागर्दै सिङ्गो किताब सकिएको पत्तै हुन्न । यो उनको सफलताको सूचक हो । ७२ वटा गीतमध्ये १६ वटा गीतहरू राष्ट्रिय भावनाले ओतप्रोत भएका छन् । ती मध्ये केही त सङ्गीतबद्ध भई रेकर्ड भएर श्रोतामाझ आइसकेका पनि छन् । एउटा राष्ट्रिय भावको गीत हेरौँ :

अन्तिम युद्ध लडौँ अब जित हाम्रै हुन्छ
काँतर भई भाग्यौं भने इतिहास रुन्छ । (पृ.११)

यस्तै अर्को राष्ट्रिय भावको गीत :
हुन्न रैछ देशजस्तो प्यारो प्यारो अर्को
आफ्नो धर्ती, आफ्नो माटो
आफ्नै मुटु जस्तो (पृ.१०)

लयमा बाँधिएर रहेका सातवटा गजलहरू छन् । ती गजल पनि मन छुने खालका छन् । हेरौँ ती गजलका केही शेरहरू :

धेरै पछि पिएँ आज झम्म लाग्यो
खाल्टाखुल्टी भए पनि सम्म लाग्यो (पृ.३४)
०००
शून्यताको दैलो खोली तिमीसम्म आएँ
भोग्नुपर्ने रैछ जीवन बल्ल थाहा पाएँ (पृ.६८)
०००
चियाएर नहेर है झ्यालबाट घरी घरी
बेइमानी समाजले कुरा काट्लान् नानाथरी (पृ.६९)

कतै उनी प्रेमगीत लेख्दछन् । कतै राष्ट्रिय गीत । कतै अन्तर्मनको कल्पनाका गीत । कतै बाध्यताले परदेश हिँड्नुपरेका कुराहरू लेख्दछन् । हेरौँ यो अर्को एउटा :

निठुरी म होइन आमा ! समयले यस्तै गरायो
गाउँघरलाई सम्झिए नि परदेशले कैदी बनायो (पृ.२०)

प्रेममा युगल आवाजहरू पनि सुनिन्छन् । वर्तमानका प्रेमीहरूको आवाज पनि गुन्जिन्छन् । भर्खर माया गर्ने मनको आवाज पनि आएको छ । माया बसेर मायालु रिसाउँदा विचलित भएको मन पनि सुनिन्छ । कतै बिछोडका पीडा बग्दछन् । हेरौँ, केही झुल्का :

ऋतुजस्तै बदलिने मेरो चाहा छैन
तिमी मेरी, मात्र मेरी, अरू थाहा छैन (पृ.७१)

माया गर्छु भन्नेले, बाचा कसम खानेले
अति साह्रै रुवायो, ज्यानै सुकायो
घात गरी मलाई एक्लो बनायो (पृ.५५)

यस पुस्तकको न्वारान गराउने गीत पृष्ठ ४० मा रहेको छ । जसको दुई हरफ यस प्रकार छ :

किन माया मारिआयौ- मखमली दरबार
गाह्रो पर्ला, साह्रो पर्ला- झुपडीको घरबार । ...

बूँद राना, प्रकाश सायमी, धीरेन्द्र प्रेमर्षी, गीता त्रिपाठीजस्ता सिद्धहस्त साहित्यकारहरूले सफल ठहऱ्याएको यस मखमली दरबारको प्रकाशक नेपाली वाङ्मय परिषद्, काठमाडौँ नेपाल हो । शुद्धाशुद्धि (मुद्रा राक्षस)प्रति अत्यन्त सजगता अपनाइएको यस पुस्तकको आवरण गीतकार स्वयम्ले बनाएका हुन् । हेर्दाहेर्दै आँखा त टट्टायो तर मन अघाएन भने जस्ता गीतहरूको कारण तोकिएको साधारण मूल्य रू.१११।- कमै लाग्दछ । समग्रमा सुन्दर मनले सजिएको यो पुस्तक पठनीय तथा सङ्ग्रहणीय छ ।

# ‘भोकासुर’ माथि पाठकीय अभिमत

– पुष्करराज भट्ट

साहित्यकार हरि खनाल मुरलीभञ्ज्याङ-६, धादिङमा घनानाथ खनाल एवम् चन्द्रकुमारी खनालका सुपुत्रका रूपमा जन्मेका हुन् । उनले नेपाली बालसाहित्यका क्षेत्रमा मौलिक पहिचान बनाईसकेका छन् । उनको कुशलता हास्यव्यङ्ग्य लेखनका क्षेत्रमा पनि छ । विभिन्न साहित्यिक संस्थामा संलग्न भएका खनाल प्रशासनिक सेवामा कार्यरत छन् । खनालको हालसालै भोकासुर (हास्यव्यङ्ग्य, २०७०) कृति प्रकाशित भएको पाइन्छ । यस लेखमा भोकासुर कृतिका आधारमा उनका हास्यव्यङ्ग्य लेखनका बारेमा चर्चा गरिएको छ ।

भोकासुर एउटा बिम्ब हो । समाजका अन्याय, अत्याचार, भ्रष्टाचार एवम् गलत काम कारवाही गर्ने प्रवृतिको समग्र रूप भोकासुर हो । लेखकले वर्तमान समयको राजनैतिक भ्रष्टतालाई भोकासुरका माध्यमबाट व्यक्त गरेका छन् । यसरी नै चोरपाटी जिन्दावाद, सत्ताको चक्कर, नातावाद, भातमारा, अष्टदल नाच, संसदको अपमान, झण्डा, डण्डा र धन्दा, ढुकुटी लगायतका रचनामा राजनीति र त्यससँग सम्बन्धित विकृति विसङ्गतिको भण्डाफोर गरिएको छ। उनका रचनामा राजनीतिमा पद पाउन जे पनि गर्ने प्रवृत्तिको उछितो काठिएको छ। जताततै नातावाद सिर्जना गरेर योग्य एवम् सक्षम नागरिकलाई हेला गर्ने प्रवृत्तिप्रति छेड हानिएको छ। राजनीतिमा एकाधिकार जमाउने क्रियाकलापलाई देखाइएको छ । राष्ट्रिय झन्डा र पोशाकको अपमान गर्ने, विदेशीको दलाली गर्ने, राजनीतिमा डनवाद सिर्जना गर्ने र गुण्डातन्त्र कायम गर्ने क्रियाकलापले नेपाली राजनीतिमा विकृति आएको छ । राष्ट्रका समस्या भन्दा पनि आफ्नो पेट भर्ने फटाहा नेतावर्गका कारण समाजमा नराम्रो असर परेको छ। देश दिनदिनै तल जाँदै छ र जनताको भविष्य अझ कष्टकर हुँदै गएको वर्तमान समयको त्रासद परिवेशको चित्रण गर्नमा उनका हास्यव्यङ्ग्य रचना सफल छन्।

समाजमा गलत कार्य दिनानुदिन बढिरहेका छन् । सामाजिक सरोकार भन्दा पनि ‘मै खाउँ मै लाउँ, अरू सब मरून दुर्बलहरू’ भन्ने चिन्तन फष्टाएको छ । म भन्दा नोटै ठूलो, जुँगा, विदेश, भोज, बिजुलीपानी, अर्न्तवार्ता, दरको डर, सपना, मुक्तकको भट्टी, खल्ती खलास, कलम जोगाउने काइदा, मानवअधिकार लगायतका रचनामा सामाजिक जीवनमा देखा परेका गलत चिन्तन एवम् क्रियाकलापप्रति प्रहार गरिएको छ । हाम्रो समाजमा जसरी पनि पैसा कमाउनु पर्छ भन्ने सोच हावी भएको छ । मानिसमा अहंकार एवम् स्वार्थमुखी चरित्र विकास भएको छ । भोजभतेरका नाममा पैसामुखी क्रियाकलाप, जाँडरक्सीको अत्यधिक सेवन गर्ने कार्य बढेको छ । समाजमा ठगी कार्य बढेको छ । बेइमानी गर्नेले पनि मानवअधिकारको कुरा गरेको छ । समाजमा रहेका यावत खाले निम्नपुँजीवादी चिन्तन एवम् क्रियाकलापले समाजलाई अग्रगति होइन, दुर्गतिमा लगेको कुराप्रति हास्यव्यङ्ग्यका माध्यमबाट छेड हानिएको छ ।

गीत-संगीत एवम् फिल्मले हाम्रो सांस्कृतिक जीवनसँग सम्बन्धित विषयलाई प्रतिनिधित्व गर्दछन् । गीतको धीत, पुरस्कार, काइदा र फाइदा रचनामा गीत संगीत एवम् फिल्म क्षेत्रका घटना आएका छन् । आफ्नो मौलिकता भन्दा विदेशी छाडा गीतको

नक्कल गर्ने प्रवृत्ति बढेको छ । पुरस्कारका नाममा विकृति बढेको छ । त्यसरी नै फिल्म क्षेत्रमा पनि नक्कल गर्ने र छाडापना प्रस्तुत गर्ने क्रियाकलाप बढेको छ । खनालले आफ्ना रचनामा यी र यस्ता क्रियाकलापप्रति हास्यव्यङ्ग्यका माध्यमबाट प्रहार गरेको पाइन्छ ।

हरि खनालका हास्यव्यङ्ग्य रचनामा प्रशासन एवम् शिक्षा क्षेत्रसँग सम्बन्धित क्रियाकलाप पनि आएका छन् र उनका यस कृतिमा रहेका बुझि गुरू, ढाँटको खेती, स्कुलको धन्दा रचनामा शिक्षा क्षेत्रसँग सम्बन्धित विकृत परिवेश प्रति हास्यव्यङ्ग्य प्रस्तुत गरिएको छ भने हाकिम साब जिन्दावाद रचनामा प्रशासनिक क्षेत्रका गतिविधिलाई विषय बनाइएको छ । यौनाचारमा लिप्त हुने गुरूवर्ग, झुटको खेती गर्ने गुरूवर्गका साथै आर्थिक लाभका लागि जे पनि गर्ने गुरूवर्गको कार्य शिक्षा क्षेत्रसँग सम्बन्धित रचनामा पाइन्छ । नेपालको शैक्षिक क्षेत्रको जिम्मा लिएका व्यक्तिहरूको गलत कार्यले समाजमा विकृति फैलिने भएकोले त्यस्ता कार्यप्रति प्रहार गरिएको छ । प्रशासन क्षेत्रमा कार्यरत व्यक्तिले आफ्नो पदको आडमा गलत कार्य गर्ने गरेको, भ्रष्ट एवम् अनैतिक क्रियाकलाप गर्ने गरेको कुरा हाकिम साब जिन्दावाद रचनामा आएको छ ।

हरि खनालका हास्यव्यङ्ग्य रचनाको स्रोत हाम्रो समाज, राजनीति, संस्कृति, शिक्षा एवम् प्रशासन क्षेत्र हो । उनका रचनामा समाजका यावत विकृति विसङ्गतिप्रति प्रहार पाइन्छ । उनी नेपाली समाजमा विकृति विसङ्गतिको अन्त्य चाहन्छन् । त्यसैले समाजका विकृत परिवेश प्रति आक्रमक बन्दै त्यसप्रति हाँसो गर्दै व्यङ्ग्य समेत प्रहार गर्दछन् । भाषिक रूपमा सचेतना अपनाउने हो भने उनको लेखन खारिँदै जाने निश्चित छ । हास्यव्यङ्ग्यका नाममा जताततै प्रहार गर्ने र मूल ठाउँलाई छोडेर गौण ठाउँलाई जोर दिने हो भने लेखनले सार्थकता पाउँदैन । त्यसैले विकृतिको मूल केन्द्र के हो र त्यस केन्द्रमाथि कसरी प्रहार गर्नुपर्छ भन्ने कुरामा हेक्का राख्नैपर्ने हुन्छ । कतैकतै देखिएको हल्का एवम् सतही प्रस्तुतिलाई हटाउने हो भने उनको लेखनले सार्थकता पाउँदै जाने देखिन्छ । ●

## गजल
**– मिलन समीर**

**विदेशमा दुःख पाउँदा रोयो परदेशी**
**स्वदेशको याद आउँदा रोयो परदेशी ॥**

**जता जान्छ उतै देख्छु स्वार्थी मान्छेहरू**
**आफन्तीलाई खोज्दै धाउँदा रोयो परदेशी ॥**

**गुम्सिएर बस्नुपर्दा सुनको पिँजडामा**
**उन्मुक्तिको गीत गाउँदा रोयो परदेशी ॥**

**मुटुभित्र मात्रै होइन आँखा वरिपरि**
**स्वदेशको मुहार छाउँदा रोयो परदेशी ॥**

**बाल्यकालका संगीसाथी लुकामारी खेल्ने**
**परिवेशको झल्को लाउँदा रोयो परदेशी ॥**

**रगत भनि पसिनाको खोला बगाउन**
**आफ्नै जिन्दगीलाई दाउँदा रोयो परदेशी ॥**

# ६0औं अङ्क पढेपछि

– नारायण धिताल

सम्पादकज्यू,

तपाईंद्वारा सम्पादित साहित्यिक पत्रिका 'नवप्रज्ञापन' प्रकाशारम्भको २० औं वसन्तको स्वर्णीम अवसरमा यसको ६०औं अङ्कलाई बालसाहित्य विशेषाङ्कको रूपमा प्रकाशन गर्नुभएकोमा सर्वप्रथम पत्रिका परिवारलाई हार्दिक बधाइ तथा शुभकामना । दुई दशकसम्मको लामो यात्रामा यस पत्रिकाले कयौं साहित्यकारहरू जन्मायो र हुर्कायो । यस पत्रिकाभित्र कयौं साहित्यकार लेखकहरूका मनभित्रका उकुसमुकुसहरूले स्थान पायो । कयौंका मनभित्रका पीडाहरू छापिए भने अनेकौंका उन्मादका उकाली ओरालीहरू विराजमान भए । यस पत्रिकाले कयौं कविलाई बाहिर ल्यायो । कैयौं गजलकारलाई बाहिर ल्यायो, कयौं कथाकारलाई बाहिर ल्यायो । कयौं समीक्षकलाई बाहिर ल्यायो । यतिमात्र नभई साहित्यको सम्बन्ध बालसाहित्यसँग पनि हुने हुनाले यसले कयौं बालबालिकाहरूका पवित्र मथिङ्गलबाट टुसाएका भावनाहरू बाहिर ल्याउन सहयोग गऱ्यो । १३७ स्रष्टाहरुका बालसाहित्य वा बालसाहित्य सम्बन्धी रचनाहरु समेटिएको ४६४+४ पृष्ठको यस पत्रिकाले नेपाली साहित्यलाई लगाएको गुण कहिल्यै विर्सन सकिंदैन । म पत्रिका परिवार लगायत सम्पादकज्यूको यस्तो प्रयासको सम्मान गर्दछु । यस किसिमको विशेषांकहरु समय-समयमा निकाल्ने कार्य निरन्तर रहोस् भन्ने माग पनि गर्दछु । एउटा भाषा प्रेमीको नाताले यो माग अघि सार्नु मेरो हक पनि हो ।

पत्रिकाको ६०औं अङ्कको रचनाक्रममा इतिहास, अनुभूति, लेख, खोजी, समालोचना, नाटक, गीत, गजल, विविध तथा कथाविधाहरूले स्थान पाएका छन् । यस अङ्कको इतिहास विधामा विजय चालिसेको नेपाली बालनाटक : सङ्क्षिप्त अध्ययन , तेजप्रकास श्रेष्ठको नेपाली बालकथाको विकासक्रम ,प्रमोद प्रधानको नेपाली बालकविताको विकासक्रमको सङ्क्षिप्त रूपरेखा र नवराज रिजालको नेपाली बालउपन्यासको उद्भव शीर्षकका लेखहरू प्रकाशित छन् । यी चारवटै रचनाहरूमा शीर्षक अनुसारका प्रारम्भ तथा विकासक्रमदेखि हालसम्मका प्रकाशित कृतिहरू सन्दर्भ सामग्रीसहित छन् ।

बालसाहित्य विशेषाङ्कको अनुभुति विधामा नेपाली भाषा साहित्यमा लोकसाहित्यको प्राध्यापन र अनुसन्धान गर्दै आउनुभएका भाषाशास्त्री प्रा. डा. चूडामडि बन्धुसँग यशु श्रेष्ठले गर्नुभएको कुराकानीको सारसङ्क्षेप प्रस्तुत गरिएको छ । यसको तेस्रो खण्डमा लेखहरू समावेश गरिएका छन् । जसका शीर्षकहरू विजय कसजुको नेपाली बालसाहित्यको अवस्था हाँक र अवसर, शान्तादास मानन्धरको पठन सीप र पढ्ने वानीको कसरी विकास हुन्छ ?, महेश पौड्याल प्रारम्भको बालसाहित्यको विकासक्रम : केही पश्चिमेली सन्दर्भहरू, डा. ध्रुवकुमार घिमिरेको बालवाङ्मयका विधागत सर्वेक्षणको आलोकमा नेपाली बालसाहित्य लेखन र स्थानीय सन्दर्भ, अमृत

योञ्जन तामाङको तामाङ बालसाहित्य : स्थिति र सम्भावना, मोहनबहादुर कायस्थको बालक, बालसाहित्य र बालसाहित्यकार, छायादत्त न्यौपाने बगरको बालसाहित्यको परिचय र नेपाली परम्परा र सञ्जय शाह मित्रको बज्जिका बालसाहित्य : एक चर्चा जस्ता लेखहरू छन् ।

चौथो खण्डमा खोजी शीर्षकका रचनाहरू समावेश छन् । यसमा बालसाहित्यको अञ्चलगत खोजी गरिएको छ। त्यस क्रममा प्रेम प्रभातले मेचीको, विवश पोखरेलले कोशीको, यादेवी ढकालले सगरमाथाको, माधव सयपत्रीले जनकपुरको, अनन्तप्रसाद वाग्लेले वागमतीको, रमेशमोहन अधिकारीले नारायणीको, डा. अच्युतशरण अर्यालले गण्डकीको, प्रा.डा. कपिलदेव लामिछानेले लुम्विनीको, भक्त कार्कीले धौलागिरीको, डा. मधुसुदन गिरीले भेरीको, के.बि. सिम्पलले कर्णालीको, सूर्य बि. सी. ले रापतीको र प्रकाश शर्माले सुदूर पश्चिम अर्थात सेती तथा महाकाली अञ्चलको बालसाहित्यको समग्र इतिहास प्रस्तुत गरेका छन् ।

पाचौं खण्डमा समालोचना छ । यसमा समेटिएका समालोचकहरूका समालोचना र रचनाहरू यसप्रकार छन् । प्रा. राजेन्द्र सुवेदीको नेपाली बालसाहित्य क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटाको योगदान, डा. शैलेन्दु प्रकाश नेपालको माधव घिमिरेको बालसाहित्यः एकसरो चर्चा, डा. जीवेन्द्रदेव गिरीको नेपाली बालसाहित्यमा रमेश विकल, प्रा गोपीकृष्ण शर्माको बालसाहित्यकार कृष्णप्रसाद पराजुली, गुरुप्रसाद पोखरेलको बालसाहित्यकार जनक प्रसाद हुमागाईं, बाबुराम लम्सालको बालसाहित्यका साधक दैवज्ञराज न्यौपाने, लक्ष्मी उप्रेतीको बालसाहित्यकार देवकुमारी थापा, प्रभा भट्टराई आचार्यको बहुमुखी व्यक्तित्व शारदा अधिकारी (ढकाल), रमेश शुभेच्छुको बालकाव्यकार विश्वम्भर चञ्चल, राममणी पोखरेलको बालसाहित्यका साधक श्याम प्रसाद, धनराज भट्टराईको बालसाहित्यकार विजय चालिसे, अमरकुमार प्रधानको तेजप्रकाश श्रेष्ठको बालसाहित्य, शान्ता अजनवीको नेपाली बालसाहित्यमा प्रमोद प्रधान, राजश्री गौतमको कपिल लामिछानेको बालकथागत प्रवृत्तिहरू, प्रभात सापकोटाको नेपाली बालसाहित्यमा शन्तादास मानन्धर, मिलन समिरको नेपाली बालसाहित्यका महत्वपूर्ण व्यक्ति देवीप्रसाद वनबासी, नीलकमलको बालसाहित्यमा शारदारमण नेपाल, शान्तिकुमारी दाहालको नेपाली बालसाहित्यमा ध्रुव घिमिरे, प्रा. डा. रामचन्द्र लम्सालको नेपाली बालसाहित्यको आराधनामा हरि खनालको साधना, ध्रुवराज गौतमको बालसाहित्यको फूलवारीमा मेरो सानो साथी, पुष्करराज भट्टको नवराज रिजालका बालआख्यानका पात्रहरू र यशु श्रेष्ठको नेपाली बालसाहित्यमा शास्वत पराजुली ।

नाटक खण्डमा श्यामदास वैष्णवको धेरैको नापो, विमल भौकाजीको झण्डा र कृष्ण शाह यात्रीको प्रेमाको जन्मदिन छन । त्यसपछि कविता खण्डमा कविशिरोमणी लेखनाथ पौड्याल ,महाकवि स्व. लक्ष्मीप्रसाद देवकोटा , राष्ट्कवि माधव घिमिरे लगाएतका वरिष्ठ कविहरूदेखि वर्तमान पुस्तासम्मका बालकविताका कृतिहरू प्रकाशित गराईसकेका कविहरूका उत्कृष्ट बालकविताहरू प्रकाशित छन् ।

कुवेर गर्तौलाको झुटो बोलेको सहन नसक्दा , मित्रलाल पङ्ञानीको निबन्ध खानेकुरा र गोपाल पराजुलीको ऐतिहासिक उपन्यासकार डायमण्ड शमशेर राणाको जीवनी प्रस्तुत गरिएको छ। अन्तिमको कथा खण्डमा रमेश विकल , परशु प्रधान , माया ठकुरी ,जनकप्रसाद हुमागाई ,देवकुमारी थापा जस्ता सुप्रसिद्ध कथाकारहरूका कथाहरूदेखि

वर्तमान पुस्तासम्मका कथाहरू समावेश गरिएका छन् ।

साहित्यका धेरै विधाहरू समेट्न सफल प्रस्तुत बालसाहित्य विशेषाङ्क नेपाली बालसाहित्यमा रुचि लिई अध्ययन गर्न चाहने जिज्ञाशु पाठक अध्येताहरूलाई गतिलो खुराक हुन सकेको त छँदै छ त्यसमाथि नेपाली साहित्यको अनुसन्धाता, अन्वेषक र इतिहासकारहरूको लागि पनि भविष्यको पथ प्रदर्शकको रूपमा छ। बालसाहित्य सम्बन्धि विविध सन्दर्भहरू प्रस्तुत गरी यस अङ्कले आफूलाई उँचतातिर लम्कने मार्ग तय गर्न सकेको छ। नेपाली बालसाहित्यको विगत र वर्तमानको अवस्था स्पष्ट रूपमा किटान गरी भविष्यमा तय गर्न सकिने मार्गलाई सहज बनाउन यस अङ्क सफल देखिन्छ।

पत्रिकाले नेपाली साहित्यको संरक्षण , संवर्द्धन र विकासको लागि चालेको पाइला सराहनीय छ। यसले समय समयमा विभिन्न विशेषाङ्क प्रकाशित गरीसकेको छ । त्यसै क्रमको पछिल्लो कडी बालसाहित्य विशेषाङ्क हो । प्रेस काउन्सिल नेपालबाट राट्रियस्तरको क श्रेणीमा वर्गीकृत यस पत्रिकाले गरेको यस्तो कार्यलाई भविष्यमा पनि निरन्तरता दिन सकेको खण्डमा नेपाली साहित्यको श्रीवृद्धिमा निश्चय नै सघाउ पुग्ने थियो भन्ने आशा गर्दछु ।

हिड्ने गोरुको पुच्छर निमोठ्ने नेपाली परम्परा अनुसार प्रत्येक नेपाली जसले राम्रो काम गर्छ उसलाई अझ राम्रो काम गर्नको लागि प्रोत्साहित गर्ने र देखेको बाटो बताउने बानी अनुरूप नवप्रज्ञापनलाई नेपाली बालसाहित्यको क्षेत्रमा गर्न बाँकी कामहरू देखाउनु पत्रिकाको शुभचिन्तक एवम् पाठकको नाताले आँट गरेर यो लेख लेख्दैछु । यस अनुरोधलाई सकारात्मक रूपमा लिइदिन आग्रह गर्दछु ।

समय र सन्दर्भले मानिसको जीवनमा क्षण क्षणमै परिवर्तन ल्याउँछ । परिवर्तित जीवनले चाहेका उम्मेदहरू पूरा नहुँदा मानिसमा वितृष्णा पैदा हुन्छ। अन्ततोगत्वा त्यसको प्रभाव राष्ट्रिय विकासमा पर्दछ । यसप्रकार एउटा व्यक्तिको व्यक्तिगत जीवनमा आएको परिवर्तनले अन्त्यमा राष्ट्रिय विकासमा प्रभाव पार्ने यथार्थलाई मध्यनजर गरी नवप्रज्ञापनले प्रत्येक नेपाली बालबालिकाहरूका लागि सकारात्मक सोचको विकास गरी आशावादी जीवन जिउने कला सिकाइ राष्ट्रिय विकासमा टेवा पुर्‍याउनको लागि निम्न कार्यहरू गर्नु बाञ्छनीय देखिन्छ । जसलाई चिठीको ढाँचामा यसप्रकार प्रस्तुत गर्न चाहन्छु ।

– प्यारो नवप्रज्ञापन तिमी नेपाली भूमिमा जन्मिएको पनि २१ वर्ष भैसकेछ । अस्ति भर्खर जन्मेको जस्तो लाग्थ्यो आज २१ वर्षे तन्नेरी भैसकेछौ। तिमीलाई तन्नेरी उमेरको शुभकामना ।

– तिमीलाई थाहा नै होला तन्नेरी अवस्था तातो, रातो,उर्वर रगतको अवस्था हो । यस अवस्थामा सबैले जीवनका उत्तरार्धसम्मका लागि दीगो रहने कार्यको शुभारम्भ गर्छन् । लाउँलाउँ खाउँखाउँ भन्ने उमेर, केही नयाँ काम गरौँ भन्ने उमेर, बलियो उमेर, शारीरिक ,मानसिक दुवै स्थितिमा पूर्णता प्राप्त उमेर, अरूले पनि आफूबाट विभिन्न शीर्षकमा आशा र अपेक्षा गर्ने उमेर भएका कारणले तिमीबाट पनि मेरो केही अपेक्षाहरू छन् जुन काम तिमीले गरेको खण्डमा नयाँ कार्यको शुभारम्भ हुने कुरा निर्विवाद छ ।

– भनिन्छ, बालक मानिसको पिता हो। बाल्यावस्थाका हरेक चरित्रले जीवनको उत्तरार्धसम्म पनि प्रभाव पारिरहेको हुन्छ । यसकारण पनि बाल्यावस्था सुनौलो विहानी

जस्तै स्वर्णीम हुनु जरुरी छ। बाल्यावस्थलाई स्वर्णिम र रमणीय बनाउन बालक गर्भमा रहँदा शिशुको आमाले गरेका हरेक मानसिक र शारीरिक क्रियाकलापले प्रत्यक्ष्य प्रभाव पार्दछ। यसर्थ बालसाहित्यले जन्मिसकेका शिक्षित बालबालिकाका लागि मात्र नभई आमाको पेटमा  बसेका तर जन्मिन बाँकी बालबालिकाहरूका लागि पनि केही गर। मातृशिशुसाहित्य मार्फत शिक्षित अशिक्षित आमाहरूको गर्भमा रहेको बालकलाई समेत सकारात्मक बनाउनेतिर सोच।

– बालबालिकाहरू आर्थिक अभाव ,पारिवारिक अशिक्षा , भौगोलिक विकटता , राजनीतिक दाउपेच , पुरातन संस्कृति तथा अन्य विविध कारणले शिक्षाको उज्यालो घामबाट बञ्चित छन् । उनीहरूको रुचि, क्षमता, चाहना र आवश्यकतालाई मध्यनजर गरी चित्रात्मक बालकथाको आवश्यकता पनि छ। जसबाट चित्र आफै बोल्छ भन्ने जानी बालबालिकाहरू आनन्दित होउन् ।

– नाटक अभिनयात्मक विधा हो । नाटकको चुरो, गुदी वा मिठास र भाव राम्ररी ग्रहण गर्न अभिनय मात्र एक विकल्प हो । नाटक पढेर ग्रहण गरिने साहित्यिक बिधा होइन। जति आनन्द कविता, कथाको पठनपछि प्राप्त हन्छ त्यति आनन्द नाटकबाट हुदैन। यस्ता अनेकन कारणले गर्दा नाटक लेखनभन्दा पनि मंञ्चनलाई बढी प्राथमिकता दिनुपर्ने आवश्यकता टड्कारो देखिन्छ । नवप्रज्ञापनले अबको साहित्य अशिक्षित, गरिव, अपाङ्ग, पिछडिएकाहरूका लागि सिडीमा पो तयार गर्न सक्छ की ?

– बालकविता, बालगीत र गजल बालबालिकाको स्वच्छन्द मनको र छिपेर रहेका प्रतिभाको उजागर गर्ने अर्को एक महत्वपूर्ण विधा हो । बालगीतसँग बालनृत्यको अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ। त्यस्तै कविता गजल पनि नृत्यसँग सम्बन्ध राख्ने हुनु वाञ्छनिय ठहर्छ। अबको बालगीत, बालगजल र बालकविताले नेपाल बोल्ने भाव बोकोस भन्ने चाहन्छु।

– अन्त्यमा साहित्य किताबका पानामा मात्र लेखिन्छन् भन्ने पुरातन विचारबाट माथि उठि साहित्य हरेक क्षेत्र , विषय र शीर्षकबाट प्रस्तुत गर्न सकिन्छ जसबाट हरेक व्यक्ति लाभान्वित हुन्छन् भन्ने अग्रगामी विचारलाई अघि सारी नवप्रज्ञापनले सोही अनुसारको कार्य गरोस् भन्ने सुझाव पस्कन्छु।

श्री महेशधर्म उच्च मा. वि.
जीवनपुर, धादिङ

## गजल

– गोविन्द ढकाल 'ढुङ्गेली'

देखाएको भन्दा फरक भए पर्दा भित्र
स्वाभिमान बेचेर'नी गए पर्दा भित्र।

परेवालाई आँगनीमा चारो देखाएझैं
देखाएर षडयन्त्रको तय पर्दा भित्र।

कोकोहोलो जतातत्तै आतंकले च्याप्दा
ह्विस्की सितै संगीतको लय पर्दा भित्र।

उपद्रो नै किन नहोस मच्चाएर यहाँ
स्वाट्ट छिरे हुन्छ अब जय पर्दा भित्र।